मुकुन्द इन्दिरा

बालकृष्ण सम

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

मुकुन्द इन्दिरा

बालकृष्ण सम

प्रकाशक : साझा प्रकाशन

संस्करण : पन्ध्रौं (२०४८) ३१०० प्रति
सोह्रौं (सा. प्र. बाट नवौं)

संवत् : २०४९ (दश हजारप्रति)

मूल्य : रू. २८।– मात्र

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुल्चोक, ललितपुर

प्रथम संस्करणको

प्रस्तावना

श्रव्यकाव्यमा कहिले कहिले अथवा अर्काबाट सुन्दा मीठो बोली र
मधुर लयको भाग आइपर्दछ, दृश्यकाव्यमा भने पात्रहरूको
उत्तरदायित्व कवि या नाटककारको भन्दा कम
गाह्रो हुँदैन । दिन आउला– मेरो कमजोर
कलमले कुनै हनुमान् जस्ता पात्रको
हातमा परेर गदाको काम देला
(यो फ्याँकिएन भने) ।

–बालकृष्ण सम

पात्रहरू

पुरुष

रूपनारायण श्रेष्ठ	–	पाटनका एक साहू
मुकुन्दलाल श्रेष्ठ	–	रूपनारायणको छोरा
भवदेव उपाध्याय	–	रूपनारायणको मित्र
बूढा	–	अर्को साहू
बिमान	–	रूपनारायणको नोकर
पुनाचा	–	भवदेवको नोकर
रमेशदास यूसूफ अब्दुल हुसेन मिस्टर ज्याक्सन	–	मुकुन्दका कलकत्ते साथीहरू

स्कूल-मास्टर

छात्रवर्ग, हात हेर्ने, नाऊ, रमेशदासको नेपाली नोकर, भरियाहरू, ब्राह्मणहरू, डोलेहरू, कुल्लीहरू र अरू ।

स्त्री

धनमती देवी	–	रूपनारायणकी स्वास्नी
इन्दिरा देवी	–	मुकुन्दलालकी स्वास्नी
राजामती	–	बूढाकी स्वास्नी
अखतरी ज्यान	–	एक मसहूर गायिका

भरिनीहरू इत्यादि ।

दृश्य– पाटन, काठमाडौं, कलकत्ता ।

॥ श्री ॥

मुकुन्द इन्दिरा

प्रथम अङ्क

दृश्य १– पाटन, मध्यान्हमा । रूपनारायणको सुत्ने कोठा ।

भित्तामा टाँगिएका तस्वीरहरू– ध्रुवनारायण, कमला (लक्ष्मी); सरस्वती इत्यादि र ठूलो अक्षरले यो श्लोक लेखिएको एउटा कागतमा–

राम राम रमा राम राम राम रमा रमा ॥
रमा राम रमा राम रमा राम रमा रमा ॥१॥

अलि तल शीशीहरू राखेको सानो तखता । त्यसमाथिर अग्लो बिछ्यौनामा भित्तामा ठड्याएको बालिस्टमा अडेस लाएर सिरकले घुटमुंडु भई आँखा–नाक–मुख मात्र देखाएर ओठले डिग्री च्यापी रूपनारायण बसिरहेका ।

उनको सिरानमा (ढोकातिर होइन) जपमाला र पुरानो बृहत्सोम-रत्नाकर, सिरानमनि अगिल्तिर एउटा कन्तुर, लट्ठी, दुई अंगुल मैला बाँकी रहेको सामदान, खुट्टामन्तिर करुवा र फिकदानी ।

अगिल्तिर ओछ्याएको रङ्ग उडिसकेको मखमली मसैजामाथि छरिएका धेरै किताबको बीचमा जेबघडी हेरी भवदेव बसिरहेका ।

(एक मिनेटपछि)

रूपनारायण– अँ ?

भवदेव– पुग्यो ।

रूप– (डिग्री झिकी हेरिसकेर भवदेवलाई दिँदै)
हेर्नोस्, फेरि उही उनान्सय; फेरि उत्ति ।

भवदेव– (डिग्री हेरी) मेरो आँखाले आजकाल चश्मा मागेजस्तो छ । हो, अझ उनान्सयको धर्कालाई पनि अलिकति छोएको छैन । (डिग्री पखालेर खोलमा राख्दै) ज्वर त रहेनछ, तपाईं उसै अताल्लिनुहुन्छ, ज्वरसित डराएर ज्वर झिक्नुहुन्छ ।

रूप– उनान्सय ज्वरै होइन ? सहानुभूति गर्नोस्न ।

भव– होइन, यति त कसैको साधारण हुन्छ । यो उनान्सय मलाई पूरा वर्ष दिन आयो; हाम्रो ग्वाँजे, चिन्नुहुन्छ, हो, उनलाई उनान्सय ठेक्का नै छ । हाम्रा साहिंला बाको छोरालाई उही उनान्सय, कति औषधि खुवाए– माछाको तेलमा त उल्लाई माछो बनाएर डुबाए, सुवर्ण-मालती-वसन्तको त उसले फागू खेल्यो– ज्वर तेलले चिल्लो भयो, धूलोले फुस्रो भयो; तर केही गरेर धपिएन, आखिर दुई वर्षपछि आफैं हरायो । कसैलाई त अलिकति रिस उठ्यो, अलिकति दिक्क भयो कि बस । ज्वर पनि त चाहिंदो मात्रामा चाहिन्छ, चाहिंदो मात्रामा त विष औषधि हुन्छ, औषधि नचाहिंदो मात्रामा विष बन्छ । हो, नातागती भयोभने, जीउ दुब्लाउँदै गयोभने अथवा विचार...

रूप– (सिरक पन्छाएर फूर्तिसित उच्च स्वरमा)
म दुब्लो छैन ? तपाईंको फुकालेर झुण्ड्याएको लुगामा पनि यत्तिको खुम्चा त किमार्थ परोइन । हरे । हेर्नोस्, मेरो भोटोको ह्वार्लाई बाहुला देखेर बूढा बा भन्ये नि सर्पको काँचुलीभित्र कनसुत्लो पसेजस्तो ।

(विमानको प्रवेश)

किन आइस् ?

विमान– बोलाउनुभएजस्तो लाग्यो–

रूप– होइन, जा । (विमान निस्कन्छ)
यसको कान अलि बाक्लो छ ।

भव– त्यसैले त अरूले नसुनेको कुरा पनि सुनेको ।

रूप– 'किमार्थ' भनेको 'विमान' सुन्यो होला ।

भव- त दुब्लाएर केही हुँदैन तागत भएसम्म ।

रूप- तागत ? कुनै दिन मेरो नसा-नसामा तागत हुँदोहो, त्यो पनि उहिल्यै बिर्सिसकें ।

भव- तपाईंको नसाको तागत बहिरोलाई बोलाउने स्वरभित्र लुक्न पुगेछ, अहिले त्यो खुट्टामा गएको भए पनि तपाईं जुरुक्क उठ्नुहुन्थ्यो ।

रूप- ओहो, के भन्नुभएको । अहिले उठेंभने- जुरुक्क उठेंभने मेरो प्रतीतिमा यो शरीर धरहराजत्तिकै अग्लो हुन्छ, त्यहाँ माथि झ्यालबाट टुँडिखेल जति टाढा देखिन्छ, मेरो आँखा यो भूईंलाई त्यत्तिकै टाढा देखेर कहालिन लाग्दछ अनि मानसिक भूईंचालो जान थालिहाल्दछ, त्यसैले यो ढल्ने धरहरालाई गुँडुल्केर नबसी सुखै छैन ।

भव- तपाईंको सिरकभित्र त काँचो आँप राखिदिए पनि एकै दिनमा पाक्दछ । यसरी गुम्सी एकै ठाउँमा बसिरहेर जुरुक्क उठ्ता त हात्तीलाई पनि रिङटा लाग्छ ।

रूप- होइन, होइन, तपाईंलाई ठट्टा छ, मलाई त अर्कै कुराको शंका छ- भन्छन् नि, के हो नाम पनि लिन मन लाग्दैन त्यही- थाक्सिस् ।

भव- क्षय ? हा : !

रूप- उफ् । यो शूलले पनि आधा मासु पारिसक्यो, मेरो पेटको भित्र के त छ, नत्र यसरी मानिस चलेजस्तै कैले कता कैले कता हावा खान किन हिंड्थ्यो । उ: पछिल्तिर ढोडनसामा पुगेर पल्टनबाजी खान लाग्यो; यस्तो त शत्रुलाई पनि नपरोस् । फेरि कस्तो गजब छ- शूल उठ्नेबित्तिकै रौंका टुप्पा-टुप्पासम्म पनि दुख्न पुग्दछ ।

भव- माफ गर्नोस्, त्यस बेला यहाँले काटेर, फुकालेर फालिसकेका नङ, रौं, दाँतलाई समेत शूल भइरहँदो हो, हामी पो चाल पाउँदैनौं ।

रूप- मलाई होइन, मेरो रोगलाई गिज्याउनोस्, त्यो यसरी लाज मानोस् कि तपाईंको नाम लिएर फुक्नेबित्तिकै जमुचण्डालको

नामले पीनासको दोहलो भएजस्तै होस् ।

भव– यो सब लाछी अजीर्णको प्रभाव हो ।

रूप– यी: यसरी बस्ता-बस्तै पनि घुमाउँछ, तपाईं भने क्षयको नाममा उजुरै सुन्नुहुन्न ।

भव– धैर्यको क्षय र शंकाको वृद्धि मात्र हो । रिङटा क्षयले मात्र लाग्दैन वृद्धिले पनि लाग्दछ, जवानीको पाँच कोस र अहिलेको पाँच कदमलाई थकाइले जोड्नोस्, एकै-एकै हुन आउला । डर कुनै रोगको औषधि होइन, डर आफैं रोग हो ।

रूप– तपाईं त्यसो भन्नुहुन्छ, हेलचेक्र्याईंबाट बचाएर पथपरहेज गर्न कर लाउने डर नै होइन र ?

भव– होइन, त्यो त बुद्धिचाल हो ।

रूप– उसो भए डर किन लाग्छ त ?

भव– कमजोरी र पापले ।

रूप– के रुद्राणी जगज्जननी कालीसित पनि नडराऊँ ?

भव– पापीमात्र कालीसित डराउँछ, धर्मात्मा त उनलाई भक्तियुक्त प्रेम गर्दछ, बघिनीसित डमरु जस्तै उनीसित खेल्दछ ।

रूप– कालसित पनि नडराऊँ ?

भव– किन ? काल दुश्मन हो भने उसको सामना गर्नुपर्दछ, उसलाई जित्नुपर्दछ, दार्शनिक हतियारले उसको सैन्य डरको ध्वस्त गर्नुसिवाय उसलाई जित्ने अरू उपाय छैन ।

रूप– साँच्ची भन्नोस्, के तपाईंलाई डरै लाग्दैन ?

भव– लाग्दछ ।

रूप– कोसित ?

भव– डरसित ।

रूप– केको डर ?

भव– यहाँ जति नीच कर्म छन्, तिनको सतहमा डरको विषादि जलप लागेको हुन्छ, तसर्थ खराब वस्तु जतिसुकै लोभ्याउने होस्, तापनि भयलाई छोइएला भन्ने भयले म त्यसलाई छुन्नँ ।

रूप– (**भवदेवलाई समातेर**) बाजे, मैले पनि डरलाई छोएको थिएन

तर डरले गुडिएर मलाई छुन आयो, यो छातीको छतलाई बुहारीको जवानीको डढ्दो आगोको पाङ्ग्राले छोइसक्यो, कुलको पानी मुकुन्दभने कलकत्तामा पुगेर गङ्गासागरमा बेपत्ता हुन लाग्यो । मेरो यही चिन्ताले क्षयरोगको मुकुण्डो भिरिरहेछ । अझ पनि तपाईं मेरै कमजोरी, भन्नुहुन्छभने, हो, बिहा गर्नु मेरो कमजोरी, छोरो पाउनु कमजोरी, चाँडै नाति देखनलाई मुकुन्दको तेह्र वर्षकै उमेरमा आठ वर्षकी इन्दिरासित बिहा गरिदिनु कमजोरी, यहाँको पढाइले नअघाएर ज्यादा दुब्लाएकोले औषधिसमेत गराउन उसलाई कलकत्तामा पढ्न पठाउनु कमजोरी, तर सबभन्दा कमजोरी, आफूलाई माया नगर्ने छोराछोरीको माया गर्नु ।

भव– के अर्थ ? तपाईंलाई त्यस्तो लागे झिकाउनोस्न–

रूप– झिकाउने चिठी गएदेखि त उसले जवाफै दिन छोडयो । उसलाई त्यो भालूलाई बन्दूक पड्काएजस्तै भयो । हेर्नुहुन्छ ? उसको पछिल्लो चिठी यही हो ।

(बृहत्स्तोत्र-रत्नाकरको बीचबाट झुत्रो चिठी झिकी भवदेवलाई दिन्छन् ।)

भव– अक्षर त छापाबराबर राम्रा रहेछन् ।

रूप– अझ राम्रो छ, बाच्नोस्न ।

भव– (पढ्छन्) "डिएर फादर,

तपाईंको लेटर पाएँ, होममा कहिलें फर्कने भनी रिप्लाई माग्नुभएको रहेछ । आई प्रे, मेरो पढाइ कम्प्लीट हुन दिनोस् । हरिदास याण्ड को.ले मनि दियो, मेरो सिग्नेचर पनि तपाईंकहाँ डेलिभर भयो होला । यहाँ क्रिसम्यासको धूमधाम छ ।

योर लभिङ्ग सन,
मुकुन्द"

चिठी देख्ता मुकुन्द त क्षारसमुद्रमा सेतु बाँध्न लागेजस्तो बुझिन्छ । तीनचार वर्षअघि उहाँ मैले भेट्तासम्म यस्तो थिएन ।

रूप– यताबाट गएका मानिसहरूलाई समेत भेटै दिदैन रे । कहाँसम्मको नवाफ भइसकेछ । हिजोआज त त्यो डेरा पनि छोडेर अन्तै सर्‍यो भन्ने सुन्छु ।

भव– खर्च नि ?

रूप– खर्च पठाउँदैछु ।

भव– पाएँ भन्ने पनि लेख्तैन ?

रूप– उही हरिदासद्वारा सहीसम्म आउँछ, त्यत्तिकों घिडघिडो छ ।

भव– भला पढ्दै भए त बेसै भयो, अब कति पढिहाल्ला र ।

रूप– तपाईंलाई थाहा नै छैन, बी. ए. पास भएपछि उसले पढ्न छोडिसक्यो, यो निश्चय छ । यताउता झरेको भुत्ला जस्तै हावाका भुमरीमा बरालिएर हिंडिरहेछ रे, यहाँ नफर्कने भन्छ रे । त्यसो भए त्यो ग्र्याजुएट भएर उसका बाबुआमालाई के काम लाग्यो, इन्दिरालाई के काम, देशलाई के ? मेरो छोराले बरु कोदालो चलाएर झिकेको पसीनाले यहाँ कान्छीऔंलाको नङजत्रो जमीनलाई मलिलो पारेको भए पनि सुखसित आँखा चिम्लन पाउँथें ।

भव– अवश्य !

रूप– बाजे, दुई वर्षअघि उसको चिठीसम्म आइज्जेल म औषधि खोंदै थिएँ, हिजोआज त औषधिको सट्टा हरेस पो खान लागेको छु । पत्याउनुभएन ? (तख्ताबाट शीशी झिकी देखाएर) जाँच्नोस्, यो बिर्को नखोलेको कति भयो होला ?

भव– त के यही चिन्ता गरी धामी बसेर मुकुन्दलाई आँगनमा नचाउन ल्याउने विचार छ कि कुनै खोंदिलो युक्तिको गारो पनि खडा गर्दै हुनुहुन्छ ?

रूप– मेरो विचार सुन्नुभयो भने तपाईंको करङे पिँजराभित्र दच्केको मुटु फोक्सोरूपी पखेटा चालेर बाहिर उड्ने बल गर्नेछ ।

भव– तै ?

रूप– यस्तै भइरह्यो भने– यस्तै भइरह्यो भने अब आउने गृष्म ऋतुसम्ममा मैले आफैंलाई बिर्सन बेर छैन । म सीड भएको मानिस हुँ कि हात भएको पशु हुँ– त्यो पनि सम्झन सक्ने

छैन, अरू मलाई बौलाहा भन्नेछन्, म अरूलाई बौलाहा भन्नेछु !

भव– तपाई जस्तो समझदार मान्छेले यस्तो कुरा मुखमा ल्याउनै खुल्दैन, स्वार्थता छाडेर संसारका निराशहरूसित आफूलाई मनले जोड्नोस्, माया गरिनेमा माया गर्नेको हक हुन्छ, यो कुरा आफूमा मनले घटाउनोस् । तपाईंलाई केही भयोभने यी जहानहरूको के दशा होला- मनले गुन्नोस् ! अर्कालाई बचाउन आफू बाँच्नुपर्दछ, तसर्थ उनको दु:खमा मनले भाग लिनोस् ! अनि सम्हालिनोस् ।

रूप– लौ, मलाई त छोडिदिनोस्, सकेसम्म म आफूलाई भत्कन दिनेछैन । तर इन्दिरा मलाई एउटा पासो नै भई । जति विचार बढाउँछु, उति कसिन्छु; म यति कठोर छैन, यति बलवान् छैन, यति बुद्धिमान् छैन कि यो मस्काइ सहन सकूँ । मेरो अन्तस्करण मुकुन्दकोसित सट्टापट्टा गर्न पाए हुने थियो ।

(एकछिनपछि)

भव– इन्दिरा कति वर्ष लागिन् ?

रूप– बाईस, ऊचाहिं सत्ताईस । यताबाट गएको एक जुग भइसक्यो ।

(एकछिनपछि)

तपाईंले उहिलेदेखि मेरी बुहारीलाई फेरि देख्नुभएको छैन । शृङ्गारको जुनसुकै वस्तु होस्, उसको जीउ छुनेबित्तिकै जोगी देखिन्छ– लुगाको रातो रङ्ग उसले लाउनेबित्तिकै गेरु हुन्छ । उसको निधारमा सिन्दूर विभूति देखिन्छ । उसको घाँटीलाई बेर्नासाथ मालाको मुगा रुद्राक्ष बन्दछन्, तर ऊचाहिं जोगिनीको झोलीभित्र लुकेको पवित्र शृङ्गार जस्तै देखिन्छे । माथि कोठामा होली, जानोस्न, एकचोटि भेटेर कुरा गरिदिनोस्, म पनि आउँछु ।

भव– सक्नुहुन्छ ?

रूप– त्यसो त लट्ठी टेकेर अलि-अलि हिंड्छु नि ।

भव– जाऊँ त हेरूँ । (रूप लट्ठी टेकेर उठ्तछन्)

रूप– आजसम्म सांसारिक अन्ध इनारमाथि स्वर्गको कौसीबाट

उसलाई झुण्डाइराखेको आसे डोरीमा एक दुई सूत थपेर अलि बलियो पारिदिनोस्, हिंड्नोस् । (**भवदेव निस्कन्छन्**) इन्दिरा ! तेरो तपस्या अझ पुगेन ? पचास वर्षको उमेरमा तेरो ससुरा सय वर्षको भइसक्यो । वैद्य भन्दछ– जे जे नाकबाट र मुखबाट भित्र पस्दछन्, तिनमा हाम्रो आयु भर पर्दछ; तर अनुभव भन्दछ, हाम्रो बाँच्नु वा मर्नु तिनमा भर पर्दछ, जे जे कानबाट र आँखाबाट घुस्तछन् । (**निस्कन्छन्**)

मखमली रूपनारायण– डर अन्तस्करण लागिन् ? यिनीहरू ?

(भरिनीहरू निस्कन्छन्) अडेस

दृश्य २– उही

(इन्दिराको सुत्नेकोठा)

मुजे झूलको मुख फट्टाएर दुईतिर कसिराखेको एउटा लामो खाट । सिरानतिर सञ्झ्याल, छेउको आँखी खापा मास्तिर फर्काइराखेको त्यहीं, एउटा पुस्तक र कात्ने बत्तीको ढक्की । भित्तामा टुकी राखेको खोपावरिपरि दुई तसवीर : गङ्गावतरण र इन्दुमतीलाई अगिल्तिर राखेर अज विलाप गरिरहेका । भित्तामा पोतेको सफेदा खैरो भइसकेको । एउटा लामो काठको कीलामा ढाकाको खास्टो झुण्डिरहेको । खुट्टामन्तिर एउटा मझौला काठको सन्दूस । त्यसमाथि एउटा करुवा र अलिकति खय्याकखुत्रुक । भूइँमा सतरञ्जा ओछ्याएको, खाट अगिल्तिरदेखि छेउको झ्यालसम्म पुगेको नेपाली गलैंचा । ढोकानेर सानो सुकुल । झ्यालढोका काला ।

(रूपनारायण र भवदेवको प्रवेश)

भव– खै त ?

रूप– (ढोकामा फर्केर) धन, इन्दिरालाई एकैछिन यहाँ पठाइदेऊ ।

भव– (पुस्तक उठाएर)
रामायण !
(चिनु लाएको ठाउँबाट झिकेर)
उडेको यो कहाँको तसवीर नि ?

रूप– भो, भो, मुकुन्दको होला, त्यसै राखिदिनोस् त्यहीं;
यो चाहिं ऊ सधैं हामीहरूसित लुकाउँछे ।

भव– (राखेर)
केही आकारले मान्छे हो कि शंका छ, त्यत्ति हो,
नत्र कागत हो खालि अथवा तसवीर हो,
पहाडको कसैले त चिन्नै पनि सकोइन ।
रूप– परन्तु इन्दिरा आफ्नो मुकुन्द यसमा सफा
देख्ती हो ।
भव– भक्तले जस्तै मूर्तिमा भक्तवत्सल ।
रूप– आइन् लौ इन्दिरा । (इन्दिराको प्रवेश)
भव– कस्तो हलक्क बढिछन् । चिन्यौ
मलाई ?
इन्दिरा– कुन्नि, खै ?
रूप– लौ !
इन्दिरा– ए हाम्रो बाजे, चिन्हें म त–
भव– धेरै भयो त्यसैले । के मिसिएको थियो अगि
माना चामल यो आधा मुठी तिल कपालमा ?...
रूप– तपाईं पित्तले पो त चाँडै फुल्नुभयो ।
भव– तर
दियो उमेरमा धक्का अब चालीसले पनि ।
(टहलिएजस्तो गरेर रूप निस्कन्छन्)
इन्दिरा, के तिमीलाई सञ्चै छ ?
इन्दिरा– छ ।
भव– तिमी दिन
कसरी काट्दछ्यौ ?
इन्दिरा– के र, हाहामै दिन बित्तछ ।
सोझै छ सूर्यको बाटो आफूचाहिं यताउति
अनेक काममा घुम्दा ढीलो हुन्छ सधैंभरि
कत्ति फुर्सद मिल्दैन ।
भव– रात ?
इन्दिरा– हो, रातमा भने
सधैं फुर्सत नै जस्तो हुन्छ, हेर्छु कथाहरू

कहिले कहिले, बत्ती कातेरै रात काट्तछु, निद्राले कहिले मूर्छा पर्छु यो भूईंमै पनि, कहिले सपना देख्छु, कैल्हे देख्तिनँ त्यो पनि

भव– तिमी के के कथा हेछ्यौं ?

इन्दिरा– यै रामायणको ।

भव– कुन ठाउँमा ?

इन्दिरा– यो सबै ।

भव– धेरैजसो तैपनि ।

इन्दिरा– सुन्दर काण्ड ।

भव– ए, ए, जहाँ भोकी, भुत्ली, मैली, निन्याउरी सीता छन्, के त्यहीं जान्छ्यौ, अशोक रूखका मनि बसी उनीसँगै रुन्छ्यौ ?

इन्दिरा– अनि रामाश्वमेधमा, त्यहाँनेर जहाँ छोडे बीच जङ्गलमा गई रुँदै लक्ष्मणले सीतालाई, सन्देश राममा पठाइन् उनकै हात 'हे राम ! करुणानिधान् !' भन्दै रोएर सीताले ।

भव– ए, त्यहाँ के मुकुन्दको चिठी आउँछ ? (**इन्दिरा टाउको हल्लाउँछे**) के गछ्यौं, अङ्गसम्म पढाइमा उनी डुबिरहेकै छन्, नडुबेर समुद्रमा मोती मिल्दैन । संसारभरमा सर्वश्रेष्ठ जो जो छन्, जो जो गए ती ती सबका ज्ञानसागर उर्लन्छ पुस्तकैभित्र लिपिको लहरी बनी, त्यसैमा माथि गर्जन्छ हाँसो आकाशमा, अनि उठ्छ वैराग्यको मेघ, आँसु बर्सन्छ, नेत्रको नाउ ढल्मल भै हिंड्छ, त्यहीं अभ्यासको हुरी ज्ञान-विज्ञानको साथ जोडले चल्न थाल्दछ;

जहाँ उनीहरू हाँस्छन् जहाँ रुन्छन् उनीहरू
उही बहन्छ यो हाँसो उहीं बग्दछ आँसु यो;
तर पुस्तकमा मोती पाईंदैन, पढाइमा
जो डुब्यो जसले पायो पायो त्यो उसले, कुनै
कसैको निम्ति खोजेर दिन सक्तैन । इन्दिरा,
पौडी सतहमा मात्र नडुबेर समुद्रमा
मोती मिल्दैन । के गछर्यौं ज्ञानमा मात्र शान्ति छ,
ज्ञान घोटी पिलाएर पिईंदैन, तसर्थले
उनी डुबिरहेकै छन् ।

इन्दिरा– के सधैं डुब्नु बेस हो ?
मोती जस्तै सधैं डुब्ने भए मोती लिने पनि
मोती मात्र भयो खालि ।

भव– के गर्ने त, तिमी भन ?

इन्दिरा– पाए जान्थें उहीं आफैं ।

भव– के गछर्यौं र तिमी गई ?
कसरी पाउँछयौ पत्ता तिम्रो त्यो जलबिन्दुको
गङ्गासागरमा ? भिक्षा परदेशीहरूसित
बिन्दुको कसरी माग्छयौ गल्ली गल्ली घुमी त्यहाँ
स्वास्नीमान्छे भई ? हामी छँदैछौं, इन्दिरा, तिमी
मान्छयौभने त मै जान्छु, पत्ता लिन्छु, यहाँ अनि
संगै लिएर फर्कन्छु, साक्षी हुन् परमेश्वर,
म बाटो लाग्छु चाँडै नै निःसन्देह तिमी रहू ।
तिम्रो कुरा उनीलाई केही भन्ने भए भन ।

(इन्दिरा भूइँमा बसेर खाटमा घोप्टो परी रुन्छे)

भैगो यो आँसु नै होला तिम्रो सन्देशको मसी ।

(रूपनारायण र धनमतीको प्रवेश ।
रूप सन्दूसमाथि बस्तछन् ।)

जाने भएँ तपाईंको छोराको खोजमा म त,
त्यहीं यताउता होलान् लिएरै आउँला यहाँ
मेरो भाग्य भएदेखिन् गुन लाउन पाउने

अथवा खबरै मात्र लिएर घर फर्कुला । विद्यार्थी जो पढैया छ यज्ञ गर्दा पढाइको धूवाँले बाहय संसार केही देख्दैन; संझना बढी यती धनी हुन्छ उसको कि कुनै कुरा संझँदैन नसंझेर आफैंले; त्यो समाधिमा, कवि झैं कल्पनाभित्र नसुतेर निदाउँछ, उसलाई न बेलाको याद हुन्छ कि आङमा घाम लागिरहेको छ अथवा जून; एउटा संझाइरहने मान्छे वर चाहिन्छ– बीचमा जो भन्दछ– तिमी विद्यार्थी हौ, पुस्तक होइनौ, डुल, खाऊ, पिऊ, आफू को हौ संझ, गई सुत ।

रूप– यस्तै होस् ।

धन– –दैवले आज हामीमाथि दया गरी तपाईंको सिधा डोरी बाटो लायो यतातिर यो पूर्वरङ्गले सूर्य अवश्य पनि ल्याउला आज लच्छिन यस्तै छ । तर आगो निराशको दन्केर नबढोस् झन् झन् आसको सासमा परी । परमेश्वरले दु:ख छोरा हुर्किसकेपछि दिने अवश्य हुन् भन्ने थाहा मात्र भए पनि रसादिहरू खाएर किन दूध बढाउँथें !– रक्त सिद्धयाउँथें दूधै बनाई, अनि मर्दथें एकै चोटि छुटाएर दूध माता दुवै ।

भव– किन शंका उद्योगमा आमा ? 'तँ चिता म पुऱ्याउँला' महादेव यही भन्छन् 'कि चितामा पुऱ्याउँला'

रूप– केही खानुभए हुन्थ्यो, फलफूल अलीकति उल्ले तयार पारेकी छ रे ?

भव– दु:ख त्यसै किन उठाउनुभयो ।

धन– केको ?

रूप– केको दुःख र !

भव– इन्दिरा,
जेसुकै काम होस् हामी 'गर्‍यौं' भनी कराउँछौं
गरेनौं वा गर्‍यौं जान्ने उही मात्र छ एउटा
जस्तो जे जे पुरस्कार जब उल्ले पठाउँछ
अनि पो जान्दछौं हामी गरेछौं वा गरेनछौं।

(इन्दिराबाहेक अरू निस्कन्छन्)

इन्दिरा– (झ्यालमा बसी रामायणबाट मुकुन्दको तसवीर झिकेर)
'तपाईंलाई सञ्चै छ ?' के यो सोधिपठाउने,
'यहाँ मलाई सञ्चै छ' कि यो भनिपठाउने ?
केही लेखी पठाऊँ, या खालि यो मुखले कुरा,
कि दुवै कि दुवै बाद, के संचार पठाउने ?
एउटा नाम नै मेरो लाख सन्देशतुल्य छ,
छ यही नाममा शक्ति हिन्दूस्थान डुबाउने,
नत्र छन् व्यर्थ लाखोटै चिठी ?– बेला अमूल्य ती
नासे बापत आगोमा पोलिनेछन्, रुँदा पनि
बौलाही भनि मान्नेछु, के संचार पठाउने ?
मेरो माया तिमी गर्छौं भन्ने यो सुईंको पनि
पाए मात्रभने आठै दिशाबाट तिमी जहाँ
छौ उहीं आउँछन्– सारा चखेवा, काग, कोइली,
चन्द्रमा, झरना, मेघ, फोहरा, लहरा, जुई,
गुलाफ, हसिना, बेली, चमेली, मोतिया अनि
जोडी जोडी त्यसै मेरा ती सन्देश सुनाउँछन्
तिमीलाई तिमी सुन्छौ, अनि त्यो जब बुझ्दछौ
तिमी, सार कुरा साँचै हुन्छन् झुट्टा भए पनि;
त्यसैले छैन संचार मेरो भनिपठाउने
तिम्रो संचार नै मै हुँ, मेरो संसार नै तिमी !

धनमती– (नेपथ्यमा) बुहारी, बुहारी !

(इन्दिरा दौडेर निस्कन्छे)

दृश्य ३– काठमाडौं

(देउरालीको मुखबाट हिमालय पर्वतका जण्डहरू देखिएका। उकालो चढ्दै एउटा जाने तीन जना आउने भरियाको प्रवेश। सब भारी बिसाउँछन्। दुई जना आउने बटुवा आएर ओह्र्लन्छन्। अर्को बटुवाको प्रवेश।)

बटुवा– (भरियाहरूलाई) आउँदै गर है, तिमीहरू त अथक छौ, अब त ओह्रालै न हो। (ओह्र्लन्छ)

जाने भरिया– अम्ले। कासकु भारी यिनीहरू ?

पहिला आउने भरिया– साहू भान्छा को हो को हो !

जाने भरिया– साहार कि पाटान ?

पहिला आउने भरिया– साहार जुद्ध साडाक।

दोस्रा आउने भरिया– हिन् हिन् कान्छा, नपर्खी।
(गाउँछ) बूढीले आँखा चिम्लेला
चीलले चल्ला लैजाला। (भारी बोकेर दुई जना ओह्रालो झर्छन्)

तेस्रा आउने भरिया– (भारी बोकेर गाउँछ)
चीलले चल्ला के लाला,
ढुङ्गाले डोको थिचुँला,
दइवा। (एउटा ढुङ्गा देउराली माईलाइ चढाएर ओह्र्लन्छ)

(छाता ओढेर फिता बाँधी लट्ठी टेकेका भवदेवको र एक हातमा लट्ठी अर्को हातमा लालटिन लिएर गलेबन्दीको फेटा बाँधेको

पुनाचाको प्रवेश । बादलका टाटाहरू आई बीच-
बीचमा घाम छेक्नाले बराबर देउरालीमा
बदली भइरहन्छ, हिमालयचाहिं
एकनास टल्किरहन्छ ।)

भव- लामा, अझ यहीं छस्, तँ गलिस् ?

भरिया- होइन यत्तिमा
गले त कसरी फेदी पुग्ने ?

भव- लौ यो, त्यहाँ गई
खाजा खा जा !

(भरिया पैसा लिएर भारी बोकी निस्कन्छ)

(आउने दुई जना भरियाको प्रवेश)

पुनाचा, हेर् तिनको पसिना, तँ त आफ्नो देखाउँथिस्; हेर्न, त्यो नागदहबाट ती नागकन्याहरू निस्के जस्ता छन् भर्खरै, अब पस्न लागे उही फेरि । (भरिनीहरू निस्कन्छन्)

(भवदेव दुङ्गामा अडेस लाएर बस्तछन्, पुनाचा सानो दुङ्गामा थ्याच्च बस्तछ)

घाम लागिसक्यो यहाँ
ज्यापू, नेपाल खाल्डा त अझ बादलमन्तिर
टल्की डुबिरहेको छ भित्र त्यो नागलोक झैं,
माथि हेर् कुइराका ती तरङ्ग, अझ हेर् उता-
ढिका कमल हीराको त्यो शीतल हिमालय !
सौन्दर्यसार संसारभरका लहराउँदा
गौरीशङ्करको पाउ लेखी आफ्नो ललाटमा
उघारी हरियो घुम्टो त्यो जङ्गल पहाडको
'अरू ताराहरूभन्दा म राम्री छु कि छैन त ?'
भन्दै ती स्वर्गका आँखा सूर्य-चन्द्र भएतिर
आफ्नो शृङ्गार पृथ्वीले देखाएकी तँ हेर् उहाँ ।

पुनाचा- पर्दामा चित्रकारीले जस्तै ।

भव- कि चित्रमा

लेखेको चित्रकारीले यस्तै ।

पुनाचा– यो थाउँमा कटि चोति आएँ, मलाई यो यस्तोसम्म रमाइलो लागेको कहिल्यै सट्टै ठियेन ।

भव– तँ विचार गर्, हाम्रो नेपाल यो सानो संसारै हो; कि लोकको कल्पवृक्ष यही नै हो, यहाँ पाइन्छ जे पनि; यही मदेसको धूप, यहीं ठण्डी हिमालको मृतसञ्जीवनीदेखिन् साधारण बुटीतक यहाँ लदाबदी छन् या कति केवल छन् यहीं, विष फल्छ यही फेरि यहाँ गोमन सर्प छन् । यही छ उर्वरा भूमि नदीनाला अनेक छन्, लामो बगर चट्टान नाङ्गा डाँडाहरू पनि । गैंडा, बाघ यहीं हुन्छन् कस्तूरी चमरी पनि । यहाँ सबै शताब्दीका मान्छे छन्, पटमूर्ख छन् यही, यहीं महात्मा छन्, सुदार्शनिक छन् यही; यही साहित्य संगीत सिकर्म र डकर्म छन्, यही छन् खुकुरी खड्ग, याण्टी एयरक्याफ्ट छन् यही गोरा पहेंला छन् राता कालाहरू पनि, बग्छन् प्रकृति माताका गङ्गा र जमुना यही । स्वतन्त्र हिन्दुको राज्य यही मात्र छ एउटा । यही गोपाल छन् फेरि यहीं गोरखनाथ छन्, सीता सती यहीं जन्मे, यहीं गौतम बुद्धको भयो जन्म, यही राम कृष्णको नाम गुँज्दछ; सशरीर पुगे स्वर्ग यतैबाट युधिष्ठिर, ज्ञानी जनक राजाको ज्ञानधारा बहयो यही सयौं संग्रामका वीरहरू जन्मे यही, यही पतिव्रताहरू जन्मे सती जानेहरू पनि । नमूना भैरहेका छन् अनेकौं सभ्यता यहीं, यही छूती अछूती छन् तन्त्र मन्त्रहरू पनि,

पूजाहारी यहीं पोडे यहीं ब्राम्हण शुद्ध छन्,
यहीं छन् ज्योतिषी झाँक्री यहीं डाक्टर वैद्य छन् ।
लाखे र घादु छन् चल्ने र बोल्ने तसवीर छन् ।
साष्टाङ्ग दण्डवत्, पाउलागी, आशीष, स्यालुट,
सलाम र नमस्कार, स्वस्ति यी सात दर्शन
यहीं छन् । शिरमा क्याप शाहजादा र नाइट,
यहीं टोपी छकल्ले छन् सीलको चर्मको पनि,
यहीं फेटा लबेदा छन्, यहीं टोप र कोट छन्
यहीं गादो छ खाँडीको, रुइदारी लुगा यहीं
यहीं छन् चरना भोटो जङ्ग पोशाक छन् यहीं
यहीं केप यहीं खास्टो मजेत्रो र घलेक छन्,
यहीं घाँगर छन् फेरि यहीं छन् पारसी लुगा
सुरुवाल र धोती छन्, यहीं छन् फरिया गुन्यूँ,
यहीं सुन र कल्ली छन्, यहीं तारा र यारिङ,
यहीं छन् नालुको जुत्ता, यहीं अग्लो खुरे पनि
सारङ्गी छ यहीं बाजा बादशाही समेत छ,
गलैंचा कौच कार्पेट राडी सुकुल छन् यही
यहीं छन् सुनका छाना यहीं खर परालका,
यहीं प्राचीन सञ्झ्याल, युनानी स्तम्भ छन् यहीं,
यहीं छन् काठका गाडा गाडी छन् रोल्सराइस,
यहीं काँटा र चम्चा छन्, बोहता टपरी यहीं,
यही कति भनूँ फेरि यहीं छस् तँ यहीं छु म ।

(आउने दुई बटुवाको प्रवेश)

यहाँहरू कताबाट ?

बटुवा– नयाँ मुलुकबाट,

भव– के,-

त्यहाँ समय बेसै छ ?

बटुवा– यसपाला त बेस छ । **(दुवै निस्कन्छन्)**

भव– हिंड्, धेरै बेर पो हामी व्यर्थमा गफमा भुल्यौं ।
ज्यापू, गर् लौ नमस्कार आमालाई बिदाइको,

धर्म संझेर भन् 'फेरि फर्कनेछु जहाँ बर्ले उहीं निभ्नेछु, ऋणको सामा माटो बुझाउँला, आमा, ब्याज सकेसम्म, सकेसम्म बुझाउँला'

(पुनाचा नमस्कार गर्दछ)

पुना, यो देश छोडेर जानेलाई त बैगुनी भन्नैपर्दछ, अर्काको ऋण खाई पचाउने त्यही हो, कि यहाँ छोडोस् माटोको देह अग्निमा, अनि त्यो चुल्बुले आत्मा स्वार्थी आत्मा गह्रौं भई वासनाको पखेटाले उड्दै जाओस् जतासुकै हुँदैन मोक्ष व्याधाको बाण लागी जहाँतक।

(निस्कन्छन्)

द्वितीय अङ्क

दृश्य १– कलकत्ता

हरिसन रोड । रमेशदासको घरको मन्याङमन्तिरको चोटा । ढोकाबाट बाहिर सडकमा मेटरको बत्ती यताउता चलिरहेको र मानिसहरूको पनि आवतजावत भइरहेको देखिन्छ । नेपथ्यमा बजारिया खलबल, साइकलको घंटी, मोटरको भ्याँकभ्याँकको आवाज बराबर चलिरहन्छन् । भवदेव र पुनाचाको प्रवेश ।

भव– भित्र धेरै आत्मा छन् जस्तो छ ।

पुनाचा– रेलभिट्ट प्याकिस भएडेखि म ट बैरो पो भयाको छ ।

भव– हाम्रो उता बिहाको दिन सम्झी:– दमाईका सनाई कलाँट, वस्तादका रागरागिनी मढघौलीको मङ्गलु, जन्ती तांती मिलाउनेको हप्की, विधिको एक एक मात्रामा औंला भाँच्ने ब्राह्मणहरूको स्वस्तिवाचन, दुलहीका माइतीहरूको साँकसुँक, सब एकै ठाउँमा भुटिएको शब्दको खिचडीभित्र आफूले बोलेको आफ्नै कानले सुनिदैन, हो त्यस्तै यहाँ नित्य संझी ।

पुनाचा– अझ कोई आएन ।

भव– अरे कोई है ?

(भित्रबाट ढोका खोलेर एउटा नोकर बाहिर निस्की ढोका फेरि बन्द गर्दछ ।)

नोकर– हाँ बताइए । क्या आप नेपाल से पधारे हैं ?

भव– हाँ ।

नोकर– म पनि नेपाली हुँ ।

भव– त्यो भिरेको खुकुरीले त हामीले पहिल्यै कानेखुसी गरिसकेका थियौं । घर कहाँ ?

नोकर– दार्जलिङ् ।

भव– बेसै भयो, आफ्नैसित भेट भयो । नम्बर एक तीनको कोठी भनेको यही हो ?

नोकर– हो ।

भव– मुकुन्दलाल भन्नेलाई तिमीले चिन्हेका छौ ? किन हाँस्यौ ?

नोकर– तपाई को ?

भव– म उनैको दाज्यू-भाइ, घरको एक दुई संचार लिएर आएको ।

नोकर– पर्खनोस् है त एक छिन यहीं, बेन्च छ ।

(नोकर निस्कन्छ)

भव– आइज, बसौं । (दुबै बस्तछन्)

अखतरी ज्यान– (नेपथ्यमा गीत गाउँछे)

तू मेरे कब्र पै आओ, मैं तुम को बैठने दूँ;
मुझे रोकर जिलाओ तुम, मैं तुम को फूल भी दूँ;
जहाँ के केस लैलाका– (नेपथ्यमा खलबल)

पुनाचा– भिट्ट ट हरिभजन हुन लागे जस्टो छ ।

भव– (टाउको हल्लाएर) अब खलबल हुन लाग्यो सुन् ।

(भित्रको ढोका अलिकति खोलेर त्यहीं मिस्टर ज्याक्सन, यूसूफ, अब्दुल हुसेन उभिन्छन् ।)

मि. ज्याक्सन– क्या टिमी मिस्टर मुकुण्डको डेरूनको वास्ते आयो ?

भव– त्यसै हो, हामी उनकै दाज्यू-भाइ ।

अब्दुल हुसेन– ऊ को छ ?

भव– हाम्रो इष्टमित्र ।

अब्दुल हुसेन– अच्छा ।

भव– हामी घरको धेरै खबर बोकेर आएका छौं, थाकिसक्यौं ।

(ती तीनै जना ढोका बन्द गरी भित्र पस्तछन्)

भला यतिकासम्म यहाँ बसेर मुकुन्दले नेपाली भाषा त

प्रचार गरेछ, त्यसैले ऐले आफ्नो भाव प्रकट गर्न कत्तिको सजिलो भयो । तर मलाई शंका लाग्छ, मुकुन्द किन अझ जन्मेन ?

पुनाचा– यहाँ छैन कि ।

भव– छ छन त, तर कति धेरै छ, दैव जानोस् ।

(यूसूफ र रमेशदास फेरि ढोकामा आउँछन्)

यूसूफ– भोलि भेट्न सक्छ ?

भव– (**कड्केर**) तिमीहरूलाई आज, हामीलाई भोलि ? तिमीहरू भित्र, हामी बाहिर ? मुकुन्दलाई यहाँ पठाइदेऊ कि हामी भित्र आउँछौं कि खबरको पार्सल नेपालमै फिर्ता लिएर जान्छौं ।

(रमेश र यूसूफ भित्र पस्दछन्)

पुनाचा– फेरि हामीलाई भिट्न लागेर छुरीले च्याते च्याते गर्ला नि ?

भव– के बेर ।

(नोकरको फेरि प्रवेश)

नोकर– एकै छिन पर्खनोस् रे ।

भव– ए, यता हेर् ।

नोकर– म चाँडै आउँछु । **(भित्र पस्दछ)**

भव– ज्यापू, यहाँको हावा ठीक छैन, आ ढोकैनेर बसौं । खुकुरी एक अङ्गुल जति बाहिर झिकिराख् ।

(नोकरको फेरि प्रवेश)

होइन, ए ठिटा– **(नोकर दौडेर बाहिर निस्कन्छ । फेरि अब्दुल हुसेन, यूसूफ, अखतरी ज्यान, एउटा तबल्ची, दुई सारङ्गीबाज आएर बाहिर निस्कन्छन् । नोकर बाहिरबाट फेरि दौडेर भित्र पस्तछ ।)**

देखिस् त्यो तबल्चीले हामीतिर मुख बंग्याएर गयो ।

पुनाचा– मैले ट टचटा हेर्दै हेरेन, नट्र म पनि नाक ठुनेर टचसको टेबलटिर जिब्रो हल्लाइडिन्ठ्यो ।

भव– होइन, मुकुन्द के गर्न लागिरहेछ ।

पुनाचा– डारी खौरेर फा डल्न लागेको होला ।

(नोकर ढोका खोलेर फेरि भित्र जान्छ ।

मिस्टर ज्याक्सनको फेरि प्रवेश ।
अनि रमेश र नोकर दुई जनाले अंग्रेजी सूट लाएको मुकुन्दका दुई
हात आफ-आफ्नो काँधमा हालेर डोऱ्याउँदै ल्याएर बेञ्चमा
राख्तछन् । भवदेव, पुनाचा उठिसकेका हुन्छन्,
मिस्टर ज्याक्सन बस्दछ ।)

मि. ज्याक्सन– (भवदेवसँग) आज भाइले शराब बहुत खाएछ ।

भव– यहाँहरूको मेहरबानी ।

मि. ज्याक्सन– आइसमा डुबाउन अच्छा छ ।

भव– (अलि अगाडि बढेर) मुकुन्द !

मि. ज्याक्सन– ओह नो, नो, नो, नो[1]

मुकुन्द– (लोलाएको शब्दले) ओ माइ लभ ।[2]

मि. ज्याक्सन– हलो मुकुन्ड, मिस्टर नेपाउल, से वनस अगेन[3]–
दि फ्लावर अफ् लभ इज फुल अफ् फिअर्स
दि थ्रेड अफ् लभ इज् मेड अफ् टिअर्स ।

मुकुन्द– (लोलाएरै) है–

मि. ज्याक्सन– मरि, हि इज डेड आएज आएन इम्प्टि बोटल; गुड नाइट, रमेशबाबु । (मुकुन्दलाई घच्घच्याएर) आएण्ड गुड नाइट टु यु पेण्टेड हिमालया ।[4]

रमेश– बाइ बाइ ।[5]

---

१. ओहो । हुँदैन, हुँदैन, हुँदैन, हुँदैन ।

२. ए मेरा प्रेमी !

३. ए मुकुन्द, मिस्टर नेपाल, एकचोटि फेरि भन–
प्रेमको फूल डरहरूले भरेको हुन्छ,
प्रेमको धागो आँसुहरूले बनेको हुन्छ ।

४. अफसोस, त्यो रित्तो बोतल जस्तै मरेको छ, रातको सलाम रमेशबाबु । र तिमीलाई पनि रातको सलाम, रङ्गले लेखिएको हिमालय ।

५. सलाम ।

भव– पुना, मुकुन्दले आफ्नो भाषा सित्तैमा दान दिएको रहेछ, भाषा दिएर सस्तोमा भेष र विष किनेको रहेछ । (रमेशबाबुसित) नमस्कार, तपाईंहरू आजलाई अघाइसक्नुभएको भए यिनलाई डेरामा बौरिन जान दिनुस् ।

रमेश– म त धेरैचोटि यिनलाई भनिसकेछु कि यसरी पिउने ठीक छैन ।

भव– यस्तो मित्रताको निम्ति तपाईंको घरलाई समेत साष्टाङ्ग दण्डवत् छ । कति बङ्गालीहरूले मुकुन्दलाई विद्या पिलाएका थिए, तपाईंले त्यो छुदाउन लाग्नुभयो ।

रमेश– (नोकरसित) एक टघाक्सी बुलवा रे । (नोकर निस्कन्छ) सब यो मि. ज्याक्सन र यूसूफहरूको बदमाशी हो, मैले तो धेरै आएडभाइस[1] दिएछु, उनीसित पुछ्न सक्छौ ।

भव– सोध्नै पर्दैन, मुकुन्दले तपाईंको उपदेश मानेकैबाट हामीले बुझ्यौं ।

रमेश– पुछ उनीसित ।

भव– मुकुन्द, स्मृतिको पत्र उल्टा सुल्टा पऱ्यो जता
कहिल्यै सपना देख्छस् तँ के नेपालको पनि ?
अथवा सपनामा तँ यहाँ छस् बिपनाभरि,
रोएर पढ्न सक्तैनस् यादले मातृभूमिको ?
अथवा अरुको भाषा भिज्यो तेरो शरीरमा;
अनि जन्मिस् यहाँ आई आफ्नो कर्तव्यमा मरी,
बानु आमा अपूता र इन्दिरा विधवा भए ?
ओहो, मित्रहरू ! हाम्रो चीसो फूल हिमालका
चीसै रहे भला हुन्थ्यो, किन व्यर्थै तताउने
कष्ट गर्नुभयो ल्याई ? यिनलाई तताउने
तपाईंहरुभन्दा त चिताज्वलन नै बरु
हाम्रो निंति दयावन्त धेरै आदरणीय छन् ।

---

१. सल्लाह ।

(नोकरको फेरि प्रवेश)

नोकर– टयाक्सी ल्यायो ।

रमेश– पुना, लौ आ, उठा ।

डेरा पुगेपछि आज रेस्ट दिइराख्नु, अच्छा ?

भव– अच्छा, अमूल्य यो सल्लाहले यिनीलाई होला कल्याण, ईश्वर भलो गर्नन् तपाईंको, अब हामी बिदा भयौं, यो मन्दिर यहाँको हो, यसमा जगदीश ती नटुटाऊन् सधैं रण्डी रक्सी रेशम राग यी ।

(निस्कन्छन्)

दृश्य २– उहीं : चितपुर रोड

मुकुन्दको डेरा । उसको सुत्ने कोठा । बिहान । मुकुन्द खाटमा सुतिरहेको, भवदेव मेचमा सिरानतिर, पुनाचा खट्टातिर भूइँमा बसिरहेका ।

भवदेव– मुकुन्द कसरी फैलेको, मैले त झट्ट चिन्नै सकिनँ । जा त तँ पुना, चामल-दालहरू किनेर ले, अनि म पकाउँला ।

पुनाचा– अरू ?

भव– एक थोक साग-पात जे हुन्छ ले न । (पुनाचा निस्कन्छ, मुकुन्द चलमलाएको देखेर भवदेव उसको निधारमा चन्दन पशुपतिको जलमा डुबाएर लाइदिन्छन् ।)

मुकुन्द– ह्वाट, के यो ?

भव– पशुपतिनाथको नेत्र ।

मुकुन्द– ओहो, तपाईं किन ?

भव– मुकुन्द, जसको काम चल्दैन दुई नेत्रले,
तेसो नेत्र भविष्यत्को निम्तिमा टाँसुपर्दछ ।

मुकुन्द– कताबाट तपाईं ?

भव– के सजिलै नाम छैन र ?
तिमी भन कताबाट होला ? त्यो नेत्र खोलन ।
कताबाट तिमी; तिम्रा पूज्य ती पुरुखाहरू
कताबाट ?

मुकुन्द– जताबाट मत्स्य कूर्म वराह र
सिंह आए उतैबाट आए यी नर वानर ।
हामी आयौं जताबाट हाम्रा मित्रहरू पनि;

आए सारा त्यतैबाट हाम्रा शत्रुहरू पनि;
एकबाट फुटी आयौं जोडिन्छौं सब एकमा,
बाटो छैन कुलो छैन न छ आकाशमार्ग नै
तथापि जान जान्दैनन् कोही, कोही त्यतै पुगे ।
जता हेऱ्यो उतै खालि एउटै ठाउँ मात्र छ,
हो यताबाट नै नाम त्यो कताबाट को पनि ।
बाज्ये, अनि कताबाट ?

भवदेव– कोठीबाट रमेशको,
हिजै अखतरीज्यानहरूको ज्यानबाट यो
नह्ग्रा र बङ्गराबाट आधा ज्यान मुकुन्दको
बचेको साथमा आएँ ।

मुकुन्द– (हाँसेर उठी फोनोग्राफमा दम दिँदै) हिजो के म समाधिमा थिएँ र ? (फोनोग्राफमा फक्ट्ट बज्दछ । नाचको चाल गर्दै भवदेवतिर गएर)
आउनोस्, सिक्नोस् ।

भवदेव– (उठेर रिसाई) घत् के लागू अझै पनि
गएको छैन ?

(मुकुन्द फोनो बन्द गर्दछ)
देख्तामा यत्नसाध्य थियो हिजो
कष्टसाध्य भयो आज; अहिले त असाध्य भो ।

मुकुन्द– कल्लाई ?

भव– यसरी बिग्ऱ्यो होला भन्न त रूपको
स्वप्नको स्वप्नको स्वप्नभित्रै पनि कहाँ थियो
होला ! के सपना देखे तिमीजस्तै भयानक
उनी बाँचिरहन्थे र ।

मुकुन्द– को बिग्ऱ्यो ? को भयानक ?
जस्तो जीवनको निम्ति मृत्यु हुन्छ भयानक ।
त्यस्तै त्यो मृत्युको निम्ति जीवनी नै भयानक;–
भन्छौं 'पातालको लोक उभिण्डो दुनियाँ' भनी
हामी अमेरिकालाई, हामीलाई अमेरिका;–

'खरानी घस्छ जो त्यो त बिग्र्यो' भन्दछ एउटा, अर्को भन्दछ 'त्यो बिग्र्यो जो पाउडर घस्तछ ।' को बिग्र्यो ? मनमा चिन्ता जसको बग्न थाल्दछ, को सप्र्यो? मनमा शान्ति जसको जम्न थाल्दछ ।'

भवदेव– के शान्ति छ तिमीलाई ?

मुकुन्द– जरूर ।

भव– तर पालमा ठूलो तूफानले ठोक्यो, तिमी नेपालमा जब नफर्कने चल्यो हल्ला, त्यो जहाज जहानको डुब्न लाग्यो ढली आफै, समुद्र जति शान्त होस् हिल्दैन उसको छाती जहाज जब चिर्दछ । तिमी यहीं बसे रूपनारायण अवश्य नै डुब्दछन् भुमरीभित्र परेर क्षयरोगको । तिम्रो हृदयमा मिल्लान् जब ती आँसुका नदी के त तैपनि त्यो सिन्धु नचली बस्न सक्तछ ?

मुकुन्द– पिता मर्‍यो भने पुत्र, मरे पुत्र पिता अनि को गर्न सक्छ के भन्नोस् ? पितापुत्र दुवै मरे ? मर्न्यै स्वभाव हो हाम्रो रुनुबाहेक लोकमा मर्नेको निम्ति मर्नेले अरू के गर्न सक्तछ; गर्न सक्छ रुने उत्ति नरुने जति सक्तछ; तसर्थ रुन्छ जो आफै रुन्छ त्यो, स्वर्गको रङ किन नीलो भयो रातो भएन भनि दौडदै बौलाहा जसरी रुन्छ गल्लीमा ।

भव– भन के तिमी रुदैनौ कहिल्यै ?

मुकुन्द– रुन्छु, आँखा जब बिझाउँछ धूलोले; तर रोगी या निर्धो बालक छैन म टाउकोले र छातीले कहिल्यै रुन्नँ, केवल आँखाले रुन्छु ।

भव– के माया लाग्दैन ?

मुकुन्द– कसको ? कहाँ ?
केको ? माया त जालो हो माकुराको, झिंगाहरू बुद्धिमान् यति छन् ती त जेलिन्नन् । यो मुकुन्दको देश छैन, पिता छैन, माता छैन, न मित्र छन्, न बन्धु छन्, न स्वास्नी छ, न कतै घरबार छन्, मुठी बाँधी यहाँ आयो मुठी खोलेर जानु छ, न छन् मुकुन्दका कोही, न कसैको मुकुन्द छ ।

भव– रण्डी, रक्सी त होलान् कि जगतै मासिए पनि !

मुकुन्द– बाज्ये, म तिनमा छैन, ती ममा आइलाग्दछन् म ती उपाधिका धूर्वा आज नै फुक्न सक्तछु, मेरो स्वतन्त्रतालाई बाधातक पुऱ्याउन कोही सक्तैन ।

भव– सक्तैनौ पर्न के झ्यालखानमा, कि खोस्याउन सक्तैन कर्दले भूलले पनि तिम्रो छाला, तिमीलाई इच्छामरण भैसक्यो ? स्वतन्त्र त तिमी छैनौ, तिमी भन्छौ स्वतन्त्र छु ।

मुकुन्द– मेरो आत्मा स्वतन्त्रै छ– छाला काट्तछ कर्दले, दौडी मगजमा पुग्छ नसा रगत छर्कदै कुरा लाउन, यो दुख्ने कुरा हो भनिठान्दछ गिदी अर्को नसालाई मुखमा त्यो पठाउँछ, 'अय्या' भन्न, भए चोट अझ ठूलो अरू नसा आँखातिर हटाइन्छन् झिक्न घाउ धुने जल, मेरो आत्मा म पन्छेर अलग्गै भित्र बस्तछु जीर्ण भै अथवा ठूलो चोट पाई शरीर यो मरे पनि म आत्मा हुँ मलाई नित्य मोक्ष छ ।

भव– तिम्रो आत्मा स्वतन्त्रै छ यहाँ पनि उहाँ पनि भने आऊ यहाँ, बिन्ती, हात जोड्छु, शरीर यो तिम्रो अधीनमा छैन, यो हो नेपालको धन नाक बान्धवको, इष्टमित्रको कान, बाबुको

श्वास, प्रश्वास आमाको, अङ्ग-प्रत्यङ्ग देशको,
सर्वस्व इन्दिराको हो उसै लान्छु म देह यो,
आत्मा जतासुकै जाऊ, चाहे आऊ सँगै सँगै ।
सुख दुःख दुवै बाँड्ने प्रतिज्ञामा सरी अगि
विवाह एउटीलाई गरी ल्याएर प्रेमको
तातो जल्दो कराहीमा उसलाई भुटी सधैं
यो आफू जिउँदै भाग्ने हक के छ शरीरको ?

मुकुन्द– इन्दिरा अझ चोखी छ छैन त्यो मूर्खले अझ
आफ्नो धित गुमाएकी ?

भव– शुद्ध मूर्ख त शायद
होलिन्, परन्तु चोखी छन् वर्षा जस्तै; झलामल
करोडौं बिजुली बत्ती बनेर नटुवीहरू
घुमेको ठाउँमा भन्दा उज्यालो छ त्यहाँ बढी
जहाँ छन् इन्दिरा जस्ती उदाएकी पतिव्रता ।
आँखा छन् उनका चोखा आँसुको स्नानले सधैं
चाख मानी उनी रोई रामायण सधैंभरि
हेरिरहन्छिन्, हेरेर फेरि रुन्छिन् सधैंभरि ।
तिमी अब नफर्के त केही पछि सरासर
पग्लन्छिन् इन्दिरा आँसु बनी आफै बिलाउँछिन्
हावामा । ए, त्यहाँ मैले सोधें 'भन त इन्दिरा,
कहाँनेर निको लाग्यो ?' भनिन् 'रामाश्वमेधमा
त्यहाँनेर जहाँ छोडे बीच जङ्गलमा गई
रुँदै लक्ष्मणले सीतालाई सन्देश राममा
पठाइन् उनकै हात– 'हे राम ! करुणानिधान् !
भन्दै रोएर सीताले ।' तसवीर उनीसित
तिम्रो रहेछ, बिग्रेको उडेको त्यसकै चिनु
लाएकी रहिछन् रामायणमा, आँसुको त्यहाँ
थोपाको दाग देखेथें तिम्रो त्यो तसवीरले
मेरो कञ्चट पक्रेर निचोरी गहमा भरी
रस ल्यायो उनीलाई त्यसले झन् रुवाउला

भनेर डीलको आँसु झिम्झिम् गर्दै यताउता हेर्दै छल्दै पचाएँ । के तिम्रो दर्शनशास्त्रमा दया छैन ? जता हेर सबै आफ्नो स्वदेशको निम्ति मर्छन्, तिमी मात्र ऊनको लाउँछौ लुगा बाहिरी चाहिंदो भित्री गुण छोड्छौ उनैसित, ती बेलायतको नाम 'घर' राख्छन् सुगा बनी के बेलायतको नाम हामी पनि घरै भनौं तिमी पढेगुनेका छौ मैले के भन्नुपर्दछ तर मानिस कोही त रूख अग्लो चढी बढी देखिन्छन् सुन्तलाजस्तै रङै उत्ताउलो लिई; नजानी सुन झैं कोही आफ्नो कदर लुक्तछन्, माटो र बालुवाभित्र गँडयौलासित बस्तछन्, त्यसैले कहिले आफ्नो मोल सम्झाउने कुनै मित्र चाहिन्छ– ती जाम्बवन्त झैं हनुमन्तको । तिमी सुयोग्य विद्वान् छौ, धेरै दर्शन हेर्दछौ, लडाउँछौ सबै मर्छन्, एउटा शून्य बाँच्तछ, त्यै शून्यमा तिमी चल्छौ हामी मूर्खहरू भने नेपाली भनिठान्दैनौं, 'वसुधैव कुटुम्बकम्' भन्नेलाई । त्यही मात्र नेपाली हो स्वदेशमा जो स्वधर्म गरी बस्छ स्वजातिसँग, या कतै जान्छ जो त निकै सेवा गर्न ।

मुकुन्द– हा, मूर्ख इन्दिरा ! इन्दिरा अझ के हाम्रै घरमा बस्तछे ?

भव– तिनी हो हाम्रो घरमा, तिम्रै घरमा बस्तछिन् सधैं ! ओहो । मुकुन्द, यो 'हाम्रो घर' जो अहिले भन्यौ त्यसकै पुण्यले तिम्रा पाप सारा पखालिए । म यता आउने बेला गई पशुपति प्रभु-कहाँ सोधें, 'यहाँ के म मुकुन्दसित फर्कन सकुँला ?' मुस्कुराए ती ।

मुकुन्द– कस्ता बाठा महेश्वर,
थाहा छ उनलाई म फर्कन्नँ कहिल्यै भनी त्यसैले मुस्कुराए ती । (उठेर)
जाऊँ है म त बाहिर

भव– (उठेर) कता ?

मुकुन्द– डुल्न,

भव– तिमीलाई अब छोड्छु म एकलै भनिठान्छौ ?

मुकुन्द– म के झ्यालखानियाँ हुँ ?

भव– तिमी र म दुई नै होइनौं । तिम्रो लागि वायु जहाँ बही प्राण दिन्छ, मलाई के त्यो दिदैन उही बही ? (दुवै बस्तछन्)

मुकुन्द– म त नेपालमा जान्नँ । तपाईं पनि के यहीं बस्नुहुन्छ ?

भव– यही बस्छु रक्सीको रङ्गमा यही (पशुपतिको जल देखाएर)
जल हाली फिका पार्छु रण्डीले जब गाउँछे सुर त्यो बेसुरा गर्दै वेदध्वनि फुकी फुकी हावा पवित्र पारेर जल्सा भङ्ग गराउँछु ।

मुकुन्द– त्यसले फाइदा ?

भव– जानून् कि मुकुन्द कि इन्दिरा !

मुकुन्द– ओढेर आँसुको घुम्टो लुकाई मनमा हँसी सबै सोझाहरूलाई यसरी ती छकाउँछन् । स्वास्नीमानिसको जाल लोग्नेमानिसको बल दुवै सँगै रहे हुन्थे सबै मानिस राक्षस । स्वामी मारी सती जान्छन् यस्ता स्त्रीको चरित्र त ब्रह्मासमेत जान्दैनन् के जान्लान् भवदेव यी, अफसोस ।

भव– जगत्मा जो जसरी दिन काट्तछ,

उसको निम्ति यो पृथ्वी उसरी घुम्न थाल्दछ,
कसैको निम्ति माटो भै कसैको निम्तिमा सुन ।

मुकुन्द– के धर्मात्माहरूलाई पाप नै धर्म जँच्छ र ?
यदि धर्मै त धर्मै हो यदि हो पाप पाप नै
भने स्त्रीहरुको जाल जालै हो ।

भव– यो वसुन्धरा
तिम्रो सिद्धान्तको लेखा ज्यादा नै स्थूल पो छ त;
पापिनी छन् यहाँ यस्ता जसको स्पर्शमात्रले
भूकम्प हुन्छ पृथ्वीको छातीमा पर्दछन् चिरा,
तुहुन्छ लोकको गर्भ, उठ्छन् ज्वालामुखीहरू,
समुद्र ती छचल्किन्छन्, फुट्छन् पट्ट हिमालय
डुब्छन् टापूहरू, डढ्छन् माटो धातुहरू जली,
कालो प्रलय नै हुन्छ ।
यस्ता सतीहरू फेरि यहीं छन् नाममात्रले
उसको मृत्युमा प्राण हरियो भै पह्लाउँछ,
सब घाउ निको हुन्छन् पृथ्वीका हर ठाउँमा
शान्ति बर्सन्छ, यो भूमि देवताका विहारको
योग्य हुन्छ । यही खालभित्र छन् इन्दिरा पनि,
यस्तो त एउटै फूल फुल्छ बाह्र वसन्तमा ।

(मुकुन्द हाँस्तछ)

के हाँस्छौ ? सत्य मर्दैन केहीसम्म सुते पनि,
जाऊ हेर नपत्याए ।

मुकुन्द– पत्याएँ खूप । (हाँस्तछ)

भव– लौ तिमी
बाजी ठोक्छौ ?

मुकुन्द– तपाईं यो इन्दिराष्टक रच्नुहोस्,
म सुन्दै जान्छु ।

भव– लौ मेरो यो प्रस्ताव तिमी सुन–
अब हामीहरू फर्कौं उहाँ गुप्त हिसाबले,
अनि मेरो घरैभित्र लुकेर दिनमा बसौं,

रातमा चाल मारेर भुल्का जस्तै भई घुमौं ।
त्यहाँ पछि तिमी–
धारामा इन्दिरालाई भेट, जाँच, कुरा भन ।
झुत्रे लुत्रे थियो साह्रै त्यो उनीको मुकुन्द त
आइपुग्दैनथ्यो तिम्रो घाँटीमा पनि साँच्चि नै
इन्दिराले तिमीलाई चिन्न नै सक्तिनन् अनि
फर्काऊ यदि कोही छ, सतीमन डगाउन
सक्ने भने तिमी नै छौ रूप-यौवनले भरी,
आफ्नीको जाँच आफूमा आफै, भक्ति उहाँपछि,
फेला पर्योभने केही चूक फर्क यहीं तिमी
नत्र बाजी जितें मैले उहीं आनन्दले बस ।

(उठेर मुकुन्दलाई समाती)

मुकुन्द, विन्ति लौ 'हुन्छ' भन, विन्ति छ, ईश्वर
माथि हेरिरहेका छन्, मुख बाएर वाल्ल भै
उता नेपाल खाल्डो त्यो पर्खेको छ, बिचेत भै
मरेको नेत्रले मागे जस्तै जीवन इन्दिरा
बाटो ढुकीरहेकी छन् तिम्रो चरणको, तिमी
ढुङ्गा नबन, लौ हुन्छ भन–

मुकुन्द– फेरि उहाँ लगी
थाहा दिएर बालाई थुनाउनुभयोभने
मलाई ?

भव– यो जनै छोई किरिया हाल्छु, ब्राह्मण
हुँ, खोल्ने छैन यी भेद छेडखान नभै सबै

मुकुन्द– (उठेर) लौ म जाने भएँ ।

भव– तिम्रो भलो होस् ।

मुकुन्द– म उहाँ गई
स्त्री कस्ता फितला हुन्छन् सिन्काभन्दा, सफा खिंची
तसवीर तपाईंको अगि राखेर एकलै
सधैंको लागि नेपाललाई छोडेर आउँछु ।

भव– मुकुन्द, जीत होस् तिम्रो म त्यसैमा प्रसन्न छु ।

(निस्कन्छन्)

दृश्य ३– उहीं : हवडा स्टेशन

एउटा पर्खने कोठा। नेपथ्यमा रेल इत्यादिको आवाज हल्ला।
बीचमा टेबिल, वरिपरि मेच। पुनाचा र
टाउकोमा माल बोकेका तीन जना
कुल्लीको प्रवेश।

पुना– यहाँ राख् (कुल्लीहरू भारी राख्दछन्)
लौ ले– (सबलाई हात हातमा ज्याला दिन्छ)
अब जाओ है। पख, पख
(एक जनाको र आफ्नो पनि टाउको छामेर)
यहाँ के हैं ?

कुल्ली– हड्डी।

पुना– अँ, हद्दी भएर पो यस्तो बलियो, हाम्रो ताउकोमा ट कुकुरे हार छ, बल गएर हाट-खुत्तामा माट्टे बस्याको छ।
(कुल्लीहरू मुखामुख गरेर निस्कन्छन्)
(गुण्टाको डोरी पयठ मस्काउँदै गीत गाउँछ)
उदन्टा चरी घुमेर आयो गुँदैमा,
फिरण्टा जोगी घुमेर गयो गुणैमा। (दोहोऱ्याउँछ)
अझ खुकुलै छ ए। मोरो ट। (फेरि गीत गाउँछ)
सानोमा सानो नारीमा घरी कमानी नगन,
असार मास्मा फर्केर आउँला बेमानी नभन।

(दोहोऱ्याउँछ)

(अब्दुल हुसेनको प्रवेश)

अब्दुल– क्या मुकुन्द अब भी नहीं आयो ?

पुना– अँहँ ।

अब्दुल– (मेचमा बसेर) तिम्रो घर कहाँ छ रे ?

पुना– नेपाल ।

अब्दुल– नेपालमा कौनसा जगामा ?

पुना– शहर ।

अब्दुल– कौनसा शहर ?

पुना– कुनि के भन्छयो बिर्स्यो ।

अब्दुल– क्या ?

पुना– कुनि कुन शहर ।

अब्दुल– क्या नाम ?

पुना– पुना ।

अब्दुल– पूना शहर ? ओ बाबा ।

पुना– पुनाचा ।

अब्दुल– चा ?

पुना– हो ।

अब्दुल– हँ । मुकुन्द और उसका यार यहाँ रहन्छन् ?

पुना– पातन ।

अब्दुल– मुकुन्द बहुत धनी छ ?

पुना– ढनी छ ।

अब्दुल– और उसका साथी ?

पुना– उ पनि ढनी नै छ भन्नुपर्‍यो ।

अब्दुल– तुमरा महाराज आजकल कहाँ रहन्छन् ?

पुना– उहीं नेपालमा । यी: । (लकेटको तस्वीर देखाउँछ)

अब्दुल– हाँ, मैले एक दफे देहलीमा देखेछु । (हेरेर फिर्ता दिन्छ)
महाराज कस्तो छ ?

पुना– जाती छ ।

अब्दुल– तुमरो उहाँ आर्मी कति छ ?

पुना– ढेरै छ ।

अब्दुल– उहाँ तिमी के खान्छ रे ?

पुना– भाट ।

(मुकुन्द, भवदेव, रमेशदासको प्रवेश)

अब्दुल– गुड आफ्टरनून मुकुन्द !

मुकुन्द– गुड आफ्टरनून । (मुकुन्द तीनै जनासित हात मिलाउँछ)

भव– पुना, ला टिकट । (दिन्छन्)

(मुकुन्द, रमेशदास, अब्दुल हुसेन टेबिलको वरिपरि बसेर कुरा गर्न लाग्दछन् । सुस्तरी पुनाचासित)

यो यहाँ आएर बसेको कति बेर भयो ?

पुना– (सुस्तरी भवदेवसित) एक छिन भयो !

भव– (सुस्तरी पुनाचासित)

हामीहरू उता बाटो नलागेसम्ममा यिनी लामखुट्टेहरूबाट डरै हुन्छ अनेक छन् रोगका धरती तीखा जिब्रामा, रोग होस् नहोस् अवश्य चुस्तछन् रक्त चुस्न पाए भने पनि ।

पुना– लुगा ट अझ उस्टै छ ।

भव– अहिले लाज हुन्छ रे, रेलभित्र फुकाल्ने रे, तैं भन्न कतिसम्मको ?

(अब्दुल हुसेन निस्कन्छ)

(भवदेव गएर मेचमा बस्तछन्)

रमेश– यसो उसो गरी हाम्रो मित्रलाई त देशमा लान लाग्नुभयो हो कि ?

भव– हो आफ्नो देशलाई के शून्य पार्ने ?

रमेश– कहाँ शून्य एक व्यक्ति गएर के ?

भव– एक नै सब हो बाबु, सब नै एक हो, जब घर देखाउँछौं हामी हाम्रो औंला त केवल ईंटको एउटा सानो हिस्सालाई 'यही' भनी देखाउँछ । कुनै एक नेपालीले कतै गई धर्म छोडयो भने हाम्रा शिवको मूर्तिमा पनि

एउटा चोइटा जान्छ । कसरी सोमनाथको मूर्तिसँगै फुटे हिन्दू जाति, जाति फुटे जब फुटचो प्रत्येकको भाग्य ।

मुकुन्द– (रमेशदासतिर हेरेर) नाइन हण्ड्रेड नाइण्टि नाइन् बि. सी. ।

भव– कोरिएका कतै देख्यौं भने त्यो शिवलिङ्गमा । अलिकति, कि त्यो खाली सम्झ्यौं मात्र भने पनि मनले, रक्त टप्कन्छ हाम्रो हृदयबाट त ।

(अब्दुल हुसेनको फेरि प्रवेश)

अब्दुल– **(बिस्कुटको बाकस टेबिलमा राखेर)** तपाईंहरूको वास्ती रेलको निम्ति बिस्कुट ।

भव– यस्तो विष कुटेको त कालकूटसमान हो खाँदैनौं, लानुहोस् फिर्ता ।

अब्दुल– पर प्यारे मुकुन्द तो खान्छन् ।

भव– अवश्य खाँदैनन्, मलाई छुनुपर्दछ रेलभित्र त्यसैले यो मेरो निंति उनी पनि खाँदैनन् । पछिको लागि राख्नुहोस् जब फर्कलान् फर्केभने सबै खालान्, सबै खालान् सबै सबै । मुकुन्द, अरुको निंति बाँच, संसारमा अनि मर्दैनौ कहिल्यै, आफ्नो निंति बाँच्यौभने तिमी मछौं आफूसितै ।

मुकुन्द– मैले खाएमा मै अघाउँछु ।

भव– स्वार्थ नै धर्म हो हाम्रो मोक्षसम्म गराउने स्वार्थकै निंति होस् सेवा स्वजाति र स्वदेशको । स्वार्थ त्यो स्वार्थ हो शुद्ध जसमा छ परार्थता, हाम्रो स्वार्थ छँदैछैन जब हाम्रो अधीनमा । अब वेला भयो जाऔं । **(पुनाचा निस्कन्छ)**

रमेश– मुकुन्द, कहिले अब फर्कन्छौं ?

मुकुन्द– ग्रीष्म यो जाँदा नजाँदै ।

भव– तर भाग्यले
फेरि मारे ?

मुकुन्द– म यो बाजी हार्नै सक्तिनँ, यो यदि
मैले हारेंभने आगोबाट तातो हराउँछ
लप्का बाँकी रही, मेरो यस्तो अनुभवी जगत्
खाई-पल्टनबाजी के फुस्सामा मिल्न सक्तछ ?

भव– होला जे हुनुपर्दछ ।

मुकुन्द– तपाईंको चिठी खै त ?
(भवदेवसित चिठी लिई एकछिन हेरिसकेर बाच्तछ)
'...मैले सकिन ल्याउन,
म निराश भएँ...' ठीक,
(रमेशदासलाई दिएर) हप्ता दिन बितेपछि
यो चलाइदिनोस् ।

रमेश– हुन्छ ।

भव– जे गर्लान् जगदीश्वर
(पुनाको कुल्लीहरूसाथ फेरि प्रवेश)

अब्दुल– मुकुन्द, आज यो हाम्रो दिलमा, दार छैन ।

रमेश– हो,
नृत्य-गायनका सङ्गीहरूलाई नबिर्सनू ।
(पुना र माल बोकेर कुल्लीहरू निस्कन्छन्,
भवदेव पनि निस्कन्छन्)

मुकुन्द– आफूलाई बरू आफैं बिर्सुला तर रङ्गित
यस्तो यो दुनियाँलाई म कैले भुल्न सक्तथें ?
यो रातो रङ्गको फूल, पहेंलो रङ्गको सुन !
यो विनारङ्गको हीरा, यो सेतो रङ्गको जुन ।
(हात समातेर निस्कन्छन्)

तृतीय अङ्क

दृश्य १– पाटन, दिन भिड्किसकेपछि ।

रूपनारायणको घर । इन्दिराको कोठा ।
इन्दिरा झ्यालमा बसेर रामायण बाचिरहेकी ।

इन्दिरा– (लय हालेर)
'पृथ्वीमा न मिलिन् सिता न जलमा जान्या छ बाटो कतै ।
खोजौं जाउँ भन्या सक्यौं पृथिवि सब् पायौं न सीता कतै ॥
फर्की जाउँ भन्या पनी अब सहज् मार्छन् ति चाहीं यहीं ।
मर्नू आज निको'–

(राजामतीको प्रवेश)

राजामती– नानी, जात्रामा नजाने ?
इन्दिरा– कैले ?
राजामती– भरे ।
इन्दिरा– नाईं, कोसित जानू ?
राजामती– तिम्रो ससुरासित ।
इन्दिरा– त, ससुरा केही काम नपाएर गइरहनुहुन्छ ?
राजामती– अँ, तिम्रो ससुरा नजाने ?
इन्दिरा– हेरूँला नि ।
राजामती– तिम्री सासू जान्छिन् ।
इन्दिरा– सासू पनि कुन्नि !
राजामती– जाने रे है, छिः !
हात हेर्ने– (नेपथ्यमा) माथि को छ ?

इन्दिरा– उः को आयो ?

राजामती– लौन, हामीसित गए पनि त हुन्छ नि, आफ्नै ज्येठा बाज्येबज्यै देखे ।

इन्दिरा– अँ, जानोस् तपाईंहरू ।

राजामती– आँखाको रमिता; हेर्छौं हामी त ।

इन्दिरा– रमिता ? अहँ म त मर्दछु बाजाले चर्को त्यो नूनको ढिका जस्तो, झन् कानको कीरा खान्छ झ्याली, असाध्य नै हूल त्यो, देख्नुपर्दैन संझँदै वाक्क आउँछ; पृथ्वीको एउटा चक्ला भासिई, त्यो इनारमा कोलाहल मचाएर पीधमा सब फन्फनी व्यर्थै घुमीरहे तुल्य लाग्छ सत्ते मलाइ त आफ्नो जात्रा भएको को हेरिदेओस्, त्यहाँ अनि के हेर्नु कसको जात्रा ?

राजामती– तिमी जस्तै भए अरू सखा, रूखहरू सारा काट्तथे पात पातमा किन वंशी बज्यो भन्दै । तिमी जस्तै भए अरू साह्रै बेरसिला खोला बलैसित सुकाउँथे लहरीहरुले नाच्ता किन चाँप बज्यो भनी ।

इन्दिरा– नाचगानहरू ज्यामा । मलाई मन पर्दछ, तर बादलको जस्तो हेर्नुहोस्, हेर्नुहोस्, त्यहाँ विनाआवाजले गाई भाउ लाएर नाच्तछ कसरी ।– कानले सुन्छ, जालीमा कत्ति शब्दको धक्का पर्दैन, पग्लेको चन्द्र झैं छ तसर्थले बिझाउँदैन यो आँखा सूर्यले झैं ।

राजामती– तिमी भन कहिल्यै शब्द गर्दैन ?

इन्दिरा– जब गर्दछ, कान यो बहिरो हुन्छ, आँखा यो अन्धो हुन्छ प्रकाशले फेरि बन्दछ जस्ताको तस्तै त्यो पनि यो पनि,

दोहोरिदैन त्यो दृश्य [illegible]न्नाटकको अनि थाकिदैन, अघाइन्न सधैं पिइरहे पनि ।

राजामती– उसो भए तिमी धूवाँ आफैं परिरहू ।

इन्दिरा– किन ?
जहाँ हेर्दछु धूवैं त देख्छु, आगो कहाँ छ र ।
धूवाँ बादल, धूवाँ हो हावा, धूवाँ छ सासमा आफ्नै ।

राजामती– के सब यी धूवाँहरूका नाचगान छन् ?

इन्दिरा– छन् ।
तर ती वरका खेल हेर्दा हेर्दै गडेर यो आँखा डेडो भई भित्र भित्र पुग्छ कता कता, टाढाकै खेलमा मात्र दृष्टि जम्छ ।

राजामती– बुझें, बुझ–
पर पुग्दछ यो उत्ति जति टाढा मुकुन्द छ ।

इन्दिरा– पर पुग्दछ यो उत्ति जति टाढा निराश छ ।

राजामती– निराशापारि आशा छ ,

इन्दिरा– आशापरि निराश छ ।

हात हेर्ने– (नेपथ्यमा) माथि को छ ?

रूपनारायण– (नेपथ्यमा) आऊ, माथि आऊ, आऊ ।

राजामती– नानी, केही गरी फर्के भने त ऊ, हरे शिव ।
कस्तो हुन्थ्यो, म ता नाच्थें सत्ते । तिम्रा त के कुरा, पूर्णेको जून पानीमा पोखिएझैं हुने थियो, तिम्रै टक परी हाम्रो अँध्यारो मुखमा पनि, उज्यालो खेल्दथ्यो । लौन परमेश्वर । विन्ति त्यो दिन दानै दिए हुन्थ्यो, हामी जय मनाउँथ्यौं, जय हुन्थ्यो सधैं तिम्रो, सारा प्राण विकास भै फुलेर प्रभुको पूजा गर्थे, कस्तो रमाइलो हुन्थ्यो संसार । ताराको हीराको फूल बन्दथ्यो, पृथिवी हरियो भूई फूलबुट्टे बडा गजी फरिया बन्दथ्यो, लामो पछ्यौरा बन्दथ्यो नदी,

पहेंलो घामको पोते, चोलो बादलको, अनि भुमरीको चुरा, बल्ध्यो महादीप झलामल रातमा किन ? नानी त, सित्तै रोइदियो, भयो डर लाग्छ, त्यसैले त म कुरा पछि गर्दिनँ । नरोऊ बा, नरोऊ, लौ त्यस्तै दु:ख भए हिंड आफ्नै माइत ।

इन्दिरा– के दु:ख, सुख छ; तर दु:ख नै भए पनि त्यसै आफ्नो घर छोड्ने ? उता पनि घर छोडिन् यसो भन्दै भाउज्यूले भने कुन गई आमा र बालाई सुसार पनि गर्दछे ?– छोरीलाई त आमाले सक्तैनन् काम लाउन मायाले नै त्यसैले त निकाल्छन् अरुको घर आफ्नोमा चाहिं अर्काकै छोरी ल्याएर जोत्तछन् ।

राजामती– हो बा, त्यो त ।

इन्दिरा– बज्यै, हाम्रो जगत्मा जति दु:ख छन् स्वास्नीमानिसका पेवा, दाइजो हुन् सबै, जति लोग्नेमानिसका दु:ख आईपर्दछ त्यो पनि चोरी मासी चलाएका हाम्रै पेवा र दाइजो हुन् ती । विवाहमा लोग्नेमान्छे हाँसेर हिंड्दछन् । हामी आँसु झिकी भछौं हिंड्ने साइतको घडा पार्वतीको गर्भबाट ब्याएदेखि त्यही दिन स्वास्नीमान्छेहरूलाई चिनेको हुन्छ दु:खले, छायाँ जस्तै पिछा गर्छ त्यो दु:ख बरु साँझमा छायाँ फिका हुँदै जान्छ अँध्यारोमा बिलाउँछ, दु:ख झन् साँझमा पोल्छ अँध्योरामा जलाउँछ,

राजामती– अँध्यारोमा जलाएर अँध्यारैमा डढाउँछ, उज्यालोमा निराशा र भस्म बाँकी गराउँछ,

इन्दिरा– परन्तु पार्वती हामीलाई शिक्षा दिई गइन् । स्वामी कता कता ठूला ठूलो गिरि हिमालय-भन्दा पनि; उनैलाई जोखेदेखि विचारको

तराजुमा सबै दु:ख जम्मा पारेर तौलँदा
पनि ती हलुकै हुन्छन् पतिभन्दा कता कता ।
'पाले पुण्य तिमीलाई मारे पाप' भनी सुधी
गाई दान गरे जस्तै गरी रोई अलीकति
जसलाई बुझाएर पन्छे जन्म दिनेहरू
उही बाबु उही आमा उही ईश्वर ईश्वरी,
उसैको नाममा दु:ख जति पर्दछ पर्दछ,
गराउँछ तपस्या त्यै त्यसैमा मुक्ति मिल्दछ ।

(एक छिन सन्नाटा)

को त्यो भऱ्याङमा उक्ल्यो, सासू ।

राजामती– हो ? कसरी चिन्हयौ ?

इन्दिरा– मैले चुरा बजेकैले चिन्हें ।

(धनमतीको प्रवेश)

राजामती– हो त रहेछ त,
बोक्सी !

धनमती– आमा, तपाई के खानुहुन्न अली अलि ?

राजामती– धेरै नै खाउँला नानी, खानलाई त फेरि ऊ होला पर्खिरहेको र 'एकै छिन पुगेर म आउँला' भन्दथी, ढीलो गरी भनी रिसाउला, भयो म एकलै खान्नँ, खुवाउनुभयो यहाँ, मैले खाएँ, पुग्यो ।

धनमती– भोलि बूढालाई लिईकन
आउनोस् त ।

राजामती– बरू हुन्छ ,
(इन्दिरालाई देखाएर धनमतीसित) नानीको मात्र
छि: यहाँ,
आउने कहिले होला ?

धनमती– खै बाज्ये भवदेव नै
लिन जानुभएको छ, फर्कला कि नफर्कला
दैव जानोस्, कि त्यै जानोस्, हो हामी जिउँदै भए

फर्कला, सब मुर्दा नै भए के काम फर्कन ! ऊ मात्रै सुखले बाँचे भइहाल्यो नि देश नै डुबोस्न उसलाई के खाँचो ।

राजामती– को ?

(लट्ठी टेकेर रूपनारायण र हात हेर्नेको प्रवेश)

रूपनारायण– इन्दिरा यता आऊ लौ हात देखाऊ । (इन्दिरा उसै गर्छे)

राजामती– (सुस्तरी रूपनारायणसित) के यो जान्दो रहेछ ?

रूप– हो, मिलायो सब मेरो त ।

धन– छिः के भन्छ, म बस्तिनँ ।

(निस्किन्छिन्)

रूप– निकै बेर भयो केही देखिएन ?

हात हेर्ने– यता यसो, उता, फर्क्यो, घुम्यो फेरि, आयो फेरि यता उसो तर्क्यो, हँ हँ, उँभो लाग्यो, अँ हो, हो, मोडियो, गयो, गयो, लाम कस्यो, आयो, फन्क्यो, फेरि उँधो गयो, गएर छरियो, हाँगा फैलियो, अँ जुट्यो, अब– कृपा हो गुरुको त्यस्तो जान्ने मान्छे कहाँ हुँ र, भन्छु तैपनि जो सक्छु यथाशक्ति ।

रूप· त्यसै त हो ,

हात हेर्ने– (बिस्तारै) यिनी मुकुन्दकी स्त्री हुन् मुकुन्द यिनका पति । यताको छ उता माया, त्यताको छ यता, उनी यता आउन चाहन्छन्, उता जान यिनी पनि चाहन्छिन्, भेट्न इच्छा छ उनीलाई यिनीसित, यिनी–

रूप– भयो, पुग्यो यो त, तर भेट दुवैसित दुवैको कहिले होला ?

हात हेर्ने– (माथितिर देखाएर) जैले आकाशको गति साह्रै गजबको हुन्छ, सूर्य अस्त भएपछि

सुन्तला रङ्गको तित्रापङ्खी बादल उड्दछ, पूर्वपट्टि, टुपी ठाडो पारी पश्चिममा पनि बाउन्ने झैं निकै ठूलो रातो बादल दौड्दछ, फेरि दक्खिनमा खण्डवृष्टि हुन्छ र उत्तर-तिर नाग लिई माथि प्याजी गरुड भाग्दछ । घरबाहिर संग्राम असिनाको चले पनि घरभित्र भने सानो गुण्टा बोकेर सुस्तरी शान्ति आएर आँखाको कुनामा झूल कस्तछ; सपना हुन्छ ताराको सिंहासन अमूल्यको, मेघ बाहिर गर्जन्छ, सुनिन्न तर ।

रूप– त्यो दिन कहिले आउला ?

हात हेर्ने– माछापुछ्रे चौलाख स्वस्तिका बन्छन् सिंहासनैमाथि सपनाभित्र, बाहिर चम्कन्छ बिजुली, किन्तु देखिन्न ।

रूप– तर त्यो दिन कहिले आउला ?

हात हेर्ने– ठीक आजको दुई वर्षमा

रूप– चाँडो होस् अहिलेभन्दा यसभन्दा ढिलो नहोस्, फर्कने होस् कुरा साँचो, चाँडो पनि बरू नहोस् ।

(रूपनारायण र हात हेर्ने निस्केपछि मुखामुख गरी इन्दिरा र राजामती पनि निस्किन्छन्)

दृश्य २– उही राती

कृष्णदेवलनेरको पर सडकमा । वरिपरि बत्ती बालेर बाजा बजाउँदै
यात्रीहरू धारा लागेका देखिन्छन् । कृष्णदेवलमा माथि
मुकुन्द कालो नेपाली लुगामा काले फेटा लाएर
कोटभित्रको सेतो पटुकामा खुकुरी भिरेको
र सेतो दाही–जुँघा–कपाल लाएर
कोकिटाका छकल्ले टोपी, सुरुवाल
र अंगरखामाथि ठूलो बदामी रङ्गको
धुस्सा ओढेको भवदेव लुकेर
चियाइरहेका देखिन्छन् ।

मुकुन्द– हाम्रो चिठी अब त आइपुग्यो होला । (मनमा हाँस्तछ)
भव– आज केको जात्रा रहेछ ?
मुकुन्द– झन् म के थाहा पाऊँ, मलाई त जे पनि नर्यौं छ, जो पनि नर्यौं छ, आफ्नै जीउ–
भवदेव– खेतीवालहरूको पूजासूजा रहेछ कि ?
मुकुन्द– के हाम्रा उनीहरू पनि आउलान् र ?
भव– हेरूँ, पर्खन, यस्तो जात्रा-पूजा भनेपछि तिम्रा बालाई नगई हुँदैन नि । बिचरा, आफूले रोपेको जुनसुकै धर्मको वृक्षमा होस् उनले माग्ने फल तिमी, नजन्मँदै तिमी, तिमीमै आयु, आरोग्य, आनन्द ।
मुकुन्द– ए, हेर्नोस्, हेर्नोस्, त्यो शंखबहादुर ! सेतै भइसकेछ ।
भव– म पनि त फुलिसकें ।
मुकुन्द– नक्कली कपाल ?

भव– होइन, सकली पनि फुलिसक्यो, हेरन भित्र भित्र । मुख रातो-पिरो हुने वेला गयो; आगो निभिसक्यो, कपाल सेतो खरानीले ढाकिसक्यो; अब त सानो बतासिसत उड्न बाँकी छ !

मुकुन्द– जानोस्, तपाईंले अहिल्यै यसो भन्नु त साह्रै अचाक्ली हुन्छ !

भव– के ! उः त्यो सानो जिण्डाले भने पनि खुल्छ, हावा कति ठूलो आउँछ, को भन्न सक्छ, न खरानी मात्र उडाउने आउँछ, न आगै निभाउने आउँछ !

मुकुन्द– त्यसलाई पनि चिन्हे जस्तो लाग्यो !

भव– सीताराम काजी ।

मुकुन्द– जुँघाले नौलो जस्तो !

भव– नौ दिन छोडे नौलो हुन्छ, बीस दिन छोडे बिर्सिन्छ, अझ तीस दिन छोडे तर्सिन्छ ।

मुकुन्द– लौ शङ्करमानलाई हेर्नोस्, त्यसलाई अंग्रेजी लुगा लाइदियोभने ह्वाइट्वेको म्यानेजरलाई हेरी हेर्नुपर्दैन ।

भव– त्यस्तै ह्वाइट्वेको म्यानेजरलाई नेपाली लुगा लगाइदिए शङ्करदास हेरी हेर्नुपरोइन ! उः त्यसलाई चिन्हचौ नि ?

मुकुन्द– अँहँ, खड्गबहादुर ?

भव– नः ! तेजरत्न ।

मुकुन्द– **(सास मास्तिर तानेर)**
ए ! तेजरत्न ? त्यो त मेरो काखीसम्म पनि आइपुग्दैनथ्यो, सुईंखुट्टे कस्तरी बढेछ ! उसको दाज्यू कहाँ छ ?

भव– मऱ्यो बिचरा त उहिल्यै ।

मुकुन्द– मेरो निंति त भर्खर मऱ्यो । कस्तो बलियो थियो, पञ्जामा काशीलाल, पौंठाजोडीमा ऊ, यिनीहरूलाई जित्ने तीनै शहरमा कोही निस्केन । काशी फलामको कीलामा पञ्जाको अभ्यास गर्थ्यो, ऊ फलामको डण्डी घुमाएर पौंठाको अभ्यास गर्थ्यो, ज्यादै रसिलो; च्च् च्च् बिचरा !

भव– उसको निंति च्च् च्च् नगर, उसका कमाइ तीन छोरा छन्, देशसेवाको निमित्त उसले आफूलाई तेबर विकास गरेर यहीं छोडेको छ । मुकुन्द, तिमीलाई मात्र पितृऋण

लागेको छ, के ऋण लिएर खर्च गर्दा ज्वरको जिब्रोले चुकिलो कागती चाटेको अनुभव हुँदैन ?

मुकुन्द– बाजे, कति घोच्नुहुन्छ ।

भव– अगुल्टो ठोस्नैले बल्छ ।

मुकुन्द– आँचमा आगो नभए ?

भव– ठोस्नाले बल्दैन, सल्काउनै पर्दछ ।

मुकुन्द– काठ भिजेको भए ?

भव– सुकाएर सल्काउनुपर्छ ।

मुकुन्द– उः बा, आमा अनि इन्दिरा हो ? के अचम्म ! हो ?

भव– आफ्नै हृदयसित सोध, त्यहाँसम्म पुगेर फर्कने हावासित सोध ।

मुकुन्द– अवश्य होला, उही पखिनी-हिंडाइ छँदै छ ।

भव– किनभने उनी हिंड्नैको निमित्त हिंडेकी छन्, कसैको परेला झ्याली भएको पट्टलरूपी खैंजडीको ताल तालमा नाचेकी छैनन् ।

मुकुन्द– मूर्खताले उसको भलो गरोस् ! किन गोरी भइछ नि ?

भव– उनको रगत बिहान चोंदै सूर्यले बराबर पश्चिमतिर लागेको तिमीले कलकत्तामा समेत देखेको हुनुपर्छ !

मुकुन्द– खै, उता त विवेकको सूर्यलाई कोही दोष दिँदैनन्, दुब्लोलाई गरम पित्त चढाउने, कामज्वर आएकोलाई कँपाउने घाम होइन, उसकै आन्तरिक 'प्रकृति' कमजोरी हो भन्छन्, उद्योगीहरूको कुरै बेग्लै छ ।

भव– हो, उद्योगीहरू बरु कोदालीले आफ्नै चिहान खन्छन्, आफ्नो लाश जलाउने दाउरा काटी छिंडीमा जम्मा पारिराख्छन्, तर परदेशीको हातमा रण्डा भएर कहिल्यै खिईंदैनन् ।

मुकुन्द– पछ्यौरा लतारेको हेर, ढङ्गमरु । अफसोसी खुशी । मैले बुलबुले झिकेकी इन्दिरालाई पहिले नै जात्रामा देखें, बाजीको छूक यही हो । यस्ता अशिक्षिता, स्वभावका दासी, प्रेमको अनुहार नदेखेका कोर्काली नाठाहरूलाई जोसुकै, जस्तोसुकै गुण्डाले पनि चुड्काचुड्कीमा भालू नचाउन सक्छ । म

तपाईलाई प्रमाणित गरेर देखाइदिन्छु । सीता, सावित्री, सती शर्मिष्ठाहरूका चरित्र गँजडीका ध्वाँसाको मसीले घोट्टाको कागतमा लेखिएका केटाकेटीको निद्रा बोलाउने दन्त्यकथा मात्र हुन् । त्यो दिन चाँडै आउनेछ, म एउटा बोको डोऱ्याएर ल्याई तपाईको विचारको मौलोमा बाँधी आफ्नो सिद्धान्तले छिनेर जन्मभूमिलाई सधैंको लागि म बलिदान दिन्छु, अनि जानेछु, अनि खानेछु, अनि पिउनेछु, अनि हाँस्नेछु ।

(निस्कन्छन्)

दृश्य ३– उहीं

(साँझ र रातको भेट)

रूपनारायणको घर । अगिल्तिरको धारामा एक-दुई
जना आई पानी थापी निस्कन्छन् । धाराबाट
छेकिने गरेर पर्खालको आडमा मुकुन्द
र भवदेवको प्रवेश ।

भवदेव– तिमीलाई त केही गुण्डा होला भन्नेछन्, मचाहिं ठगाहा-चोर, जोगीमा गिन्ती हुनेछु । दपन-छपन गरेर पकाउनुपर्ने पापकै पायस हो ।

मुकुन्द– फेरि आज पनि अनेक बयलपातीहरूसित नारिँदै आउने बेला भो ।

(विमानको प्रवेश ।
पानी थाप्तछ ।)

(सुस्तरी) अब आस छैन ।

भव– (सुस्तरी) किन, चोखो पानी विमानले लैजान्छ र ?

(सानो घल्वा लिएकी एउटी स्वास्नीमान्छेको प्रवेश)

स्वास्नीमान्छे– खै दाज्यू, मलाई बेर छ ।

विमान– लौ । (आफ्नो गाग्रो हटाउँछ)

स्वा. मा.– भान्छा गर्नुभो ?

विमान– वेलामा खान पाइने पुर्पुरो छ र आफ्नो ।

स्वा. मा.– किन दाज्यू ?

विमान– पूजा-पूजा-पूजा गरिरहने देवताका प्यारा भक्तहरूले मानिसलाई सुख दिन जानेका छन् र ।

मुकुन्द– (सुस्तरी) हो; यो रित्तो ढोंगले कति जनालाई पिरिरहेछ ।

भव– (सुस्तरी) भरी गिलासभन्दा रित्तो ढोंग सयकडा उनान्सय गुना असल छ । (स्वास्नीमान्छे निस्कन्छे)

(एक जना धोती मात्र लाएको बाहुनको प्रवेश)

विमान– बाज्येकी दुलहीलाई कस्तो छ ?

बाहुन– आज त अलिकति जाउलो खाई ।

(विमान निस्कन्छ; बाहुनको नित्यपूजा शुरू हुन्छ)

भव– (सुस्तरी) आए है आए ।

मुकुन्द– (सुस्तरी) फेरि नाचकी मैयाँ जस्तै एउटी सहेली लिएर आइपुगी ।

(इन्दिरा र एउटी स्वास्नीमान्छेको प्रवेश)

आज पनि फर्कनैमा बुद्धिमानी छ । (बाहुन निस्कन्छ)

भव– (सुस्तरी) तर पहिले उल्ले पानी थापी ।

मुकुन्द– (सुस्तरी) पर्खनोस् है त, म उसलाई अलमल्याउँछु ।

भव– (सुस्तरी) जीवनभर अलमल्याइराख ।

मुकुन्द– (सुस्तरी) सके खुशी हुन्थें । स्वास्नीमान्छे, संसारभरका धारिला हतियार, जस-जसले सुन्दरताको भर्भर आँच लाउन सक्छ ऊसित कहिले-कहिले मतलबी झोल भएर पग्ले तापनि जवानी सेलाएकासित यिनीहरू जमेर फलाम हुन्छन्, अनि कपटी नखराले त्यसमा पाइन चढाउँछन्, तिनका दगाले साँध लाएको वरिपरि छुनेबित्तिकै काट्ने धार भएको कलेजालाई सौन्दर्यको सुनबुट्टे दाबले कसरी दबाइराखेको हुन्छ ? जान्नेहरू यिनलाई गोमन भन्छन् ।

भव– (सुस्तरी) गोमनले गोमनका खुट्टा देख्छ ।

मुकुन्द– (सुस्तरी) अनि त्यसमा नेल ठोक्छ कि सुनको, कि चाँदीको, कि फलामको ।

इन्दिरा– आज मेरो जीउ चौपट्टै गलेको छ, किन होला !

स्वास्नीमान्छे– मेरो पनि ।

इन्दिरा– छिः कति गर्मी, यो धारा जत्रै पानी परे पनि हुन्थ्यो !

स्वास्नीमान्छे– आज जस्तो गर्मी त नेपालमा उत्रेकै छैन होला ।

मुकुन्द– चिन्हे भने । यो लाऊँ ?

भव– चिन्दिनन्, जुँघा लाए त झन् शंका पर्छ ।

(स्वास्नीमान्छेले गाग्रो झिकेर इन्दिराले थाप्तानथाप्तै मुकुन्द अगाडि बढेर हात धुन लाग्दछ ।)

स्वा. मा.– इन्दिरा, गएँ म त, आज चटारो परेको छ । **(निस्कन्छे)**

मुकुन्द– लौ त थापन नानी, म पछिबाट धोउँला ।

इन्दिरा– होइन, धुनोस् ।

मुकुन्द– होइन, होइन, थाप । **(इन्दिराले गाग्री थाप्तछे)**

(बिस्तारै) इन्दिरा ?

त्यो नाम त उनकै हो, कसो हो, हो कि क्या हँ !

इन्दिरा– के

मुकुन्द– मुकुन्द के–तिम्रो–पोइ–हो ! कि–

इन्दिरा– हो, किन

हँ ?

मुकुन्द– ए, मैले उहाँ जाँदा भेटेथें, घरको कुरा गर्दथ्यो । ऊ मलाई त आफू नै ठान्दथ्यो, कतै उसको जीउमा काटे मेरोमा रक्त आउँथ्यो, मैले खाएँभने उल्ले खानुपर्दैनथ्यो, थियो ज्यान एक दुवै हामीहरूको । मनको सबै पोख्थ्यौ, कुरा त लामो छ बाटोभन्दा, तिमी अब कहिले सुन्दछ्यौ ? भोलि ? तिमीलाई सुनाउने धेरै कुरा छ, भनुँला ।

इन्दिरा– हाम्रो घर यही त हो, भेट्नुहोस् ससुरालाई, लगिदिन्छु म आउनोस्;

मुकुन्द– ओहो, यो के कुरा, खालि तिमीलाई सुनाउँछु तिमी सुन्ने भए । फेरि हल्ला गर्ने भए त म भन्ने छैन तिमीलाई पनि ।

इन्दिरा– भोलि उसो भए बारीमा आउनुहोस् ।

मुकुन्द– राती ?

इन्दिरा– बिहानै ।

मुकुन्द– हुन्छ, यो कुरा मनैमा राख, (देखाएर) गाग्रीको मुखबाट नपोखियोस्, पानी जस्तै । (इन्दिरा गाग्री बोक्तछे)

इन्दिरा– म पर्खन्छु सबैरैदेखि भोलि है ? नबिर्सनोस् ।

मुकुन्द– (हात धुँदै) ल, आमाको भोलि काम छ, तैपनि संझुंला । (भवदेव भएतिर जान्छ, इन्दिरा निस्कन्छे) आउनोस्, आए रित्ता गाग्रा अरू पनि ।

(निस्कन्छन्)

दृश्य ४– उहीं

बिहान झिसमिसको अगिल्लो भाग। रूपनारायणको घरपछिल्तिरको बारी। चराहरू बीचबीचमा यताउता कराइरहन्छन्।

(इन्दिराको प्रवेश)

इन्दिरा– **(धोएका लुगाहरू टाँगेर)**

कसैले बिपनामा के सपना देख्छ, आज म
किन हो सपना देख्छु त्यसै जागिरहे पनि।

(आशा र उत्साहले प्रफुल्लित हुँदै बीचबीचमा डराएर)

उसको के कुरा होला मीठो अमृत पो छ कि
अथवा विषको गोला के त्यो मानिस आउला!
के होला कि कसो होला भनी भुट्भुटिंदो मन
भन्दा बरु डढी तीतो भएको भन बेस हो।

(अझ सन्तोष मानेर)

लोग्नेमानिसका हामी पुतली हौं, नचाउँछन्
जस्तो जे मनमा लाग्छ हामीलाई उसै गरी,
कैले सिँगारिदिन्छन् ती सितारा तासले सजी,
कैले नङ्गा गरी फ्याँक्छन् ती कसिङ्गरमा पनि,
कहिले स्वर्गका देवी बनाएर उडाउँछन्,
कहिले च्यामिनी पारी गाडिदिन्छन् जुठ्यानमा
नबोले भन्दछन् लाटी, बोले होइन्छ डङ्किनी,
भन्छन् लहडमा कैले सीता कैले त लङ्किनी
हामी हौं काठ वा माटाहरूकै पुतलीहरू

हाम्रा जीवनका कर्मी देवता हुन् उनीहरू
जो आफ्नो पतिको टाढा रहन्छे त्यो अभागिनी
शून्यले बहिरी हुन्छे, रतन्धी अन्धारले;
जो नारी भाग्यमानी छ, त्यही नै सुन्न पाउँछे
पतिको स्वर चाहे त्यो गालीको रूपमा गुँजोस्;
छुन त्यै पाउँछे पाउ चाहे त्यो बज्रलात होस्
चाहे होस् रुद्रको मूर्ति त्यही दर्शन पाउँछे !
प्यासी के प्यासले मर्छे, कि त्यो विषसराबरी
मिलेको होस्न पानी नै पिएर बरु मर्दछे ।

(होचो पर्खालबाहिर मुकुन्दको प्रवेश)

मुकुन्द– के रे नाम ? हिजो मात्र तिम्रो नाम सुनें, तर
आजै भुसुक्क बिर्सेछु, के ? आ, अ, उ, इ, इन्दिरा ?
धन्दा शुरू भयो एका बिहानैदेखि ?

इन्दिरा– आज त
कुरा सुन्न म आएकी, नत्र निस्कन्नथें अगि-
पछि बाहिर नै यस्तो सबैरै कहिल्यै पनि ।
पृथ्वी बिहान पोतेको माथिको नीलरङ्गले
धेरै भयो नदेखेको, परै छन् सूर्य ती अझ ।

मुकुन्द– यस्तो फिका उज्यालोमा पनि शृङ्गारशून्य त्यो
स्वरूप स्पष्ट देखिन्छ, मैलो झुत्रो लुगा पनि ।
भाँडा माज्दा चुरा धेरै फुटे जस्तो छ, इन्दिरा,
विधवापन झल्कन्छ तिम्रो सर्वाङ्गमा किन ?

इन्दिरा– यस्तै हो ।

मुकुन्द– कहिले हुन्थ्यो, कहिले मान्दथें म त्यो,
दुःखको बदलीभित्र आएर भन के अब
डुब्न लागे जवानीको चन्द्रमा ? त्यो मुकुन्दले
तिम्रो सुहाउँदो सारी एउटा कहिल्यै पनि
पठाउँदैन, थाहा छ । मैली भै जीवनी तिमी
मैलाउँछ्यौ? जवानीको पाप लाग्दैन ? नाक त्यो
कान ती सब बुच्चै छन् दिक्क लाग्छ मलाई पो ।

इन्दिरा– के गर्दछ लुगाले र ?

मुकुन्द– लुगाले सब गर्दछ, शृङ्गार गहना नै हो

इन्दिरा– शृङ्गार पति मात्र हो गहना र लुगा लाई गधा गाई हुने भए पवित्र प्रेमको अड्डा पैसामा मात्र जम्दथ्यो, खालि पिर्ती पिई बाँच्ने गरीब सब तापले मर्थे भतभती, अर्कै हुन्थ्यो यो दुनियाँ, तर मायामा बाँच्तछौं हामी, माया गर्ने भए पुग्यो, सेवा गर्न उनैलाई खाली पेट भरे पुग्यो। आफ्नो खसमको प्रेम खारिएर नहोस् सुन, कुँदिएर नहोस् हीरा बुनिई फरिया नहोस्, यो जङ्गली अवस्थामै पछिसम्म रहिरहोस्। छोड्नोस् यस्तो कुरा। भन्छु भन्नुहुन्थ्यो हिजो अब भन्नोस् न।

मुकुन्द– सुन लौ, छोटो इतिहास सुनाउँछु, परन्तु यसले स्वास्नीमान्छेको कमलो मुटु समात्न सक्छ, या फोड्नै पनि छैन असम्भव त्यसैले एक पापीले बनाएको कडा विष लागेको हातमा मेरो परी मर्ला कुनै झिँगा, व्यर्थ फेरि मलाई त्यो पाप लाग्ला।

इन्दिरा– म सुन्छु त्यो।

मुकुन्द– फुट्ला नि कानको जाली ?

इन्दिरा– बिन्ती, चाँडै म सुन्दछु, के सच्चै छ उहाँलाई ? यसरी नसताउनोस्।

मुकुन्द– सच्चो छ।

इन्दिरा– यदि सच्चो छ उहाँलाई भने सब संसारलाइ सच्चै छ।

मुकुन्द– सच्चोमाथि उहाँ अझ आनन्दमाथि आनन्द, आनन्दैको अजीर्ण छ।

इन्दिरा– उहाँ त दुबलो नीलो रोगी जस्तो असाध्य नै हुनुहुन्थ्यो, तपाईं त गोरो, मोटो, उतातिर हावापानी मिली यस्तै उहाँलाई समेत के फाइदा नै भएको छ कि उस्तै हो ?

मुकुन्द– उहाँ अझ सिट्ठी-सिट्ठी भएको छ, किन दिक्क भयौ उसै ? उसो भए उ मोटो छ, मोटो छ ल म जत्तिकै । मुकुन्दको तिमीलाई माया लाग्दछ ?

इन्दिरा– के कुरा सोधेको यो तपाईंले ?

मुकुन्द– रोटी पाक्तछ इन्दिरा, दोहोरै, नत्र जाडोमा आगोभित्र पसेसरि हुन्छ । जो प्रेमको पश्चात्तापमा पर्छ सेरिई अधकल्चो भएको झैं त्यो सधैं छट्पटाउँछ त्यसको निति मिष्टान्न विष्टा वा छाद बन्दछ, निद्रा मरण झैं हुन्छ, सपना हुन्छ नारक, हाँसोले डाम्छ उल्लाई, पुष्प बन्दछ कण्टक, गाना करौंतिले तालु चिरेको ध्वनि बन्दछ, नाच भूकम्पमा गारो ढलेको दृश्य बन्दछ, अश्रुवैतरणीमाथि जीउँदै प्रेमतुल्य त्यो पौडन्छ ।

इन्दिरा– के उहाँलाई मेरो माया अलीकति पनि छैन ?

मुकुन्द– दया होला; माया छ त म भन्दिनँ, झूटो कुरा ।

इन्दिरा– दया कस्तो, माया कस्तो ?

मुकुन्द– अधीनमा दया छ, गर्दछौं; माया लाग्छ छैन अधीनमा । दया त गर्दछौं हामी लुते कुकुरमा पनि । ओहो, मुकुन्दको चाला सुन्न पायौ भने तिमी

माया फिर्ता लिई बस्न चाहन्छयौ, तर सक्तिनौ, मायामा र दयामा छ यही फरक इन्दिरा! इन्दिरा, कलकत्तामा हाम्रो भेट भयो, यहीं सँगै पढ्यौं, सँगै खेल्यौं हाम्रो मेल पला पला बढ्दै गयो, मलाई ऊ, उल्लाई म परस्पर आफू भन्थ्यौं। तिमी लोटचौ बिहानको दिनमा अनि उल्ले के के भन्यो रे हो ? तिमी भाग्यौ उठेर रे, तिम्रो कमरमा ठूलो कोठी छ पनि भन्दथ्यो, हो-होइन उही जानोस् । दुई वर्ष बितेपछि-देखि तिम्रो कुरा छोडचो उसले संझनै पनि; मूढ बालक बिर्सन्छ जसरी पाठ अस्तिको मुकुन्दले तिमीलाई उसरी बिर्सदै गयो; केही समयको खोला गहरी बेसरी जब बहचो मगजमा बिर्स्यो अनि उल्ले सफासँग बौलाहाहरुले जस्तै देशलाई र देशको घरलाई र घरका जहान सबलाइ र जहानकै तिमीलाई र तिम्रो भक्तिभावको द्यौतालाई र द्यौताको प्रेमलाई । तिमी किन अँधेरी रातको खोला जस्तै काली भयौ ? उता हेर, त्यो पूर्व डाँडाले ब्यूँझी स्नान गरीकन शीतले शिरमा लायो अग्लो मुकुट तेजको तिमी अवश्य नै खिन्न भयौ ।

इन्दिरा– होइन, भन्नुहोस्, अस्तिदेखि दुखेको छ मेरो आधा कपाल त ।

मुकुन्द– आज पूरा दुख्यो होला ।

इन्दिरा– सत्ते होइन, भन्नुहोस् ।

मुकुन्द– काटेको घाउमा फेरि यसले चहऱ्याउला !

(इन्दिरा टाउको हल्लाउँछे)

जब सारा कुरा बिर्स्यो जात, भात र इज्जत-समेत सब मिल्कायो भट्टी भट्टी डुली सब

आजको एक थोपाले भोलि लाख पिलाउँछ,
भोलिका लाखमा पर्सि समुद्रै लहराउँछ,
रक्सीले यसरी जीउ धन मान डुबाउँछ,
त्यसैले बुद्धिमान् भन्छन् मद्यमा पाप लुक्तछ ।
ऊ एक दिन डेरामा फर्केन, किन हो भनी
खोज्दै गएँ सधैं जान्थ्यो जहाँ त्यो अन्धकारमा
लाग्यो ठक्कर खुट्टामा, सलाई जेबमै थियो,
बालें, देखें त्यहाँ हाम्रो मुर्दातुल्य मुकुन्दको
मुख चाटिरहेको छ कालो कुकुरले, म त
रक्सीको गन्धले एक छिन बेहोश नै भएँ ।
आफूलाई उठाएर वर्षा धिक्कारको गरी
आफैं बोकेर डेरामा आधारात गएपछि
बल्ल ल्याइपुऱ्याएँ ! के इन्दिरा, अझ सुन्दछ्यौ ?
अझ यो विष लागेन तिम्रो निर्धो शरीरमा !

इन्दिरा– विष लागेर के हुन्छ ?

मुकुन्द– रिस उठ्तछ ।

इन्दिरा– कोसित ?

मुकुन्द– जसले यसरी आफूलाई धोखा दियो ।

इन्दिरा– किन ?

कतिचोटि दियो धोखा यो आँखाले, अझै पनि
संसारका सबै दृश्यभन्दा प्यारो छ दृष्टि यो,
के फुटालूँ म यल्लाई ? झन् के विषयजालमा
बेह्री धोखा दियो भन्ने बात लाएर प्राणको
हिंसा गरूँ ? उहाँ साथै बस्ने भाग्य अभागिनी
यो मलाई हुँदो हो त रक्सी पोखिदिई सबै
कचौरा र सिसी सारा भर्दथें आँसु आँसुले
नसके यसरी रोक्न बढ्ता रक्सी पिई अझ,
कलेजा ओकली लेख्थें टुक्राले भुईंमा यही,
'यो प्राणेश्वरको निम्ति रक्सी नपिउनोस्' भनी ।

मुकुन्द– देखी चेत्ने भए हाम्रै छिमेकी दुइटा मरे

पिउँदा पिउँदा रक्सी त्यसै मुटु फुटेर, खै चेतेको ?
सुनी चेत्ने भए कस्ता कस्ता शिक्षा दिई दिई थाके शिक्षक स्वामी सद्ब्रह्मचारी अनेक, खै चेतेको ?
तिम्रो कुरा उ मान्थ्यो र, कस्ता प्याराहरू पनि सधैं हेलाँ भई फर्के प्यारी रक्सीअगिल्तिर ।

इन्दिरा– को प्यारी ?

मुकुन्द– को भनूँ, प्यारीहरू धेरै थिए उहाँ, एक रण्डी थिई, फेरि उनमा पनि मुख्य त, हेछ्यौं ?

(सबै खल्तीमा खोजेर बल्ल पाएजस्तो गरी)

हेर, यही हो लौ । **(इन्दिरालाई पोस्टकार्ड दिन्छ)**
तिमी व्यर्थै यहाँ बसी जप्छ्यौ मुकुन्दको नाम, उहाँ रण्डी उ जप्तछ । पछिल्तिर चिठी हेर, लेखेको त्यो मलाइ हो, चिन्यौ अक्षर ? छातीको भूगोलभर राज्य त्यो रण्डीको दासकी दासी तिमी । 'रोजी' छ नाम नै उसको, भन्दथ्यो, 'रोजी, तिमी, मेरी भयौभने लात मार्छु म यो पृथ्वीभरका सुखलाइ नै ।' अनि लात दियो आफूलाई, बज्रथ्यो परन्तु त्यो तिमीमाथि । भयो देऊ कति हेछ्यौं, उ रूपकी खानी हो, रूप हेरेर सदैन जगदीशले उसैलाई दिए रङ्ग, पति ऐश्वर्य जे पनि

(आफ्नो हातको तसवीर देखाएर)

जसलाई तिमी पूजा गछ्यौं, तिम्रो उ देवता पूजा गर्छ यसैलाई ।

इन्दिरा– पर्खनोस् है, म आउँछु ।

(दौडेर निस्कन्छे)

मुकुन्द– बल्लतल्ल डग्यो, ओहो ! सतीको दृढ आसन,

भवदेव, भयो मेरै जीतबाजी, तिमी बसी, माला जपीरहू एक सय आठ 'हरे शिव ।' इन्दिरा धन्य हो, त्यस्तो शीतको युगमा पनि निकै बेर बलिस् हेरूँ कसरी अब निभ्दछेस्, सिट्ठी कालो गरी छोड्छेस् या खरानी गरी सब । तर आईभने अर्को बत्ती सल्काउँदै, अझ डर लाग्छ मलाई त उसको अनुहारले, स्त्रीको चरित्रमा केही देखिँदैन असम्भव यिनै हुन् मन्थरा दासी, सीता माता यिनै, किन बेर लाई ! गई क्रोधागारमा अब निश्चय । फेरि आई ।

(इन्दिराको प्रवेश)

इन्दिरा– सबै बाँकी कुरा भन्नोस्, म सुन्दछु ।

मुकुन्द– रित्ता आँखा लिई आयौ, अगिको दु:खको जल घोप्टचाइछचौ, बुझें मैले रातो रङ्ग त नेत्रमा पोल्ने रगतको आँसु, कच्चा भाँडा फुटेभने ?

इन्दिरा– कच्चा छैनन् दुवै आँखा, तपाई विष भक्भकी उमालेर त्यही हाली चलाईकन बेसरी पीराहा यी कचौरा त दुवै पक्का गरीकन शिरमा राखिएका छन् जन्मैदेखि ।

मुकुन्द– उसोभने किन भित्र गई रोयौ ? यही रोए म बाँड्दथें दु:ख पानी । उहाँ तिम्रो पोइको व्यवहारले कतिचोटि म ज्यादा नै रोएको छु । म को हुँ र, लोग्नेमान्छे, म टाढाको परलें तैपनि मै पनि भने– सम्झ तिमीलाई स्त्री स्त्री स्त्री उसकै अझ त्यस्तो निष्ठुरको साथ छोडी आएँ यही कुरा भनूँ भनी तिमीलाई 'तिम्रो मन्त्र अशुद्ध छ रक्षा गर्दैन त्यसले सत्यानास गराउँछ छोडिदेऊ तिमी जप्न ।' म भएको भए त के

निष्ठुरी बेइमानी स्त्रीघाती पापी पिशाच त्यो पोइको नाममा खल्को हाल्यें ।

इन्दिरा– नरक झैं छुचो मुख पारेर यो पापी कुरा झिक्नुभयो, कतै दिन सक्छ कसैलाई कसैले दु:ख, जे थियो लेखेको कर्ममा मेरो त्यही भोगिरहेछु म । आज संसारमा कोही महारोग भई त्यसै फत्फती कुहुँदै 'पानी' 'पानी' भनी कराउँदै निराशमा जली बाँचिरहेका छन्, कतैतिर कोही खान नपाएर आफ्नै मासु शरीरको टोकी दु:खहरू तौलिरहेका छन्, कतैतिर आफ्नै मुटु कलेजाले खुट्टा हाली यताउति बामे सर्दै रुँदै तोते बोलीको बीचबीचमा 'आमा' भनेर हाँसेझैं पुत्रको लाश अग्निमा आफैं पोलिरहेका छन् । परमेश्वरलाइ ती सब दोष दिऊन् ? आफ्नै कर्मको अनुसारले छातीभित्र सबै द्वार बन्द इन्द्रियको गरी कहिले दु:ख थच्चिन्छ, कहिले सुख बस्तछ, कहिले असिना पर्छ, कहिले सूर्य बन्दछ ।

मुकुन्द– अझ के त तिमी माया गछर्यौ त्यस्ता मुकुन्दको ?

इन्दिरा– माया त पहिल्यै गर्थें, त्यसमा अझ थप्तछु आमाले स्नेह सम्झेर त्यो उपद्रव, मूर्खता सम्झी दया महारानीहरूको, जड पत्थर जस्तो हृदय सम्झेर भक्ति आस्तिकवर्गको अगिल्लो जन्मको पाप काट्तैमा जन्म यो बित्यो भने जसै गरी, अर्को जन्ममा त म पाउँला दयावन्त उहाँलाई, तपस्या अब गर्दछु अझ गर्दछु, यो आयु तपस्यामै बिताउँछु । यो मासु मासुको पिण्ड, सेवा गर्न नपाउने हातखुट्टाहरू बोझा सीसा जस्तो शरीर यो

सुकाई तपको आगोमा सबै होम गर्दछु ।

मुकुन्द– भवदेव उहाँ आई तिम्रो सारा कुरा गरे,
उसलाई यहाँ ल्याऊँ भनी यत्न वृथा गरे
वेश्यालाई अँगालेर मदले मत्त भैकन
भन्यो मुकुन्दले हाँसी हाँसी आखिरमा यसै–
'यहीं छ इन्दिरा मेरी रोजी, अर्को मुकुन्द त्यो
इन्दिराले उहीं खोजोस् कि त रण्डी बजारकी
बनोस् फर्कन्नँ, वास्ता के ?' तिमी रोयौ ?

इन्दिरा– म, खै कहाँ
रोएँ ?

मुकुन्द– रोयौ उ: रोयौ उ: !

इन्दिरा– जानोस् अब, भयो भयो !

मुकुन्द– तिमी रोयौ !

इन्दिरा– जानोस् भयो भयो !

(भूइँको माटो उठाएर मुकुन्दतिर छरी घोप्टो परेर रुन्छे ।
मुकुन्द निस्कन्छ ।)

दृश्य– ५ उहीं : रातको शुरू

रूपनारायणको सुत्ने कोठा । रूपनारायण बिछ्यौनामा गुदुमुदु भएर ढुसुढुसु उडिरहेका । सामदान बलिरहेको ।

रूपनारायण– (बीच–बीचमा 'हाई' गर्दै)

स्वप्न वैशाख झैं फुल्छ पूस जस्तै हराउँछ,
स्वप्नको दुनियाँ हामी ब्यूँझनासाथ मर्दछ
त्यहाँको विष लाग्दैन न पखेटा पह्लाउँछ;
न त्यो सुवर्ण गिरिको एक चुन्दाम बाँच्तछ,
न त्यो प्रलयको वर्षा ज्वलन्त नभमन्तिर
डढेकी पृथिवीमाथि एउटा बूँद छर्दछ,
पूर्ण आनन्दका चन्द्र न आधै मात्र अड्दछन्,
सपनाको सबै मर्छ सम्झना मात्र बच्तछ,
छिनेको स्वप्नको माला उन्दैमा आयु बित्तछ ।
(उड्दछन्)
त्यसैले के कुरा सत्य जगत्को ? सपना पनि
मर्दैन कहिल्यै किन्तु आत्माको स्मृतिभित्र नै
बाँचिरहन्छ, या केही मरी मुक्त भयौंभने
माला गाँथेर टुङ्गिन्छ जोडिन्छन् दुइ छेउ यी ।
(उड्दछन्)

(विमानको प्रवेश)

(लिएर आएको मासिक पत्र र चिठी उसले भूईंमा फ्यात्त फ्याँक्नेबित्तिकै घोप्टेर उडिरहेका रूपनारायण झस्कन्छन्)

के ल्याइस् शारदा ?

विमान– भान्छामा हुनुहुन्छ ।

रूप– जा, म त आज भात खान्नँ भनिदे ।

विमान– कहाँ भूई भत्क्यो, भन्नुभएको ?

रूप– (अलि कराएर) धत् उल्लू, भइहाल्यो, आइज एक छिन मेरो कमर अँठ्याइदे ।

(विमान त्यसै गर्दछ)

(रूपनारायण शारदा हेर्न थाल्दछन्)

तँलाई थाहा छ विमान, म पनि शारदाको ग्राहक बनेको छु, वर्ष दिनको चार रुपियाँ, दिनको एक पैसा भनूँ न, एक पैसा त रोजिन्दा चौंदीको गिलास माझ्दा खर्च हुन्छ, यसको ग्राहक बनेपछि त मैले चुरोट छोडिदिएँ नि, के भनिस् ?

विमान– बढिया भयो, जाती भयो ।

रूप– शारदालाई तुच्छ गन्ने पनि मान्छे छन् नि, मानौं उनीहरू नेपाली नै होइनौं कि भनेजस्तो गर्छन्, मानौं उनको सभ्यता बेग्लै छ, हावाको किल्लामा छ ।

विमान– अचम्मै छ ।

रूप– म पनि शारदाको कहिले-कहिले निराश भएर निन्दा गर्छु तर त्यो बेला आफैंलाई निन्दित सम्झन्छु ।

विमान– हो त, त्यो त ।

रूप– (चस्मा लाउँछन्) कान दे यता ।

विमान– 'श' लाई कान दियो 'शा' 'र' 'द' लाई कान दियो 'दा' 'शारदा' ।

रूप– तँ चाहिं मलाई कान दे ।

विमान– 'मा' भयो– 'शारदामा' ।

रूप– सुन्, तँ कवि जस्तै छस्, शब्दसित खेल्न पाइस्भने जुवा खेल्न पनि छाडिदिन्छस्, सुन्– (लय हालेर)

हेर्दा माथि थियो घना घन घटा सारा लतावृक्षको भोको केवल अस्थिपञ्जर थियो माटो सुकी भूमिको, छारो मात्र उडेर नेत्र बहुधा हुन्थ्यो त्यसै बन्द नै यस्तो दुर्दिन निर्धनी शिशिरको हाँसी उडायौं कुनै ।

विकान– के भनेको यो ?

रूप– सुन्न अरू–

(लय हालेर)

तेजी घाम थियो थिएन नभमा टुक्रा कहीं बादल
पृथ्वीको हरियो थियो रङ जता हेऱ्यो उतै मञ्जुल,
छोपेको फलफूलले अरु लता गुल्जार सारा वनै
यस्तो स्वच्छ वसन्तको दिल उसै रोई बगायौं कुनै ।

विमान– के अर्थ यसको ?

रूप– बुझिनस् ? रमाइलो वा बेरमाइलो बाहिर छैदै छैन रे,
हाम्रो मनैमा छ रे । यो कसलाई थाहा छैन र ! यस्तै-
यस्तै उडलाग्दा लेखले भरिएको भएर ता 'शारदा' म
जस्तै दुब्लाउँदै गएको ।

विमान– यसमा राम्रा-राम्रा कथा हुँदैनन् ?

रूप– मुखैमा गाउँखाने कथा कि कानका कीरा खाने
(पुस्तक फ्याँकेर) विमान,
यदि यो मनले मागे जस्तै मगजले पनि
भिक्षा उस्तै दिंदो हो त लेखनी खपरू भरी
म बाँझो खेतमा बस्थें यही मासिकपत्रको
वीणा बजाउँथें यस्तो कि आकर्षित गर्दथें
अन्त भागिरहेका ती सारा बादललाइ, त्यो
मधुर ध्वनिले खिंच्तै अश्रुवर्षा गराउँथें
वीणा र आँसुको तार साथै झन्कार्दथें अझ
सोस्तथें रक्तको पानी छातीको पीँधसम्मकै,
अनि उमार्दथें प्रेम-बाला लहलहाउँदा,
यस्तो त्यो लेखले ऊङ निद्रालाई धपाउँथें,
मीठो प्रेमान्नले प्याराहरूलाई बकाउँथें–
'भाषा हो सभ्यता हाम्रो, सारा उदय उन्नति
जीत वैभव भाषामै बाँच्तछन् पछिसम्म यी,
भाषा हो जीवनी हाम्रो'–ओहो यो कसको चिठी ?

विमान– ऐले मैले सँगै ल्याएको ।

(रूप चिठी हातमा लिई देवताहरूलाई ढोगेर खोल्दछन्)

रूप– (हेरिसकी ओढ्ने प्याँकेर) भवदेव त पाल्पा आफ्नो गाउँमा गएछन्– लाजले विमान, हामी डुब्यौं– जलाथल भो ! जलाथल भो ।

विमान– किन यस्तो ?

रूप– (लट्ठी टेकी उठेर) अगस्ति मुकुन्दको रक्सीको सात समुद्रमा उसको बाबु डुब्यो ! आमा डुबी !

(निस्कन्छन्)

चतुर्थ अंक

दृश्य १– पाटन

रात जाने बेलामा बिहानीपख

भवदेवको घरको बैठक । एकातिर चारोटा झ्याल, अर्कोतिर तीनोटा दराज भएको लामो सोते । बीच-भित्तामा ढोका । दराजका माझ भित्ताहरूमा तीन तसवीर– श्री ३ महाराजको, रामराज्याभिषेकको, शिव-पार्वती-गणेश बयलमा चढेको, अनि अलि ठूलो एउटा हेर्ने ऐना । बैठकभरिको कलेजी रङ् उडेको पुरानो गलैंचा, त्यही रङ्को बुट्टा भएको कागत भित्तामा टाँसेको । एउटा सानो त्रिपाई । बूढो भेषमा भवदेव र घुम्टो हालेको पुनाचाको प्रवेश ।

भव– तँ कसरी आइपुगिस्, पुना ?

पुनाचा– यसकै घुम्तो हालेर । हेर्नोस्, उहाँ एक डुई जनाले मलाई सोढ्चो ।

भव– (दाह्रीजुँघाहरू झिकेर दराजमा थन्क्याउँदै) के भनिस् त ज्यापू ?

पुनाचा– म माट्टै फर्क्यो भनिडियो ।

भव– अब आज दिनभरि यहीं बस्नू । भरे रात परेपछि यो दुलो छोडेर स्याल कराउँदै जालास् । अब चार-पाँच दिन त हो नि, अनि त यसको वारपार लागिहाल्दछ, कि डुङ्गी बीचमै डुब्दछ ।

पुनाचा– साहू खै ट ?

भव– तँलाई थाहा नै छैन, उहाँ भेट-कुराकानी सब भैसक्यो अस्ति; फेरि ऊ हिजो पनि उहाँ पुग्यो, फेरि आज पनि उहीं, खेती पो चलिरहेछ त ।

पुनाचा– चिन्हेन ट ?

भव– बिचरी कसरी चिन्दथी !

पुनाचा– रोजिन्डै किन पल्केछ ट ?

भव– रोजिन्दै अग्निपरीक्षा छ ।

पुनाचा– अझ चिट्ट बुझेनछ ?

भव– तेरो मुकुन्दको जिद्दी ! भोकभन्दा गरीबको आशाभन्दा, जुवाडेको लोभभन्दा समेत त्यो कडा छ, इन्दिरालाई भृगुको लातले अझ जाँच्दै छ, अझ बढ्दा छ उसमा पाप पाइन । तर टुट्दैन त्यो चाँडै लल्याक्लुलुक बन्दछ जुन हाँगा, कडा हाँगा जुनचाहिं फलाम झैं कत्ति दोब्रिन जान्दैन जब टुट्तछ पट्ट त्यो भाँचिन्छ एक सासैमा, बोक्राको पनि एउटा त्यान्द्रोसम्म त्यहाँ बाँकी नरहीकन गिर्दछ अनि त्यो पाउमा अर्को रूखको । तर चूप लाग्, परमेश्वरले आफैं ठीक गर्दछ । रूपका हातमा त चिठी मेरो पुगेछ नि, मन्योभने बूढा मार्ने मलाई नै सम्झी, लौ मतियार त पापी मुकुन्द होस्, किन्तु हिंसाको पाप लाग्दछ मलाई नै । **(टाउको हल्लाउँछन्)**

पुना, तैं भन् के सवारी मुकुन्दको यहाँ चलाउने गाडामा त श्री शिवजी पनि बसाहा सुनकै जोत्न दिँदैनन् हर्षले र ? के त्यो पापी लिपिमा मेरो धर्मरूपी सरस्वती छैनन् भित्र लुकेकी र–

(तल हेरी नाक फुलाई रिसाएर)

मलाई पाप लाग्दछ ?

पुनाचा– कहिले लाग्डठ्यो ।

भवदेव– रोगी खाई औषधि वैद्यको आजसम्म नजानेर कुनै कारणले मऱ्यो भने औषधि आशाले थप्ने त्यो वैद्यलाइ के पापी भन्ला कसैले र मलाई पाप लाग्दछ ?

पुनाचा– लाग्डैन कहिले लाग्ठ्यो !

भवदेव– लेखें लाचार भै चिठी, लेख्नै पऱ्यो । उ आयो । **(मुकुन्दको प्रवेश)** के लखेटे सूर्यले यहाँ ?

मुकुन्द– उज्यालैले लखेट्यो, छन् अझ ती त कहाँ कहाँ पुना पनि कताबाट ?

भवदेव– मानेन मनले भनी आएछ । भेट भो ?

मुकुन्द– भारीतारी अब कसे भयो ऊ त भाग्ने कुरा गर्छे ।

भवदेव– किन, कोसित ?

मुकुन्द– मैसित मलाई भेट्न जाने रे ।

भवदेव– भारी अब फुए भयो उसो भने ।

मुकुन्द– कहाँ हुन्थ्यो, अर्काकी स्त्री लिई म त कहीं जान्नँ भनें । **(ऐनाअगिल्तिर गई हेरेर)** बाज्ये, यो फेटाले मलाइ के खुलेको छ ? म के गोरो छु र ? सुन्नोस्न; इन्दिरा गोरो मोटो भयो भन्थी मलाई अस्ति आज त हेरिरहन्थी मुखमा, के केही दाग पो छ कि अथवा उसले फेला पारी यो अनुहारमा आफ्नो मुकुन्दको भोक टार्न सक्ने कुनै अरू ।

भवदेव– उनले कसरी हेरिन् तिमीलाई ?

मुकुन्द– जसो गरी टाढा जानेहरू हेर्छन् बाटोलाई ।

भवदेव– त ध्यानमा होलिन् मुकुन्दको, हेरिन् भाग्ने सुर गरी अनि तिम्रो बाटो ।

मुकुन्द– म के त्यत्ति पनि जान्दिनँ चोरको आँखामा साधुको भन्दा के के हुन्छ विभिन्नता कति चिम्सन्छ वा कस्तो रेखा पर्दछ कोसमा डील उठ्छ कि उठ्तैन, गड्छ गड्दैन पट्टल; सेतोभित्र नसा हुन्छन् कति राता, कतातिर नानी गड्छ भकुण्डो झैं, नानीको पुतली पनि कतिसम्म खुला हुन्छ, आँखीभौं कसरी कता तर्कन्छ, कति जोडिन्छ जोर्नीमा, के म जान्दिनँ ? ठूलो दूर्बीन लाएर रोमकूप गनी गनी आँखा जाँचिसकें कैयन् अप्सराहरुका अब एउटी पखिनीको के म जाँच्न सक्तिनँ ?

भवदेव– (लामो सास फेरेर) इन्दिरा, खस्यौ ?

मुकुन्द– तैपनि शंका छ, निश्चयै त म भन्दिनँ इन्दिरा त अनौठी पो छ त, आजन्म एउटी यो जस्ती त अरू मैले देखेकै छैन, आखिर जानी नसकिने विद्या स्वास्नीमानिस नै न हुन्, को भन्न सक्छ के हुन्छ के हुँदैन ।

भवदेव– तिमी अब मार्दछौ इन्दिरालाई अनुत्तीर्ण भइन्भने यस्तो कडा परीक्षामा ? अनि लाश जलाउँछौ उनीको दाउरा पारी आफ्ना आमा र बाबुको ? अरू जन्म दिनेलाई सेवा गर्दै मरेपछि दिन्छन् स्वधर्म ठानेर दागबत्ती, तिमीभने जन्मदाताहरूलाई जीउँदै रापतापमा

दागबत्ती बनाएर सल्काई जन्मभूमिको जीउँदो मुखमा हाली, 'मेरो देश मर्‍यो' भनी टोपी झिकी कराएर भाग्दछौ ?

मुकुन्द– अँ, यही थियो बाजीमा, इन्दिरा केही गरी तल गिरीभने हुने होइन के हार तपाईंको, म पाउने खुशीसाथ फिरी जाने सुजयन्ती मनाउँदै ! अहिले हारको खार जब त्यो नाकमा घुस्यो हातखुट्टाहरू छोडी गालीको कविता अनि घोक्न लाग्नुभयो ?

भवदेव– मैले यहाँ जति कुरा गरें यो गाली हो भने तिम्रो बिरामैको जवाफ हो, रामका बाण हुन्, हाम्रा सत्यबोलीहरू सबै 'चोर' यो शब्द पर्‍दैन साधुको कानमा, उता चोरको मुटुमा तेर्सो परी अड्कन पुग्दछ तिमी जाऊ खुशीसाथ हामी हार्नेहरू यहाँ आफ्नो घाउ समातेर 'मरें बाबा' भनी रुँदै जित्नेलाई सराप्नेछौं सधैं ।

मुकुन्द– त्यो हारले यदि मेरो पक्ष लिए ?

भवदेव– हार इन्दिरा बन्दछिन्, अनि तिम्रो त जीत नै हुन्छ, सबै जय मनाउँछन् ।

पुनाचा– हामी पनि सबै भोज खान्छौं जय मनाउँडै ।

मुकुन्द– परन्तु रुन थाल्नेछन् 'मरें' भनी कराउँदै मेरा रमाइलो खाई बढेका सब इन्द्रिय ।

भवदेव– भोगले सुख मिल्दैन, त्यो त तृष्णा बढाउँछ, तृष्णामा दुःख उम्रन्छन्, दुःखमा पाप फल्दछ; जितेन्द्रिय भए मात्र सुखको फल फल्दछ; भोगे पनि सुखै हुन्छ, नभोगे अझ झन् सुख । उही घाम, उही नीलो-नीलो आकाश, बादल

उही सेतो रुवा फड्के जस्तो, इन्द्रधनु उही, उही मन उही जिब्रो कहिले भन्छ 'आजको दिन कस्तो उडेको' त्यै आज कस्तो रमाइलो कहिले भन्छ । यो हामी जान्दछौं मुखभित्र छ भन्छौं तैपनि यो दृश्य हेर कस्तो रमाइलो । यो तिम्रो भित्रको छाती चिरी हेर्‍यौभने यहाँ नेपाल मात्र राम्रो छ, नेपालै छ रमाइलो; कर्तव्य मात्र राम्रो छ, कर्तव्यै छ रमाइलो ।

मुकुन्द– विजास नित्य चल्दो छ, कर्ता कर्तव्य जान्दछ, बोल्ने चूप भई मर्छ, चूपैमा चूप मर्दछ, गुणभित्र घुमेका छौं, कोही पुग्दैन पार त, पहिले घोर संग्राम अनि यो जीत हार त ।

(निस्कन्छन्)

दृश्य २– उही : रूपनारायणको घर

इन्दिराको कोठा । झूल माथि उठाएर गाँठो पारी राखेको । इन्दिरा सन्झघालको छेउमा बस्ने फल्याकमन्तिर ढाकाको खास्टोमा सञ्जाप हालिरहेकी देखिन्छे । एउटामा छः ओटा मुनियाँ, अर्कोमा मैना, अर्कोमा सुगा हालेका तीनओटा पिंजरा बोकेर विमानको प्रवेश ।

विमान– (राखेर) तपाईको ससुराले पाल्न पठाउनुभएको झ्यालको बीच-बीचमा झुण्डघाइराख्नोस् रे, आहार जे जे चाहिन्छ भन्नोस्, मलाई ल्याइदिनू भन्नुभएको छ ।

इन्दिरा– मैले भनेको खै त ?

विमान– अस्ति ल्याइहालें नि ।

इन्दिरा– त्यस्तो धारै नभएको ।

विमान– धेरै भएन ?

इन्दिरा– होइन, धार । मासु, मासु त के आलु पनि काटिदैन ।

विमान– कसलाई के के भएछ ?

इन्दिरा– छिः, अर्को ल्याइदिनू भनेको ।

विमान– ल्याउँला, ल्याउँला हुन्छ । (निस्कन्छ)

(इन्दिरा पिंजराहरू झ्यालको बीच-बीचमा, बस्ने ठाउँमा राख्तछे)

इन्दिरा– मैना, लौ एउटा गीत गाइदे, राम, राम, भन्, लौ राधाकृष्ण बोल् मैना, मैना मसित बोल्दिनस्

(पिंजराका ढोकाहरू खोल्दै)

लौ, जा त जा जहाँ तेरा प्यारा छन्, जा सुगा पनि,
जाओ सबै, चिमोट्तै म 'अप्या'को गीत सुन्दिनँ ।

(चराहरू उडेर जान्छन्)

तेरो बन्धनमा मेरो मोक्ष छैन, उडी उडी
आत्मालाई सिका मेरो कसरी उड्नुपर्दछ ।

(ख्यालबाट हेरेर)

पुगे उही जहाँ प्यारा परदेश गए पनि
बसेको ठाउँ तातै छ गुँडको एक छेउमा,
उसको स्वर गुँज्दैछ अझ त्यो पात पातमा,
हावा हल्लिरहेको छ पङ्खाले उसको अझ
छाया पर्दैछ उसको जलमा थलमा अझ ।

(खास्टो सन्दूकमाथि फ्याँकेर ओछ्यानमा बस्तछे)

घाम लागिरहेको छ टण्टलापुर बाहिर
कालो रात पऱ्यो भित्र, आस अस्ताउँदै डुब्यो,
एकको के कुरा कोटि सूर्य निस्केभने पनि
कालो विषादि यो धूर्वा भित्र छेडी अलीकति
उज्यालो पार्न सक्तैनन्; छिप्पियो रातको मुख,
सेता आकाशगङ्गाका केश सारा झरे, अनि
कालो बादलको ज्यादै गहिरो चाउरी पऱ्यो
ताराका दाँत ती फुक्ले, चीसो चीसो कँपाउने
हुरी चल्यो, पऱ्यो पानी, म दुङ्गासित साथमा
भिज्न लागें कतै ठाउँ छ यो शिर लुकाउने ?
चराको मुटु यो हल्लीरहेछ अझके गरूँ,
नत्र दुङ्गा भई बस्थें, लेउ खाएर सुत्नथें,
अब मेरो कतै कोही छैन यो दुनियाँभरि,
मलाई जब मैले नै मनलाई बिदा दिएँ;
जल्लाई पतिले हेला गऱ्यो त्यल्लाइ मै पनि
हेला गर्दछु, यो मासु अब बेकामको भयो
धूलोभन्दा दुसीभन्दा खियाभन्दा फलामको,
यसको भोज ती काला गिद्ध आई गरे भयो ।

(तकियामा टाउको जोती, त्यसमन्तिर हात घुसार्दै पुस्तक भेटिएपछि)

राम यो नाममा शक्ति केही बाँकी भए अब ठाउँ देऊ मलाई यो कालो शिर लुकाउने, त्यो काख नभए खाली पैतलामनि घुस्तछु, या तिम्रो पाउ नै छोई अहिल्या झैं उठी भने भन्ने डर भए तिम्रो न्यानो छायाँ भए पनि मलाई पुग्छ यो मेरो कालो मूर्ति लुकाउन ।

(टाउको उठाएर सम्झी)

कुनै दिन म ऐनामा मुख हेरी सिंगार्दथें, राम्री भएँ भनी ठान्थें अब ऐना म हेर्दिनँ, धोखा दियो मलाई त्यो आर्सीले, आज फेरि यो यस्तो दिन यहाँ आयो ठाउँ खोज्छु सबैतिर ज्यादै हेला भएकीको कालो शिर लुकाउन ।

(पल्टी फेरि उठेर)

निराधार भई खालि राम राम म जप्तछु यस्तो यो कालरात्रीमा पनि यो राम रामको हरेक शब्दमा, रातो रातो बन्दछ गोल, के अझ यो सास नै फुक्न सकेन, नलिईकन भित्र बाहिर नै एकनास छोडेर बाल्न त्यो आफूलाई उज्यालोमा राख्ने ज्वाला सधैंभरि पानीमा पनि बल्ने त्यो हावा बन्द भए पनि भस्ममा पनि बल्ने त्यो दीपज्योति सधैं सधैं

(घोप्टो परी पल्टन्छे)

राजामती– भयो, ज्यादा भयो नानी, रोई पाइन्न चन्द्रमा सराप्छ आँसुले यस्तो धेरै पोखिरहयो भने रुँदा थकिन्छ यो आत्मा जहाँ आनन्दले सुती नारायण रहेका छन् ।

इन्दिरा– मेरो के दोष हेर्नुहोस्, सहूँ भनेर जोडैले बिर्को पट्टलको थुनी

बस्छु, यो आँसु पोखिन्छ उम्ली अन्तरबाट नै ।

राजामती– त्यसैले त म भन्दैछु, घटाऊ, आँच तापको ज्यादा न मधुरो पारी सुकाऊ दूध आँसुको ।

इन्दिरा– कुराउनी जमी डढ्दा फुट्छ भाँडासमेत यो, या प्वाल बसमा पर्छ, ज्वाला छिर्दछ अग्निको

राजामती– उसो भए तिमी आगै हटाऊ पर ।

इन्दिरा– केवल यी भाँडा हुन् दुवै मेरा, मेरै हो दूध उम्लिदो, तर यो निर्दयी आगो अर्कैको हो ।

राजामती– उसो भने आफ्नै भाँडा हटाऊ ।

इन्दिरा– यो पनि तातो छ ज्वलते छोए त तालुमा ज्वाला पुग्छ ।

राजामती– भाँडा तिमी झिक त्यो साहसी सनासोले ।

इन्दिरा– अफसोस, चुल्होसित टाँसिएको छ यो भाँडा, जसरी यो शरीरमा जोडिएको छ यो आँखा ।

राजामती– पानी छर्केर धैर्यको अब आगै निभाऊ ।

इन्दिरा– त्यो आगोलाई निभाउँदा अँध्यारो हुन्छ संसार, हातमा सिस्नु बिझ्दछ, भासिन्छ भासमा खुट्टा, चर्कन्छ शिर भाग्यको, त्यसैले दूध नै उम्ली सिद्धियोस्, सब, तातिदै पग्लोस् भाँडा, म भोकी भै प्रीतिको अग्निमा परी जलेर मर्न राजी छु बाँचीरहन सक्तिनँ सर्प जस्तो अँध्यारामा विष झैं अन्धकारमा ।

राजामती– जल नानी, जलेकै छचौ ।

इन्दिरा– तपाईं भन्नुहोस् न त आफ्नो मानिसले छोडे के गर्ने ?

राजामती– के भनूँ म खै
के गर्ने किन सोध्छ्यौ यो मलाई, चूपचाप भै
सोध ती विधवा कान्छा बाज्येकी दुलहीसित
जो सधैं व्रतले आन्द्रा झिनु पारेर कात्तछिन्,
अथवा सोध त्यो तल्लो घरकीसित –पोइ छ,
छोरो छ जीउँदै आई फेरि योसित तैपनि
जारी खर्च दिलाएर अगिल्लोलाइ जो अझ
हाँसो हामीहरूलाई भुनिवा जन्तु भन्दछे,
अथवा काल पर्खेर कथा जोडी उभीरहू,
स्त्रीलाई पार्दछन् बूढी पोइले कि त काललै।
इन्दिरा– ज्यामा, यस्तो कुरा मैले सोधेकै पनि होइन।
राजामती– (तर्सेर) भूईंचालो गयो, आऊ, उठ।
(दौडेर पर पुगी फर्केर) कस्ती तिमी त छिः।
अझ! आऊ भनेको, लौ, गएँ त म उसो भए।
उसलाई त हाँसो छ, हुन्छ है त बसीरहू!
इन्दिरा– ज्यामा, खै झूल हल्लेको?
राजामती– अब थामिसक्यो त के!
एक झोंका दिई पृथ्वीमाता चूप भइन् अझ
झोलुङ्गो मुटुको उफ्रिरहेकै छ छिटो छिटो।
तिमी राक्षसनी कस्ती, हेर, पानी अचाउन
पनि पाइनँ। लौ, आऊ, म यहाँ बस्न सक्तिनँ,
आज सिङ्गै गयो मेरो, म मरें सुत्न सक्तिनँ।
उफ्रीरहेछ झोलुङ्गा!

(इन्दिराको हात समाती निस्कन्छे)

दृश्य ३ – काठमाडौं

सिम्भु सरस्वतीस्थान

र बायाँपट्टिको पाटी देखिएको, धनमती र राजामती सरस्वतीअगिल्तिर बसेर पाठ-पूजा गर्न लागेका। रूपनारायण पाटीमा बसेर बाँदरहरूलाई मकै छरिरहेका, राजामतीका पोइ बूढा त्यहीं बसिरहेका। अगिल्तिर दुइटा डोलीबरिपरि चार जना डोलेहरू बसिरहेका।

रूपनारायण– हेर्नोस्, कस्तो दुरुस्त मान्छेकै सकल ! सुगाले जत्ति मात्र पनि बाँदरले बोल्न सक्ने भए, अथवा कुकुरले जत्ति यसले बुझ्न सक्ने भए अथवा कमिलाको जत्ति यसको बुद्धि-विवेक भएको भए–

बूढा– मैजस्तो हुन्थ्यो बाबु, अलि दिनपछि तिमी जस्तो, धेरै दिनपछि ऊ त्यो परको बालक जस्तो। हेर मैले आँखीभौं माथि सारेको, गालाको खोपा हेर, जहाँ हाड छैन उही मासु बढ्दो रहेछ, मासु सुक्ने ठाउँमा हाड पनि हुँदो रहेनछ।

रूप– त्यसले विरक्तिएर कपाल कन्याएको हेर्नोस्न।

बूढा– तिमी मैले कन्याएको हेरन बाबू, बाँदर मान्छे भएकोमा आश्चर्य कि मान्छे बाँदर भएकोमा !

रूप– तपाईं कति वर्ष लाग्नुभयो ?

बूढा– यो आउने मंसीरमा छयासी लाग्छु, अब त कसिङ्गर जस्तै कुनामा थुनिने बेला भयो।

रूप– तपाईं हामीभन्दा बलियो हुनुहुन्छ, अझ खै कुम दोब्रेको ?

बूढा– मलाई पनि सय वर्ष नपुगी त कहाँ पो मरुँला भन्ने लाग्छ लाग्न त– जब पुग्यो सय अनि पो यमराजको भय ।

रूप– अरू पनि थिए नि 'जब पुग्यो' हरू, सुनूँन ।

बूढा– (सवाइको लय हालेर)

जब पुग्यो एक भूईंमा खुट्टा टेक,
जब पुग्यो दुई आ मेरो बुई,
जब पुग्यो तीन छेपारो छिन,
जब पुग्यो चार बाखाको पाठा सार,
जब पुग्यो पाँच आँगनमा नाच,
जब पुग्यो छः पढ्न लाग्यो च छ
जब पुग्यो सात खान लाग्यो भात,
जब पुग्यो आठ घोक्न लाग्यो पाठ,
जब पुग्यो नौ त्यल्लाई पऱ्यो घौ,
जब पुग्यो दश खेल्नामा रस,
जब पुग्यो बीस बिहा गरिस्,
जब पुग्यो तीस जहानबच्चा पालिस्
जब पुग्यो चालीस मनमा कुरा खेलिस्
जब पुग्यो पचास पेटमा बतास,
जब पुग्यो साठी हातमा लाठी,
जब पुग्यो सत्तरी हिंड्दाखेरि लत्तरी,
जब पुग्यो असी कुनामा बसी,
जब पुग्यो नब्बे हब्बे न कब्बे,
जब पुग्यो सय यमराजको भय ।

हिजोआज पेटले भने अलि धर्म छोड्ला-छोड्ला जस्तो गरिरहेछ, बराबर भित्र बडाईं चलिरहन्छ ।

रूप– मेरो पेटमा जति तपाईंकोमा के बडाईं चल्ला, त्यहाँ बन्दूक होला– त यहाँ तोप छ ।

बूढा– बाबू, हामी दुवै भोकै बसेको दिनमा लडाईं खेलौंला है, अनि कल्ले जित्ला ।

(छः जना स्कूलका लडकाहरूको प्रवेश)

पहिलो लडका– पढे जति ध्योरेमभित्रको त म एउटा प्रोब्लेम पनि बिराउँदिनँ जा ।

दोस्रो ल०– खै, आमा, सानो ठाउँ, हामी ढोग दिएर गइहालौं ।

(त्यसै गर्दछन्)

तेस्रो ल०– मेरो त चौपट्टै बोधो मगज छ, अड्तीस र तेह्र कति ?

दोस्रो ल०– एकचालीस ।

पहिलो ल०– एकाउन्न ।

दोस्रो ल०– हो, एकाउन्न ।

तेस्रो ल०– म त अहँ; औंला नगनी भन्न सक्तिनँ, अभ्यासै छैन ।
हिसाब भन्यो कि ओहो, त्यसै, त्यसै–

(लडकाहरू प्रदक्षिणा गर्दै निस्कन्छन्)

बूढा– रमाइलो यिनीहरूलाई छ ।

रूप– हामीले देख्ता ।

बूढा– हो, त्यसो त ।

रूप– तिनीहरूको हातमा हेरे औंलापिच्छे नीरका औंठी होलान् ।

बूढा– तर त्यसको मोल तिनीहरूको हृदयमा छ, जसले नीरको औंठी मासेर हीराको हार बनाउँछ । रमाइलो तिनीहरूलाई नै छ ।

(प्रदक्षिणा गर्दै लडकाहरूको फेरि प्रवेश)

दोस्रो ल०– तैले भनेर हुन्छ, छुसी ! मास्टर बाज्येसित सोध्न, हाम्रो सूर्य पनि अर्को ठूलो सूर्यवरिपरि घुमिरहेको छ ।

तेस्रो ल०– त्यो त कल्ले होइन भन्यो, पृथ्वीवरिपरि पो घुमेको छैन भन्ने कुरा ।

पहिलो ल०– किन घुम्दैन ? चक्कर लिंदा आफूवरिपरि घुमिरहनेलाई अवश्य घुमिन्छ । यो सिद्धान्तले सूर्य पृथ्वीलाई, चन्द्रमालाई पृथ्वी परिक्रमा गर्दछन् ।

तेस्रो ल०– कसो, कसो रे ?

पहिलो ल०– तँ उभिएको ठाउँमा एउटा दुङ्गा राख्, उही भयो तँ पृथ्वी म सूर्य; अब मेरो वरिपरि तँ घुम्दै आ, म सूर्य ठूलो चक्का लिन्छु ।

(पहिलो ल० अगि चिनु राखेको दुङ्गाबरिपरि घुम्दै जान्छ, दोस्रो ल० पहिलो लडकाको बरिपरि घुम्दै हिंड्छ ।)

(तेस्रो ल० सित) तँ हेरिरह, म त्यो दुङ्गाको बरिपरि घुम्छु कि घुम्दिनँ ।

बूढा– नानीहो, तिमीहरूले देवतालाई प्रदक्षिणा गरिसक्यौ ?

दोस्रो ल०– पल्नोस्, न यति गरौं ।

पहिलो ल०– हेर, है चिम्से आँखा च्यातेर, घुमियो कि घुमिएन ।

तेस्रो ल०– हो, घुमियो, दुङ्गा त ।

दोस्रो ल०– कसरी ?

पहिलो ल०– कस्तो रैछ यो त, सुन् मैले घुमेर एउटा ठूलो पिंजरा बनाएँ, तँ झींगा भएर हरेक पिंजराको डण्डीबरिपरि घुम्दै गइस्, के हरेकपालि पिंजराभित्र परिनस् ?

दोस्रो ल०– फेरि हरेकपालि पिंजराबाहिर परें, त्यस्तो पिंजरालाई पनि घुम्नु भन्छन् कतै ।

पहिलो ल०– एकचोटि त घुमिहाल्यो कि ?

दोस्रो ल०– फुस्सावरिपरि घुम्यो ।

तेस्रो ल०– कसरी फुस्सावरिपरि ? ऊ त उही छ !

दोस्रो ल०– पचासचोटिमा पच्चीसचोटि फुस्सालाई र पच्चीसचोटि उसलाई–

पहलो ल०– एकचोटि न एकचोटि त उसलाई घुम्यो कि ?

दोस्रो ल०– आधाचोटि भन्, अनि पत्याउँला ।

पहिलो ल०– सयको आधामा पचासओटा एक हुन्छन् बुझिस् !
त्यस्ता सय त कति कति–

(लडकाहरू फेरि प्रदक्षिणा गर्दै निस्कन्छन्)

रूप– यिनीहरूको निसाफ कसले छिनिदेला ?

बूढा– छन् नि सब ग्रह चहारेका गुरुहरू ।

रूप– चहार्न दिनोस्, यो ज्ञानको युग होइन, विज्ञानको युग हो ।

बूढा– बाबू, ज्ञानकै युग हो विशेष ज्ञानको ।

(प्रदक्षिणा गर्दै लडकाहरूको फेरि प्रवेश)

तेस्रो ल०– अस्ति ठूलेले त हो नि, कुनाबाट उनीहरूले हाने, म हेड

हान्न उफ्रेको उसले त मेरो टाउकोमा खुट्टा ल्याइपुऱ्याएछ, म हट्ता ऊ लोट्यो, म पनि उसैमाथि पर्न लागें, भकुण्डोलाई हातले छुन लाग्यो र यसो हात हटाएको त च्यूँडोले सोझै गएर भूईंमा दुलो खन्यो । ओहो, एकचोटि म दुवैपट्टिको गोल पोस्ट फननन–

(लडकाहरू निस्कन्छन्)

बूढा– भविष्यत्लाई हेर्नुहुन्छभने यिनलाई हेर्नोस्, भूतलाई हेर्नुहुन्छभने मतिर फर्कनोस्, वर्तमानलाई हेर्नुहुन्छभने त्यो थाममा गएर ऐना हेर्नोस् । बत्ती यसरी निभ्छ- खालि त्यसले उज्यालो पार्दा देखिएको हृदयको स्मृतिमा पाइला अगाडि सर्दै जान्छ ।

(एक स्कूलमास्टरको प्रवेश)

मास्टर– ओहो, बूढा साहूकारहरू पनि आउनुभएको रहेछ ।

रूप– ओहो, पाल्नोस्, पाल्नोस् !

मास्टर– (बसेर) साहूका छोरा त अझ उहीं छन्, हो कि ?

रूप– उहीं छ ।

मास्टर– साहूका त दुवै अड्डामै जागीरे छन् ।

बूढा– अड्डामै जागीरे छन् !

मास्टर– यी डोलीमा साहुनीहरू आएका ?

रूप– किन हुन्थ्यो, उनीहरू त हिंडेरै आए ।

मास्टर– साहूहरू डोलीमा, धन्य परमेश्वर ! लौ यहाँ त ऋषि अवतार, तर तपाईंले पनि डोली चढेर साहुनीलाई दुलहा बनाएर पछिपछि हिंडाउनु त खै– अलि यो मनले त खामेन ए ।

रूप– रोगले कहाँ त्यो भन्दो रहेछ र मास्टरसाहेब । त्यसले बुइ चढेपछि त चार हात-खुट्टा टेकाएर घोडा बनाइहाल्दो रहेछ, अनि लट्ठी दिएर हिंडाउँदै हिंडाउँदै घोडालाई घोडी, घोडीलाई खच्चर पार्दो रहेछ ।

बूढा– उसो भए, खच्चर डोलीमा ? भएन, भएन, सेतो घुम्टो ओढेर सेतै पछ्यौराले छाती ढाकेकी कालकी डोला डोलीमा ।

मास्टर– मानिस उहाँ डेढ सय वर्षभन्दा पनि बढी बाँच्न लागे, तपाईं

अहिल्यै कालको डोला भएर डोलीमा हल्लन लाग्नुभयो ?

रूप– को बाँच्यो ? जसको नाम बाँचिरहेछ, नत्र बाँचेर मात्र के गर्नु ?

बूढा– नामले के गर्नु र अर्को जन्ममा रघुवंशको श्लोकको राम्रो व्याख्या गर्न सकेन भनेर गुरुले कालिदासको कनसिरीका रौं उखेले होलान्, ती कविले चाहिं सरस्वती अवतार सम्झेर आफ्नो तस्वीरसित आफैंले प्रार्थना गरे होलान्– 'प्रभुको शतांश प्रतिभा पाऊँ !' यस्तो नामको के मतलब छ, तपाईं सरस्वतीका पुजारीलाई थाहा भए कृपा गर्नोस् न ।

मास्टर– म के जानूँ ? मेरो आँखामा त प्रत्यक्ष प्रमाण पनि पूर्णविश्वासयोग्य छैन, अनुमान प्रमाण त अर्ध-विश्वास-योग्य पनि छैन । विश्वास नगरी हामी श्वास पनि लिन सक्तैनौं, तर हाम्रो श्वास लिनमा विश्वास गर्न अधिकार छैन, किनभने निश्चय छैन; मृत्यु पनि निश्चयात्मक छैन– मृत्यु एक नविराएर गनिरहन्छ, तसर्थ हामी मूर्खता-सित मृत्युलाई अनिश्चित ठहराउँछौं, तर यही ठहराउनामा हाम्रो के अधिकार छ ? त्यसैले म अनुमान गर्दा आफैं लाज मान्दछु तापनि नामको विषयमा मेरो तर्कसार यही हो– हामी नाम हौं, जस्तो हाम्रो वासनाको पुञ्ज हामी हौं, वासना आत्माको होभने नाम पनि उसैको हो । वासना स्मृतिमा रहन्छ, नाम पनि; नाम केवल नाममात्र होइन, नाम कर्मको राखिन्छ, कर्म नामको निम्ति गरिन्छ, तसर्थ नाम कर्म हो । नाम अरूमा रहन्छ, त्यसभन्दा जहिले पनि बढी कर्म आफूमा रहन्छ, अब कालिदास-लाई लिऊँ– कालिदास उनका नाटक र काव्य हुन्, परन्तु त्यति मात्र होइन, कवि सधैं आफ्नो कविताभन्दा ठूलो हुन्छ । हाम्रो अनेक जन्मको कर्मपुञ्ज हामी हौं, हामी जत्ति जे गर्छौं उत्ति नै नाम पाउँछौं । साहूजी, आगोभित्र एक कण पनि नजली रहँदैन, पानीभित्र एक कण पनि नभिजी रहँदैन, परमेश्वर साक्षी छन्,

धर्म र पापलाई धर्मराजले जोख्ता एक परमाणुको तलमाथि पर्न नदिने साक्षी परमेश्वर छन् ।

रूप– बल्ल पूजा सिद्धयाए ।

बूढा– इन्द्रासन नहल्लाईकन तिनीहरू कैले पूजा छोड्थे ।

मास्टर– आज हाम्रा छात्रवर्गको सरस्वती पूजा छ, हामीलाई पनि भोजको निम्ता दिएका छन् ।

(मास्टर सरस्वतीलाई ढोगेर निस्कन्छन्)

रूप– इन्दिरालाई जल-प्रसाद लगिदिन्नौ ?

धनमती– यो पिवामा हालेकी छु ।

(बूढा डोलेहरूको मद्दत लिई सरस्वतीलाई ढोगेर डोली चढी निस्कन्छन्)

रूप– हिंड्न सक्छयौ अहिल्यै ? घाम त गदगदी पाकिरहेछ नि ।

धनमती– आ: बिस्तारै जाँदै गर्ने, नत्र पुग्दा अबेर हुन्छ ।

रूप– ओर्ल्लदै गर त, म दर्शन गरेर आउँछु ।

(डोलेहरूसित) मेरो त्यहाँ सिंढीको टाउकोमा राखिछोड ।

(रूपबाहेक अरू निस्कन्छन्)

(सरस्वतीलाई धेरै बेर ढोग दिएर घुँडा टेकी)

पाउको नडले माता, लेख लौ एउटा कुरा
मेरो ललाटमा : मर्ने बेलामा म मुकुन्दको
मुख हेरेर यो आँखा पाऊँ चिम्लन शान्तिले
यसको निम्तिमा माता, देऊ सद्बुद्धिको वर
मुकुन्दलाई । त्यो तिम्रो भक्तलाई; दया गरी
नदेऊ यतिका विद्या बढखर्ची हुने गरी–
हिंड्ने के धर्म के पाप के चोखो के जुठो भनी
नबनाऊ महात्मा, जो भिन्न देख्तिन बन्दछ
परचक्रीहरूलाई र आफ्नो बाबुलाइ नै,
जननी जन्मभूलाई रण्डीलाई विदेशका;
नदेऊ यतिका विद्या पैसा र रुपियाँ दुवै
सरोवर गरी छान्नै नसक्नेसम्म नास्तिक
हुने गरेर जो वेदलाई कुल्चन सक्तछ,

आमाको बीचछातीमा जो कीला ठोक्न सक्तछ ।
यति मात्र तिमी देऊ जुन पाएर सुस्तरी
त्यो आफ्नो आमदानीले पाओस् छाउन जिन्दगी;
जुन मन्दिरमा जन्म्यो त्यहीं धूप भएर त्यो
हावा पवित्र पारोस् वा जाओस् अन्तसमेत त्यो
उडेर वा त्यहीं मात्र रुमल्लेर रहोस्; अरू
जत्ति बढ्ता तिमी फेरि चाहन्छयौ दिन, शुद्ध त्यो
केटाकेटी हुँदा लाटा भक्ति प्रीति दया जहाँ
बाल्दथ्यो त्यसमा ती-ती बाठा तेल त्यहीं थपोस् ।
त्यल्लाई शान्तिको भिक्षा देओस् कर्तव्यकर्मले
आमाको सुखमा देओस् सुख नै दु:खले पनि,
आमाको दु:खमा डामोस् हिउँ झैं सुखले पनि
डेरासम्म गरी फर्कोस् स्वर्गलाई समेत त्यो
जन्मभूमि बनोस् आफू, आफू होस् जन्मभूमि त्यो ।

(निस्कन्छन्)

दृश्य ४– पाटन

रातसित बिहानले बिदा माग्ने बेला । रूपनारायणको घरपछिल्तिरको बारी । पर्खालबाहिर हातमा घडी लिएको मुकुन्दको प्रवेश । बीच-बीचमा कुखुरा र चराहरू कराउँछन् ।

मुकुन्द– तल आइरहेको छ जाँचकी झ्यालमन्तिर, कमलाक्षी, तँ के सूर्यलाई पर्खेर आसकी बनी लुकीरहेकी छस् पत्रपट्टलभित्र नै या नुहाइरहेकी छस् तकियालाइ शीतले तिखारिएको नङले चुँडालेर जमीनमा फालेको फूलले जस्तै त्यो गुलाफी गुलाफको !

(एक छिनपछि)

बरु के गर्छ रक्सीले घमण्ड पिउनेहरू क्षणमात्र कतै होश नपाईकन बित्तछौं । इन्दिरा !

(सानो माटोको टुक्राले झ्यालमा हिर्काउँछ)

छैनस् त्यो कान चिम्लेकी आँखा चिम्लीरहे पनि !

(इन्दिरा झ्यालमा देखापर्दछे)

इन्दिरा– किन ?

मुकुन्द– सानो कुरा मेरो अझ बाँकी छ ।

इन्दिरा– के कुरा ?

मुकुन्द– यहाँ आऊन । (इन्दिरा भित्र पस्तछे)

गुण्डाको ठाँटमा अप्सराहरू
स्वर्गबाट त्यसै हामफाल्दछन् जसरी सिनु
देखेर गिद्ध ओर्लन्छन्, । म को ? मेरो अलीकति
इशारा पाउनासाथ उल्ले ओर्लनु ठीक हो ?
तेरो आज परीक्षा तँ रण्डी होस् कि त चण्डिका ?

(इन्दिराको फेरि प्रवेश)

के भर्खरै उठेकी ?

इन्दिरा– म ? नुहाई पनि सिद्धियो,
भान्छामा जान लागेकी, के कुरा अझ बाँकी छ ?
बिजुलीमा पऱ्यो चङ्गा बिजुली नै भई उडयो,
लट्ठेको प्रीतिमा आफ्नै डोरी बाँकी छ, हातमा,
सिद्धेन र सबै फेरि के कुरा अझ बाँकी छ ?

मुकुन्द– मृत्युको गर्भमा सानो आशा बालक बाँकी छ ।
मुख धोइसकें भन्छयौ, भान्छामा जान्छु भन्दछयौ ?
कैले कपाल कोरेर कैले श्रृङ्गार पार्दछयौ ?

इन्दिरा– तपाईंलाई थाहै छ, मेरा श्रृङ्गारदेवता
परदेश गएका छन् ।

मुकुन्द– इन्दिरा अरुका पनि
आँखा छन्, सुन झैं तिम्रो मुख देखेर चम्किलो
मिही पुलिक लाएर उजिल्याउन जोसुकै
चाहन्छन्, पार श्रृङ्गार श्रृङ्गारैलाइ विन्ति छ
वास्ता व्यास्ता दया माया कसैको नभए पनि ।

इन्दिरा– अब जल्दो चितामाथि एकैचोटि सिंगारुँला,
केश सम्याउँला चुल्ठी परेको अग्निले मुख
सेतो बनाउँला फाहा खरानीको घसी, टिका
अस्तुको लाउँला, लाली ओठमा रक्तको दली,
कालो गाजल धूवाँको आँखामा पोतुँला, अनि
कात्रोको पातलो घुम्टो ढाँचा पारेर ओढुँला ।
भन्नोस्न, के कुरा हो त्यो ?

मुकुन्द– (गौर गरेर) मेरो पनि बिहा अझ

भएको छैन ।

इन्दिरा- गर्ने त ?

मुकुन्द- पाए गर्थें ।

इन्दिरा- उसो भए पर्खनोस् है त लौ, मेरै मामाकी एउटी यहीं छोरी छ, बहिनी मेरी, ज्यादै राम्री छ, के त्यहीं कुरा चलाउँ ?

मुकुन्द- के मैले बिहा गर्दा तिमी पनि खुशी हुन्छ्यौ ?

इन्दिरा- तपाईंको बिहा यो हातले सबै उतारेको दिनैमा म मर्न पाएँ भने कति सुखी हुन्थें ! सुगालाई छुटचाई सुगिनीसित सीताले झैं थुनी पालें हुँला मैले र घसँदै अगिल्लो जन्मको सोही पाप आई डस्यो, अब बिहा गरी कसैलाई मिलाउन सकेंभने म पुनर्जन्मको हाँगा समाती मर्न पाउँछु ।

मुकुन्द- मेरो यो मनको छायाँमनि अर्कै कुरा थियो । गरिदिन्छ्यौ तिमी मेरो विवाह अब इन्दिरा ?

इन्दिरा- देलान्, अवश्य नै देलान्, कुरा त गरिदिन्छु म, यस्तो वर मिले साच्है खुशी होलान् उनीहरू तर फेरि तपाईंका मित्रले झैं अभागिनी बनाएर नफाल्नू नि बिचरीलाइ व्यर्थमा, पढे गुनेहरूका त भुल्दछन् चुक्तछन् कहीं कूवाकी ब्याङ लाटीले कतै काम बिराउली, गुरुले झैं दया राखी राखी दण्ड गरे पनि या झोंकले सजा गर्दा हड्डी चूर्ण परे पनि कमलो दिलमा खल्लो करौंती नचलाउनू । नराम्री भैभने स्वास्नी दोष के उसको, कतै बजार रूपको छैन; मन नै नपरे पनि आफ्नो, आफू त उसको परेकै हुन्छ, दर्शन

गर्न त्यो शिरको निंति आफ्नो खुट्टा सधैं दिनू चरणामृतको साथै, खुट्टा धुन दिंदा त्यहाँ खिईदैन तपाईंको; नोक्सान न अलीकति हुन्छ, जीवन सुधन्छ सुखी भै उसको भने।

मुकुन्द– (अलि सुस्तरी) कुरा अर्कै छ, अर्काको मनभित्र को पस्न सक्छ, त्यहाँ के छ कोही खोज्न सक्छ ?

इन्दिरा– सौताको बज्र छातीमा बर्जदा ऊ कराउली रोली, शब्द नतौलेर बोल्ली बेहोशमा परी, तर माया दया राखी खालि त्यत्ति बिराममा नफ्यांक्नू, अग्निले पोल्दा कराउँदछ जो पनि, के कुरा अबलाको झन् तर्सन्छन् 'हाउ' मा पनि असहय दु:खमा कोही धौतालाई सराप्तछन्, जब ईश्वरको न्याय बलेको स्पष्ट देख्तछन् पछि त्यै मुखले फेरि पछितो गर्दछन् उनै, आफूलाई त्यहीं होमी ती प्रायश्चित्त गर्दछन्; पति हुन् देवता हाम्रा ठूला ब्रह्मा महेश्वर राम कृष्णहरूभन्दा पनि, ठूलो त्यसै किन भनेर सोध्छ जो दिन्छ प्रीति त्यल्लाइ उत्तर 'प्रीतिको प्रेम प्यारो छ जस्तो जीवन जीवको।' सीताको रिस जो गर्छन् पतिकै निंति त्यो पनि प्रेमको पुष्पमा आफ्नो टेक्न आई अरू भनी, त्यसैले सहनालाई दिनोस् समय मात्र, त्यो सहन्छे, घाउमा खाटा समयैले गराउँछ, प्रेमीको श्राद्धमा फेरि समयैले हँसाउँछ, दिनोस् समय, त्यो आफै बौलाई पछि थाक्तछे, उसको आँसुको वर्षा समयैले सुकाउँछ।

मुकुन्द– जे होस् अब खुला हुन्छ, कतिसम्म मिचूँ मुटु ! (एकैछिन थामिएर)
तिमी हौ इन्दिरा, देवी मेरो हृदय-मन्दिर-भित्रकी, म तिमीलाई पाए गर्छु बिहा अरू

मेरा लेखा सबै स्वास्नीमान्छे आमासमान छन्
म मर्छु विष खाएर हुन्न भन्छयौभने तिमी,
बोल, बोल म आशाको पाशमा मस्किदै गएँ।

इन्दिरा– आजसम्म तपाईंमा मेरो भक्ति थियो, पिता
जस्तो नै लाग्दथ्यो मीठो बोली वचनले सधैं
अब त्यो मूर्तिमा देख्छु यमराज भयङ्कर
सब भक्ति डढ्यो मेरो।

मुकुन्द– इन्दिरा, मार मार लौ,
आफ्नो मन्दिर आफैंले भत्काऊ, म खुशी भई
चिताको दाउरा खोज्छु तिम्रो नाम जपी जपी;
उसको गर्दछयौ माया जो घृणा गर्छ केवल,
उसलाई घृणा गछर्यौं जो माया गर्छ निश्चल,
यो अन्याय तिमी गछर्यौं ममाथि, जगदीश्वर
तिमीमाथि यसै गर्नन्।

इन्दिरा– टाढा राम भएपछि
कस्तो साहसले बोल्छन् गल्लीका सब रावण !
कि गाँजाले तपाईंको बुद्धिबाट सुगन्ध नै
फुकी फुकी उडाएर सपना बटुलीकन
त्यसभित्र थुनी राख्यो ? मित्र या मित्र नै भयो ?
संसारलाइ धिक्कार जहाँ दु:ख र पाप छन्।

मुकुन्द– दश रण्डी लिई हिंड्छ जो त्यो पोइ मरे पनि
स्वास्नी आफ्नो जवानी के त्यसै फालोस् इनारमा ?

इन्दिरा– बलि संग्राममा गर्छन् देशको निंति यौवन
लाखौं युवक, हो आफ्ना तिनै युवकलाइ नै
बलि यौवनको गर्छन् विधवा युवतीहरू।

मुकुन्द– त्यो त पापी छ, पापी छ, देशभक्त भए त हो।

इन्दिरा– देशभक्ति त मर्दैन चुत्थै देश भए पनि
पतिभक्ति त मर्दैन पापी पति भए पनि।

मुकुन्द– त्यो भक्ति जालले मर्छ, नमरे मार्नुपर्दछ।

इन्दिरा– के भयो, यो नशा हो या सत्य बोली ?

मुकुन्द– दुवै कुरा,
सत्य बोली, नशा चाहिं प्रेमीको तप्त प्रेमको ।

इन्दिरा– परमेश्वर, यो पाप म सुन्न पनि सक्तिनँ ।
त्यो पापको जरा काट्न नसुन्न पनि सक्तिनँ ।

मुकुन्द– के पाप ? द्रौपदीले के गरिन् ? कुन्ती कहाँ गइन् ?
रानी सत्यवतीको के भयो ? अम्बालिका अनि
अम्बिकाले गरे के के ? महाभारतका यिनै
वीर माता, यिनै वीर महिला होइनन् ? यदि
पट्टी बाँधेर आँखामा गान्धारी झैं सती बने
बाँझी भएर मर्नेछ्यौ, सय पुत्र भए पनि
सीता भन्छ्यौ, उही सीता जल्लाई बात लाउँदै
त्यागेर रामले फाले घोर जङ्गलमा, तिमी
हेर संसारको नीति अनि धिक्कार बेसरी
आफूलाई, मलाई र तिम्रो पति भनाउँदो
मुकुन्दलाइ

इन्दिरा– यो मेरै पाप हो जे गरे पनि
आफ्नो भाग्य-विधाताले हाँसेर नसहीकन
अरूकहाँ गई दुःख पोखेको फल हो । किन
तिनै नारीहरूमा के महाभारत युद्धको
छैन उत्तरदायित्व ? के भो भारतको ?

मुकुन्द– अझ
सुन यो छभने कान, हेर आँखा भए यता
सुँघ यो छभने नाक, पिऊ यो छभने मुख
अगि आऊ भए खुट्टा, भए हात समात यो,
भए दिल दरो पार, भए छाती खुला गर,
संसारले विचारेर जे धर्म ठहराउँछ
त्यो हो संसारको धर्म, जाति जे ठहराउँछ
जातिको हो त्यही धर्म, तिमी जे ठहऱ्याउँछ्यौ
त्यो तिम्रो धर्म हो, तिम्रै सबभन्दा प्रिया तिमी
तिमी जे रोज्दछ्यौ आफैं त्यो तिम्रो मन पर्दछ,

तिमीलाई तिमीले नै यदि धोखा दियौभने
यो विश्वमा अरू फेरि कोही पनि बचाउन
सक्तैन, वेदले ज्ञान पशुलाई दिलाउन
सक्तैन, ब्रह्म हामीमा हामी आफैं बनाउँछौं ।
तसर्थ इन्दिरा, आफ्ना आँखा फोडेर कान ती
अरूको हातमा सुम्पी नुही हिंड्नु पशुत्व हो ।
ठूलो प्रकृतिको बासा फुकाई हेर पुस्तक
कहीं बन्धनमा पोथीलाई के पाउँछयौ त्यहाँ ?
जत्ति स्वाधीनता माथि हेर आकाशमा चरी
उत्ति स्वच्छन्दको हावा चाखी त्यो चिर्बिराउँछे ।
जाली पुरुषको क्रूर स्वार्थसाधन जालमा
बेह्रिन्छयौ फन्फनी आफैं ? माछा खोज्न समुद्रको
छोड्दछयौ हातको माछा ? थोरै सुख दिई तिमी
धेरै बटुल्न चाहन्छयौ, लाटा छन् परमेश्वर ?
सुख ता खालि मौका हो, या जवानी गएपछि
तिमी सान गरी डाक्छयौ डाँडामाथि चढीचढी ?
म तिम्रो दास ऐले छु, पाउ मल्न तयार छु,
नपाए अहिले फेरि 'दासी हुन्छु' भने पनि
दुःखको गुँड मूर्खैको केशमा हुन्छ । लौ तिमी
बर्साऊ प्रेमको बोली सुनोस् चातकले ।

इन्दिरा– अब
यहाँ नकुल्चनोस् पापी खुट्टाले, यस ठाउँमा
मेरा स्वामी हिंडेका छन्, त्यसैले यो पवित्र छ ।
जानोस् घर गई आफ्नी आमालाई फकाउनोस् !
पापी कुरा सुनें मैले प्रायश्चित्त म गर्दछु;
जल मात्र पिई आज व्रत बस्तछु; ईश्वर
मेरो त्यो प्रेमको मूर्ति जो मलाई रुवाउँछ
त्यसैले अझ प्यारो छ त्यो, यो वचन मात्रले
अथवा मनले दोष उनलाई अलीकति ।
मैले केही दिएको नै भए नाथ, क्षमा गर !

पुराण सुन्न आएकी स्वामीको नामको यहाँ,
निन्दा मात्र सुनें मैले, पाप लाग्यो क्षमा गर ।

मुकुन्द– इन्दिरा, अझ मौका छ, विचार गर ।

इन्दिरा– हे प्रभु,
यमदूत यहाँ आई पातालतिर डाक्तछ
मलाई, के गरें मैले दु:ख नै पाप हो ?

मुकुन्द– तिमी
पापिनी हौ, म आएर तल लान समात्तछु ।
(मुकुन्द पर्खालमाथि चढ्दछ)

इन्दिरा– कराइदिन्छु चण्डाल, घरै फुट्ने हिसाबले
हावामा बिजुली पर्ने गरेर अब, भित्रको
भकुण्डोमा दबी शत्रु आएको होस्, चिन्हें, कि त
अनुहार लुकाएर भाग् तेरो पापपिण्डको,
जा, जा, जा, जा ।

मुकुन्द– (ओर्ल्लेर) तँलाई म धोखा दिन्छु ।

इन्दिरा– मलाइ तँ
पापीले दिन के सक्लास्, धोखा नै कर्ममा भए
म आफैं खान्छु त्यो खोस्न तँ सक्तैनस्

मुकुन्द– तँ के अब
जोरी खोज्छेस् ? म यो सेखी नझारीकन छोड्दिनँ,
टुना गरेर 'मे मे' र 'रो रो' भन्दै घिसार्दछु
जसरी बलि गर्नेले बोकालाई घिसार्दछ ।
बिग्रन्छ जसको भाग्य उसको बुद्धि सड्दछ
मर्ने रोगीहरूलाई औषधै विष बन्दछ ।
कुहुँदा कुहुँदा धेरै जसको मुखमा झिंगा
भुसुना सब भन्केर गर्छन् नित्य प्रदक्षिणा,
बाटोको बीचमा जुत्ता मिल्केको जो सिरान छ
जसको, त्यै अघोरीले पनि पीप बराबर
हेला गरेर जल्लाई फालेको छ, उ गर्दछे
अभिमान यहाँ–

इन्दिरा– राम, राम ! (इन्दिरा कान थुनी निस्कन्छे)

मुकुन्द– देवी रुँदै गई ।

दु:खीको घरमा मात्र तेरो वास हुने भए
हे ईश्वर, दया राखी मलाई अझ दु:ख दे ।

(निस्कन्छ)

अनि छेपारो पालिस्, बाबू, सानो ठाउँ, एकचालीस भन्यो घुमिरहेको ढुङ्गाको पल्नोस्, बाबू, हटाएको हेर्नुहुन्छभने भन्दो रहेछ मृत्युलाई बिदा कोरेर आँखामा प्रायश्चित्त

पञ्चम अङ्क

दृश्य १ – पाटन । बिहानीपख

भवदेव र पुनाचाको प्रवेश ।

भवदेव– मुकुन्द अझ आएन, हातका रौंहरू पनि देखिने अब बेला भो । खेलौं आ एक हात त बाघचाल, त्यहाँ काठ होला भित्र दराजमा ले न । **(पुनाचा त्यसै गर्छ)**
के के भयो होला आजको जाँचमा पुना ?

पुनाचा– घोकेको पाथ संझेकै होला– बाघ म लिन्छु है ?

भवदेव– हुन्छ, बाख्रा यता ले त, गनेर– अब आज छ, इन्दिरा फसिदिन्छे कि ?

(बसेर खेल्न थाल्छन्)

पुनाचा– ठाहा डिनुहुँदैन र ?

भवदेव– जनै छोएर किरिया हालिहालें ।

पुनाचा– ट ।

भवदेव– तैंपनि किरियाकाष्टमा फेरि परिहालिस् ।

पुनाचा– हुने भए ढर्ममा हेलिडिन्ठ्यो यो किरियालाइ टा म ट ।

भवदेव– चालें, चाल्– किरिया हाल्नु बलियो मन पार्नु हो, खसाले किरियालाई मुखको झ्यालबाट त्यो मनको जगको ईंट खल्बलाउन पुग्दछ,

मन भत्क्योभने हामी पुरिन्छौं भूईंमा गिरी,
त्यही थुनिन्छ यो आत्मा गँडचौलाको शरीरमा ।
लेखी तिलकले ठूलो लिपि पारी निधारमा
'हुँ ब्राह्मण' भनी योग्य बन्न सक्तैन ब्राह्मण
सत्य चन्दनले मात्र हुन्छ ब्राह्मण ब्राह्मण
यथार्थमा– भयो मेरो पालि ? लौ, थुनियो अब
यो त– के कलकत्तामै जाला फेरि मुकुन्द हैं ?

पुनाचा– खाएँ ।

भवदेव– थुनें ।

पुनाचा– यटा खाएँ ।

भवदेव– थुनें फेरि यता पनि
के खेल्दछस् तँ जा– भन्न कसो गर्ला मुकुन्द हैं ?

पुनाचा– डैव जानोस् ।

भवदेव– हुने हुन्छ, त्यसै हामी डराउँछौं,
पाप दुर्बलता नै हो, हो त्यो दुर्बलता डर,
डरले दुःख टर्दैन, डरले सुख टार्दछ ।
लौ, फेरि थुनियो, भैगो, आए, हेर् तँ उतातिर ।

(मुकुन्दको प्रवेश)

लडाईं के भयो ?

मुकुन्द– (गम खाएर) जीत ।

भवदेव– (उठेर पर गई) कसको ?

मुकुन्द– व्यवहारमा
उसको हार मात्रै छ ।

भवदेव– सोझै भनन विन्ति छ ।

(त्रिपाईमा बस्तछन्)

मुकुन्द– (त्रिपाईमन्तिर बसी भवदेवको घुँडा समातेर)
आफ्नो मुख गन्हाएर थुकेंछु अन्धकारमा
उज्यालो जब भो देखें मेरो थूक त मूर्तिमा
परेछ, मुखमै लक्ष्मीमाताको, अब आँसुले
पखाली पाप कट्तैन, नुनिलो हिन्दसागर-

भित्रै हालेर धोए तापनि त्यो पाप-थूकको डाम जाँदैन; हा ! शालिग्राम लक्ष्मीनरायण सुनको लोभले फोर्डे, सारा नेपाल जङ्गल पहाडभरि खोजेर खोटो जम्मा गरे पनि त्यो जोडिँदैन, यो हात मात्र जोडेर के अब !

भव– मलाई त खुशी लाग्यो !

मुकुन्द– खुशीसाथ बिदा दिनोस्, म प्रायश्चित्तमा जान्छु ।

भव– कहाँ ?

मुकुन्द– शुद्ध हिमालमा, बालेर पछितो सारालाई सल्काइदिन्छु म भोज मोजमजा हाहा हिही गाना रिमीझिमी । तातो रगत यो चीसो हावा खाई चिस्याउँछु, सफा हृदय पारेर इन्दिरा-मूर्ति थाप्तछु, उम्कन्नँ सुख सम्झेर दुःखको सम्झना मिले, दुःखलाई अँगालेर दुःखकै देह बन्दछु । हिउँमा मुख यो गाड्छु इन्दिराले जहाँतक हेर्न लायक बन्दैन ।

भव– पापमा पाप थप्तछौ ? यतिसम्म कुटी पाऱ्यौ निर्दयी भै वियोगिनी, अब के विधवा पारी खलमा खूब पिन्दछौ ? निर्दोषी अबलामाथि दया गर, दया गर । ती रण्डीहरुको जस्तो राम्रो आँखा भएन र इन्दिराका दुवै आँखा फोडिदिन्छौ ?

मुकुन्द– गयो अब त्यो नशा विषको मैले धूवाँको, सुन्दरीहरू संसारभरका जम्मा भई माहुर रूपको बनाए पनि त्यो मेरो इन्दिराको स्वरूपको खुट्टामा दल्न खुल्दैन । अब सुन्दर रूप हो भन्दछन् कसलाई त्यो जान्न थालें, विवेक त

जान्दो रहेछ हृदयै, आँखा जान्दो रहेनछ;
अब जानेर के गर्नु, दुश्मा बेचिसकेपछि
थाहा भयो सबै हीरै हीरा मात्र रहेछ त्यो ।

भव- (मुकुन्दको च्युँडो समातेर)
किन व्यर्थै यसो भन्छौ ? अब के काम आँसुको ?
पुछी सबै बुझाऊ त्यो हावालाई बिहानको ।
जो भयो सो भयो बिर्स, नयाँ जन्म भयो अब
हरिया पातले फेरि सुकेको वन ढाकियो,
जवानी कोपिला हाँसे सुगन्धी सासमा चली ।
लिएर फूलको माला कृष्णदेवलमा गई
तिमी घण्ट बजाऊ, म शङ्ख फुक्छु, यो पुना
प्रेम-मिलनको गीत गाओस्, पाटनका सबै
दौडेर रमिता हेर्न जाऊन्; आनन्दमा परी
हर्षपुष्प सबै वर्षा गरून्, मङ्गलको ध्वनि
रूपको घरको नाच्छै नाच्छै जाओस् सुखी सुसी
तारा देखा परून्, फाटोस् घना बादल दुःखको
बाटुला चन्द्रमा बोलून्, कोठाभित्र पतिव्रता
इन्दिराको ।

मुकुन्द- भयो बाजे म खुल्दिनँ, म खुल्दिनँ,
नमार्नोस् लोभ देखाई पापीलाई असम्भव
बैकुण्ठको । जहाँ नीचा जातका झारपात छन्,
बास्ना नआउने फूल नमीठो फल छन् जहाँ
ओर्ली ओर्ली उहीं जाओस् नीचा शिर गरेर त्यो
आँखा तल लतारेर जसको दिल नीच छ ।

भवदेव- तिमी नीच भए लाखौं लाखौं मानिस नीच छन् ।

मुकुन्द- हुँदैन उच्च यो नीच अरू नीच भए पनि,
इन्दिरा जसकी स्त्री छ त्यो उच्च पनि नीच छ,
अझ नीच त-

भव- यो पृथ्वी काँढाको झाड हो, कुनै
भाँचेको छैन खुट्टाको घाउले, अरुको कुरा ।-

ज्यादै होश गरी सुस्त हिंड्नेको पनि पैतला त्यसै छिया छिया हुन्छ, छिटो हिंड्नेहरू त झन् खुट्टा नै पाउँदैनन् ती केही पर पुगेपछि करोडौंमा करोडौंमा एउटा दुइटा कुनै बिझ्दैमा पहिला काँढा आकाशतिर हेर्दछन् देख्तछन् उसलाई नै हाँसी हेरिरहेछ जो नहिंडी हात जोडेर रोई रोई फलाक्तछन्– 'लामो डोरी खसालेर उतार परमेश्वर !'

मुकुन्द– जो उत्रन्छ उसैलाई जगदीश उतार्दछ, तल गड्नेहरूलाई जगदीश्वर गाड्दछ, ह्वौं हाम्रो कर्मको कर्मी हामी नै; –नीच कर्मको म प्रायश्चित्तमा जान्छु ।

भव– बाजी के छ मुकुन्द, त्यो बिर्स्यौं ? घर गई आफ्नो प्रायश्चित्त तिमी गर, स्त्रीको चुँडेर फालेथ्यौ कलेजा जुन हातले अब आफ्नो चुँडालेर सट्टा देऊ तिमी उही हातले, सुखका कोश आफ्ना जति सबै तिमी बुझाऊ इन्दिरालाई, आमा, बाबु र देशको सेवा गरेर आफूले जति दु:ख दियौ अगि तिनलाई सबै फिर्ता लेऊ, जाऊ, महेश्वर माफी देलान् तिमीलाई ।

मुकुन्द– मलाई, माफ दिन्नँ म, तपाईंलाइ थाहा छ मेरा पापहरू जति, त्योभन्दा अझ पापी छु म, माफी दिन सक्तिनँ अबदेखि म रक्सी र चुरोट कहिल्यै पनि छुन्नँ, झूटो कुरा ज्यानै गए पनि म बोल्दिनँ, कुभलो म चिताउन्नँ कसैको पनि, चोर्दिनँ, हिंसा गर्दिनँ, रोजिन्दा नुहाउँछु सधैंभरि गीता पाठ गरी सुत्छु, स्वदेशी खान्छु लाउँछु सधैंभरि, कहाँसम्मन् छ र मेरो सधैंभरि ?

सधैभरि, जहाँसम्मन् आत्माघात म गर्दिनँ अगाडि उसकै ।

भव– (डराई ठट्टाको लयले)
बाजी हामीमा कसले जित्यो ? हार्नेले ? सत्यता भन्ने त्यो टाढा कति कोस छ ?
(ठट्टा छोडेर)
तिमी त इन्दिराको पो धन हौ, मर्न पाउँछौ ? तिम्री हुन् इन्दिरा, मार उनीलाई गई बरु ।

मुकुन्द– मैले स्वतन्त्रता पाएँ विषमा पौड्न, मर्न म परतन्त्र बनूँ ? हुन्छ, एकचोटि म जाँच्तछु फेरि; त्यो जाँच आफैंले आफ्नै निर्णय भाग्यको गर्ने ।

भव– अनि ?

मुकुन्द– स्वयं आफ्नो बलि गर्ने अगिल्तिर देवीको

भव– के खुशी होलिन् देवी ?

मुकुन्द– संसार जान्दछ
जहाँ रगतको धारा खस्छ नित्य अटूट नै, पशुत्व पशुको घट्छ जुन दुर्बल नीच छ, रहन्छ बलियो उच्च मनुष्यत्व मनुष्यको । स्वाद जान्दछ जिब्रो, यो हात मस्किन जान्दछ बुद्धि जान्दछ सामग्री, खुकुरी काट्न जान्दछ, धर्म या पाप हो भन्ने कुरा आकाश जान्दछ, जसको मुटु चल्दैन पशु त्यो मर्न जान्दछ ।

भव– सब जान तिमी बाज्ञो कुरा, सोझो कुरा म त रूपलाई सबै थाहा दिन जान्दछु (उठ्तछन्)

मुकुन्द– (उठेर भवदेवलाई समाती) पर्खनोस्

भव– पर्खने पछि पर्नेछ, सत्यानाश पुग्योभने अगाडि दौडमा ।

मुकुन्द– मेरो आखिरी जाँच बाँकि छ

अनि मात्र तपाईंको ठेगाना लाग्छ जीतको । घुर्कीफुर्कीहरू स्वास्नीमान्छेको हातले सबै नझारीकन जाँदैन; मौका यो एउटा दिनोस् मलाई र उसैलाई ।

भव– अनि के गर्दछौ ?

मुकुन्द– शिव जस्तो नचाउँछन् नाच्छु ।

भव– (बसेर) तिमी के के त गर्दछौ, गोहीको मुखमा भाँडा डोरी यो हातमा गरी थियो तानिरहेको जो झिकी न्वारानको बल, गोहीले च्वाट्ट छाडेर भाग्यो, त्यो हुत्तिदै लडचो पछिल्तिर जता अर्को गहिरो पोखरी थियो; अवस्था उसकै ठीक हाम्रो पारिदियौ । पुना, यो सारा सपना तातो पानीसित मिसाउँदै ।

(मुकुन्द बिस्तारै निस्कन्छ)

(सुस्तरी)
यो मान्छे ठीकको छैन यल्लाई एकलै नछोड् ।

पुना– (सुस्तरी)
मर्छु टा मुखले भन्छ गाह्रो पो हुन्छ मर्नु ट ।

भव– त्यसो नभन्, कतै मर्नुपर्ला भनी डराउँदै श्मशानमा लुकी आफ्नो प्यारो ज्यान बचाउँछ लुते श्याल, कुनै गर्छन् भ्रूणहत्या गनी गनी आफ्नो अत्यन्त नै प्यारो नाकलाई बचाउन; परन्तु जब भत्किन्छ सहने ठाउँ भित्रको, जब कीरा परी स्याउँस्याउँ मगज सड्दछ, जब आँखाहरूभित्र तातेका झीर घुस्तछन्, जब कानहरू भर्छन् कनसुत्ला पचासले, जब नाकहरू आफै कुहिएर गन्हाउँछन्, जब मासुसितै छाला फत्फती झर्न थाल्दछन्; जब रन्काउँदै देह छिन्दछन् यी नसाहरू,

आगो लागेर छातीमा दशै द्वार खुला भई
जब लप्काहरू निस्की सबै रउँ जलाउँछन्,
अनि–अनि–
निरोगी बलवान् पट्ठो बुद्धिमान् भरलोकको,
यो जगद्भरको राम्रो यो जगद्भरको धनी,
चक्रवर्ती छ जो सोही पनि केवल मृत्युको
शिकार बन्न चाहन्छ रोजी खोजी रुँदै रुँदै
वाणलाई लखेटेर छाती थापी खुशी हुँदै ।

(निस्कन्छन्)

दृश्य २ – उहीं

सूर्यास्त हुने बेला

रूपनारायणको सुत्ने कोठा। रूपनारायण र बूढा बसिरहेका। धनमती र राजामती एउटा ढक्की-बरिपरि बत्ती कातिरहेका। ब्राह्मणहरू रुद्री पाठ सिध्याएर जलप्रसाद बाँडी निस्कन्छन्।

राजामती– (प्रसाद लाउँदै) परमेश्वर, काशीमा चाँडै डोरोबाटो लाइदेऊ।

धनमती– तपाईंको एक धाम त भयो, होइन ?

राजामती– एउटा जगन्नाथजीमा त गएँ नि ? अन्त भनेको अब त्यस्तै हो, काशीमा गएर खुसुक्क मर्न गए पुग्यो।

रूपनारायण– किन मरण अन्त आउँदैन ?

राजामती– काशीमा मरे मुक्ति मिल्छ।

रूपनारायण– उसो भए त त्यहाँ जतिसुकै पापको बजार खोले पनि भयो।

बूढा– हो, भनन बाबू, मलाई सधैं काशी लगिदे भनेर ट्वाक ट्वाक ट्वाक ट्वाक गरिरहन्छे बूढी, म भन्छु ए, काशी आफ्नो मनैमा छ।

राजामती– मनमा के छैन, धर्म पनि यहीं छ, पाप पनि यहीं छ, मनको पाप पखाल्न त काशी जानुपर्‍यो कि ?

बूढा– पाप पखाल्दा धर्मसमेत पखालिन्छ– काशीमरणले पाप पखालिन्छ, तर आफ्नो जन्मभूमि नेपालमा नमरेबापत, मर्न नचाहेबापत धर्म पखालिन्छ।

रूप– हाम्रा पूर्वजहरूले स्वास्नीमान्छेलाई हरेक पाठ पढाएका छन्– माता, पिता, पति, पुत्र, गुरु, देवता, धर्म, कर्म इत्यादिलाई

चिन्ने बनाएका छन् तर जन्मभूमिको पाठ पढाउँदा ज्यादा नै हेलचेक्याइँ गरे। बरु अरू केही नपढाएर खालि जन्मभूमिका स्तोत्र मात्र घोकाएका भए त्यहीं माता, पिता, पति, धर्म इत्यादि सब झन् स्पष्ट भएर चिन्हिन्थे।

बूढा– उनीहरू विशेष उदार बने, अनि जन्मभूमि नभनेर भारतभूमि, पुण्यभूमि भन्न लागे।

रूप– अझ सजिलो त खालि भूमिमाता भने हुन्थ्यो, तर केवल नाता लाउँदैमा कोही मित्र बन्दैन, अग्निलाई मेरो मित्र भनेर अङ्कमाल गर्न जानेलाई अग्निले शत्रुलाई जस्तै पोलिदिन्छ, तसर्थ हामीलाई जो प्यारा पुत्र गन्दछन् तिनै हाम्रा पूज्य माता वा पिता हुन्, जो हामीलाई प्यारा प्रजा सम्झन्छन् तिनै हाम्रा पूजनीय राजा हुन्, जो हाम्रा स्त्री, धन लुट्न आउने वैरीहरूका हतियारको आँधीलाई छातीको बाँध बाँधेर रोक्तछन् तिनै हाम्रा वीर सिपाही हुन्, जो हामीलाई विदेशीहरूसित लडाउँदा नहार्ने आँखो दिन्छन् तिनै हाम्रा आदरणीय गुरु हुन्, जो हाम्रो सुदिनमा हाँसो र दुर्दिनमा आँसु बन्दछन् तिनै हाम्रा सहोदर भाइ हुन्, जो आफ्नो छाती कोतरी हामीलाई अन्नामृत चुसाइरहेकी छिन् उनै हाम्री आमा, दर्शनीया जन्मभूमि हुन्।

बूढा– सुन, सुन, रूप के भन्छन्!

रूप– जुन काखमा हामी जन्म्यौं, जुन काखमा हामी हुर्क्यौं, त्यही काख के मर्ने बेलामा कामेको खुट्टाले कुल्चिन पनि लायकको छैन ? स्वर्गमा सबलाई ठाउँ छ। त्यसलाई छैन, जो बैगुनी छ; बैगुनी छ; बैगुनी छ।

बूढा– रूप, मर्ने बेलामा जसले जति अमूल्य खरानी मातृभूमिको पाउमा चढाउन सक्यो उति खुशी भएर त्यसको खरानी पशुपतिनाथ आफ्नो निधारमा दल्नुहुन्छ, त्यो जल्योभने त्यसैको खप्परमा भिक्षा माग्नुहुन्छ, त्यो डुब्योभने त्यसैको हाडले हिमालको सबभन्दा अग्लो शिखर कुच्याउनुहुन्छ, त्यो खस्योभने।

राजामती– साँच्ची नै मेरो मन फर्क्यो, (एक चिम्टी खरानी लिएर) यो खरानी छोएर किरिया हालें, अब म धाम जाने कुरा उठाउँदिनँ, नेपालबाट सोझै स्वर्गधाम जान्छु, अन्त कतै जान्नँ ।

बूढा– गएर के हानि छ, फर्के त भइहाल्यो ।

राजामती– नाईं, नाईं, नाईं, नाईं, अहिलेको कुरा मेरो मनमा गडिसक्यो, आफ्नै आमाको अनुहार भूईंमा झलझली देख्न लागें, यहाँ मरेंभने म अवश्य आमालाई भेट्नेछु, अन्त मरेंभने– नाईं नाईं, अब म कतै निस्कने छोरी होइन ।

धनमती- मेरो पनि चार धाम जाने संकल्प थियो, अब सट्टामा चार नारायण घुम्छु ।

रूप– यो त बेश हो, तर अन्तबाट धर्म बटुलेर यहाँ ल्याउनाले पनि केही हानि छैन ।

बूढा– बाबू, हामी अन्तबाट पाप मात्र बटुलेर ल्याउन सक्छौं, यहाँ फर्केपछि त्यसको प्रायश्चित्त गर्नुपर्छ । बाहिर गई ज्ञान पाइन्छ भनूंभने ज्ञान करोडौं रुपियाँ खर्च गरे पनि पाइने वस्तु होइन, आफैंभित्र स्फुरण हुने कुरा हो; हिंड्दा धर्म हुन्छ भनूंभने डोले, ड्राइभर, घोडा, बयलहरूको टाउकोमाथि हाम्रो लात पर्दछ; परमेश्वरको दर्शन पाइन्छ भनूंभने मूर्ति त दूर्बीन मात्र हो, परमेश्वर हामीभित्र छन्; उनलाई खोज्न हिंड्नेहरूले भूल गरे, पलेटी कस्नेले नै पाए ।

(इन्दिराको प्रवेश)

धनमती– आइपुगिछन्; आऊ प्रसाद लाऊ ।

बूढा– माइतबाट आयौ, नानी ?

इन्दिरा– हो ।

रूप– सम्धी-सम्धिनीलाई भेटचौ ?

इन्दिरा– बा त बाहिर निस्कनुभएको रहेछ, भर्खर जस्तो फर्कनुभो ।

रूप– भेटचौ त ?

इन्दिरा– भेटें ।

रूप– सम्धीले के रे ?

इन्दिरा– बेशै छ ? भनेर सोध्नुहुन्थ्यो, बेशै छ भनें ।

रूप– सम्धिनीले नि ?

इन्दिरा– किन चाँडचाँडै नआएकी भनेर त्यसै रुनुभयो ।

रूप– तिमीले के भन्यौ त ?

इन्दिरा– टाढा छ, आउँछु भनें ।

रूप– अरू ?

इन्दिरा– खै अरू त– तपाईंलाई सञ्चो नभएको कस्तो भयो, भन्नुहुन्थ्यो; उस्तै हो भनें ।

रूप– अनि ?

इन्दिरा– सासूलाई पनि दुवै जनाको सलाम छ रे ।

रूप– अँ ?

इन्दिरा– मामाकी छोरी– बहिनीको पनि बिहाको कुरा छिनिसके रे ।

राजामती– हो, अस्ति छिने, नानीलाई मैले भनिनँ र ?

इन्दिरा– अहँ ।

रूप– अरू मुकुन्दको कुरा भएन ?

इन्दिरा– कैले फर्कने रे ?

रूप– के भन्यौ त ?

इन्दिरा– ठेगान छैन भनिदिएँ ।

रूप– (एकै छिनपछि) तिम्रो जुवाईंलाई कस्तो भएछ ?

इन्दिरा– निको भयो रे, बरु जुवाईंका भाइलाई साह्रै छ रे ।

राजामती– उनलाई पनि कम भयो ?

इन्दिरा– खै कुन्नि ।

(विमानको प्रवेश)

विमान– पुनाचा तल आएको छ ।

रूप– आउनू भन्न, जा झट्टै लिएर आ । **(विमान निस्कन्छ)** पुना यहाँ कताबाट आइपुग्यो । के अचम्म ।

(विमान र पुनाचाको प्रवेश)

क्या हो पुना ! कताबाट आइस् ? सञ्चै छ ?

पुना– विमान डाइले बोलाएर ल्यायो ।

विमान– मलाई देखेर त पुना बेपत्तासित भागेर गएको लौ, बल्लबल्ल पैल्याएर ल्याएँ ।

रूप– किन पुना, किन भागेको ?
पुना– भागेको ? किन भाग्ठ्यो ।
रूप– तँ यहाँ कताबाट आइपुगिस् त ? बाजे खै ?
पुना– बाज्या ट पाल्पामा ।
रूप– अनि तँ किन आइस् ?
पुना– म आएँ टचसै ।
रूप– बाजेलाई किन एक्लै छोडिस् ?
पुना– बाज्या कटा गयो कटा ।
रूप– कस्तो सिल्ली रहेछ, बाजे पाल्पा गए भनेको होइन ?
पुना– हो, टच्यो ट ।
रूप– फेरि ?
पुना– ट बाज्या कलकट्टा जानुभो, उटाबात पाल्पा जानुभो; अनि कटा गयो कटा ।
बूढा– ऊं चाहिं आयो ?
पुना– (टाउको हल्लाएर) अँ ।
रूप– बाजेलाई किन छोडिस् भनेको एक्लै ?
पुना– आच्चे, जा भन्नुभो, आएँ ।
रूप– मुकुन्द कहाँ छ ?
पुना– बाज्यासितै ।
रूप– बाजेसितै पाल्पा गयो र ?
पुना– आच्चे, बाजे पाल्पा गयो ।
रूप– मुकुन्द नि ?
पुना– कुन्नि ।
रूप– कलकत्तामा त भेटिस् कि ?
पुना– भेतें ऊ ट उहीं– यहाँ छैन ।
रूप– फेरि कुन्नि भनेको के त ?
पुना– कटा गयो कटा ।
रूप– ऊ यहाँ नआउने रे ?
पुना– कौं ?
रूप– आफ्नो देश ।

पुना– कुन्नि म के जानूँ !

रूप– मुकुन्द के के भन्थ्यो ?

पुना– ऊ ट के गर्छ अब– यहाँ खै, के के भन्ठ्यो कुन्नि– क्या हो, क्या हो !

रूप– भन्, तँलाई थाहा छ ।

पुना– ठाहा छैन मलाई ।

रूप– (बर गएर) भन्, भन्, म मुकुन्दको जन्म दिने बाबु, उसको कुरा लुकाउनु तँलाई के काम ? भन्, भन् झट्टै ।

पुना– ऊ ट– म ट–

रूप– अझ भन्दैनस् ?

पुना के ?

रूप– मुकुन्द के गर्ने रे अब ?

पुना– ऊ ट– अब– मलाई ठाहा छैन ।

रूप– छ तँलाई भन्, असत्ती, यति नभनी यताबाट जान पाउँदैनस् ।

(पुना लबेदाको फेरले आँसु पुछ्छ)

लौ भन्, नभनी सुखै पाउँदैनस्, (प्याकप्याकती लाएर)
तँलाई भन्दैनस् त ?

पुना– मलाई केही ठाहा छैन ।

रूप– होइन, मुकुन्दलाई भेटिस् कि भेटिनस् ?

पुना– मलाई ठाहा छैन ।

रूप– तँ बाजेसित कलकत्ता गएको त होस् कि ?

पुना– ठाहा छैन मलाई ।

रूप– कस्तो अधर्मी, बेइमान ।

बूढा– भइहाल्यो बाबू, छोडिदेऊ, यस्ता बेतालसित के कुरा गर्छौं ।

रूप– (दाह्रा किटेर) जा, निक्ली, घस्की, जा ।

(पुनासित निस्कन्छन्)

(नेपथ्यमा) मर्, मर् जा । (विमान निस्कन्छ)

धनमती– यसरी रिसाउनुभयो, अब भरे फेरि के हुने हो, घाँटी दुख्यो भनेर खाँदै नखाने हो कि, कपाल दुख्यो भनेर सुत्तै नुसुत्ने हो कि, छाती दुख्यो भनेर खाँदा पनि नखाने, सुत्ता पनि नसुत्ने– ।

(रूपनारायणको फेरि प्रवेश)

रूप– संसारमा धेरै यस्ता सीङ् र पुच्छर नभएका दुई खुटे पशुहरू घाँस खानाको दु:खले मानिसको नाम चोरेर जन्मेका छन् । यो घुसघुसेलाई धेरै कुरा थाहा छ, बासी छाला चपाएजस्तै कुरा चपाएको हर्नोस् न, कसो मैले त्यसको कपालले रोपाई गरिनँ, हट्ट अडें ।

बूढा– जान देऊ, बाजेले लेखिहालेका छन् नि, दोहोऱ्याउनु के काम, कुरा दोहोऱ्याउँदा दु:खको अनुभव पनि दोहोरिन्छ, अनि जीवनको बाटो अल्मलिन्छ ।

रूप– खै, वरकै कुराको त पच्चीस रङ छ, टाढाको कुराको झन् के निधो । भवदेवले मुकुन्दलाई त भेटे ? कुन्नि ! (बस्तछन्) धन, मेरो छातीको मालिस बाँकी छ ?

धनमती– होला अलिकति ।

रूप– ल्याइराख है ।

धनमती– किन, छाती असजिलो भयो ?

रूप– होइन, धेरै भयो नलाएको, आज लाऊँ भनेर ।

(विमानको फेरि प्रवेश)

दब्यो त्यो राँके भूत ?

विमान– तपाईंलाई नरिसाउनुहोस्, मेरो केही विराम छैन रे भनिदिनू भनेर गयो ।

रूप– एकचोटि डाक् त फेरि ।

विमान– अरू त केही भनेन ।

रूप– (कराएर) फेरि डाक् भनेको तेरो सम्धीलाई !

विमान– पर पुगिसक्यो होला, कतातिर गयो, तैपनि डाक्न जाऊँ ?

रूप– भइहाल्यो ।

बूढा– भो बाबू भो, त्यसबाट केही आउँदैन, को किन लिन गयो, को किन आएन, त्यसलाई के पत्ता, कीरा किताफको वारपार गर्दछ, तर एक अक्षर पनि बुझ्दैन, मुकुन्दको मुख हेऱ्यो आयो ।

रूप– बिचरा मुकुन्दको मायाले पो रोएको हो कि न ! कुरा घुट्घुटी निल्न लाग्यो, छदाऊँ भनेर एक्कासि हप्काइदिइहालें,

झन् सातो गयो, नत्र एक दुईओटा कुरा त सुन्न पाइन्थ्यो । (कराएर) जा त विमान, सोझो मुखले बोलाएर ले ।

विमान– पुनालाई ?

रूप– हो, जा त जा ।

विमान– अहिलेसम्म त नेटो काटिसक्यो ।

रूप– धत्, अघि नै डाकेको भए हुँदैनथ्यो । तँ यस्तै छस् । अब भोलि भेटिस् भने फकाएर ले है ?

विमान– अब पनि पुनाले पाटनमा खुट्टे हाल्ला र ? उसको घर त शहरमा पो छ ।

रूप– तँ भोलि सबेरै शहरमा जा त ।

विमान– ऊ ससुराली गएको रहेछभने ?

रूप– कहाँ छ उसको ससुराली ?

विमान– भक्तपुरमा ।

रूप– उसो भए सरासर भक्तपुर जा न ।

विमान– ऊ ससुराली गएको रहेनछभने ?

रूप– अल्सीको कुरा जैसीले जान्दैन, अब भोलि तैंले पुनलाई यहाँ ल्याउन सकिनस्भने, तेरै पैसा हालेर एक मोहरको तर्कारी किनेर ल्याउनू, जा ।

विमान– ल्याउँला सकेसम्म, नसके के लाग्छ, मन्तर गरेर आउने होइन ।

(निस्कन्छ)

धनमती– जाऊँ खान तल बगैंचामा ।

बूढा– किन नानी, बगैंचामा ?

रूप– ए, मलाई वैद्यले सकेसम्म खुला हावामा बस्नू भनेको छ, नभन्दै आजकल ज्वर उनान्सय त पुग्छ सही, तर पैलेको जस्तो पोल्नेओर्ने छैन, बरु हिजोदेखि–

बूढा– बाबू बाँच; बाँच्नाले नै ढीलो आउने सुखसित भेट हुन्छ ।

रूप– सुख खोक्रो छ, दुःख मात्र खँदिलो छ ।

बूढा– होइन, होइन बाबू, सुख सूर्य हो, दुःख अन्धकार हो, सुख परमात्मा हो, दुःख उनको नास्तित्व हो ।

रूप– तर

धनमती– तर-सर होइन, फेरि यो कुराले एक घण्टा खान्छ, तलै गएर गर्नुभए पनि त हुन्छ नि ।

रूप– कुन्नि, कोठाको परमात्मा बगैंचामा पनि त होलान् ।

(निस्कन्छन्)

दृश्य ३– उहीं

मध्यरातको केही अगाडि ।

इन्दिराको कोठा । म्यालबाट कलिलो जून छिरिरहेको । खोपामा टुकी बलिरहेको । इन्दिरा मुख खोलिराखेको झूलभित्र सिरानी तकियामा राखेर भानुभक्तीय रामायण बाँचिरहेकी ।

इन्दिरा– (लय हालेर) ...जिउनु धिक् मर्नू निको मर्दछु ।
चुल्ठो लामु छ झुण्डिनाकन यहाँ डोरी त यै गर्दछु ॥
कति लामो छ यो आयु, जति खर्च गरे पनि
सकिदैन, म ज्यादा नै धनी छु, तर जीवन
अमूल्य छैन, यो जम्मा गरी मोल गऱ्योभने
बिक्तैन एक कौडीमा पनि । ओहो, हुने भए
आयु बाँड्न म ऐले नै पुग्थें एक मशानमा;
मृत बालकलाई म दिई खर्च पठाउँथें
हुँदो रहेछ के जस्तो मृत्युको सपना भनी
आमाको काखमा पल्टी तोते बोली सुनाउन;
मरेका स्त्रीहरूलाई आफ्नो घर पठाउँथें
अझ सेवा गरी पूज्य पतिलाई रिझाउन
मरेका पतिको हात पोते धागा चुरा दिई
इन्तु चिन्तु भएकी स्त्रीलाई दिन पठाउँथें,
आफ्ना आफ्ना सबै प्यारा मरेकालाइ खर्चले

प्यारा प्यारीहरूलाई प्यारी प्यारीहरू दिई
पन्छाई आयुको बोझ परी झैं माथि उड्दथें ।

(फेरि लय हालेर)

यस्तो निश्चय सुर्गरीकन सिता झुण्डीन आँटिन् जसै ।
काम् बित्ला भनि सानु बोलि झटपट् बोल्या हनूमान् तसै ॥

(हाइ गरेर किताबमा चिनु लगाई बन्द गर्दछे)

उनैको नामको नातासितै बाँचिरहन्छु म,
नामै लोग्ने भयो मेरो, उसैसित म बोल्दछु,
सुसार उसकै गर्छु, उल्लाई ढोग दिन्छु म,
जूठो खान्छु उसैको म, समाती हात डुल्दछु,
अङ्कमाल गरी राती उसैसित म सुत्तछु
कहिले कहिले हाँसो आइहाल्योभने पनि
हेरी हाँस्छु उसैलाई, मन यो आँसुले भरी
अरूले उनको नाम उच्चारण गऱ्योभने
त्यहीं मसित बोलेको उनले सुन्न पाउँछु,
म मर्दिनँ, त्यसैले म– म मर्दिनँ ! म मर्दिनँ ।

(किताबलाई ढोगेर यन्क्याउँछे)

बेला हिंडिरहेको छ, थामियो यो घडीभने,
आई हल्लाइदे मेरो यो बन्द मुटु विन्ति छ,
नत्र के काम चल्तीको जीउँदो लोकमा बसी ?

(गङ्गावतरणको तसवीरलाई हात जोडी)

सुखी हुन्छन् भने रक्सी सधैं पिइरहून् उनी
तर बिग्रोस् कलेजा यो मेरो चाहिं, म केवल
यसैका निम्तिमा मात्रै खालि बाँचिरहूँ यहाँ ।

(पल्टेर भित्रबाट झूल कस्तछे)

(झ्यालबाट खुकुरी भिरेर मुकुन्दको प्रवेश)

मुकुन्द– (सुस्तरी मनमा)

हेला गर्छ कि गर्दैन परमेश्वर जान्दछ ।
'म तेरो पोइ' यो बोली फुट्नुभन्दा अगाडि नै
अगुल्टो लाजको ठाडै आई टम्म हुने गरी

मुखभित्र बुजो हाल्छ । यो चुत्थो अनुहारले आत्मादास बनी खाई भनाइ सब मूर्खको हिं हिं गरेर बाँच्नाको को काम छ र ? मृत्यु के पिता छैन यहाँ हाम्रो ? उल्टो संसार नै जब धिक्कार गर्छ, काखीमा राखी मृत्यु सुताउँछु थुम्थुम्याई कथा हाली 'निनि नानी' भनी भनी । देख्यो दर्शनमा 'बाँच्ने इच्छा' सोपनहारले स्वधर्म जीवको, 'इच्छा' नित्शे भन्दछ शक्तिको, चुक्तछन् आत्महत्यामा बौलाहाको विचारमा यिनी, म 'सुखको इच्छा' भन्छु, त्यो सुख शान्ति हो, कोही जीवनमा पाऊन् म त्यो पाउँछु मृत्युमा । **(बिस्तारै गएर ढोकामा गजबार लाउँछ त्यो आवाजमा इन्दिरा झूल खोलेर हेर्दछे)**

(प्रकाश)

करायौ कि गयो तिम्रो पोइको पनि इज्जत तिम्रो पनि । कुरा पैले नगरी हात हाल्दिनँ, नडराऊ ! **(इन्दिरा झूल बन्द गर्दछे)**

कराएर के गछर्यौ ? सब सोढछन्, म बात लाउने नै छु, सुन्छ पक्का मुकुन्दले केही पछि तिमी डुब्छ्यौ सिन्धुभित्र निराशको, पर्नेछ निहुँको चिठ्ठा उसलाई (नरमसित) म बन्दछु तिम्रो हरेक इच्छाको खराउ । (कराएर) मार्दछ्यौ तिमी भक्तलाई ? (रवाफसित)

बुझ्यौ, यस्तै जिद्दी गछर्यौ भने अनि जाला मुकुन्दको ज्यान !

(झूल खोल्दछ, इन्दिरालाई त्यहाँ नदेखी सिरक झिकेर बाहिर फ्याँक्छ । अनि झूल छिनाल्दछ । दुई हातमा दुवै नाङ्गा खुकुरी लिएकी इन्दिरा झूल-

पछिल्तिर देखिन्छे ।)

इन्दिरा– उसको ज्यान को लिने ?

मुकुन्द– व्यर्थमा किन ल्यायौ ती खुकुरी मसितै थियो, लौ यो पनि तिमी लेऊ, दाँतले च्याप

(खुकुरी इन्दिरातिर फ्याँकिदिन्छ)

इन्दिरा,

अब के गर्दछ्यौ ?

इन्दिरा– मार्छु ।

मुकुन्द– क्षमा गर, दया गर,

हामफालेर मर्नेछु नत्र यो झ्यालबाट म ।

इन्दिरा– जसरी सुस्तरी उक्ल्यौ, उसरी ओर्ल्ह सुस्तरी, अथवा मुन्टिदै जाऊ, वास्ता छैन मलाइ त्यो, जानु अवश्य नै पर्छ चाहे प्रेत भई हिंड ।

मुकुन्द– उसो भए तिमी आफै मलाई मार, रेट यो प्रेमको बाँसुरी-घोक्रो सातै सुर झिकेर लौ, सुत्ने कोठा तिमी मेरो आलो रगतले लिप, कि फाल खुकुरी छाम मेरो छाती, यहाँ कति झ्याली पिटीरहेको छ 'इन्दिरा, इन्दिरा' भनी ।

(इन्दिरा भाग्न खोज्दछे, मुकुन्द छेक्तछ)

इन्दिरा– जाऊ जाने भए सोझो मुखले, नत्र दु:खको घना जङ्गलमा आजसम्मन्को क्रोध सल्किदै डढेलो लाग्न पुग्नेछ, ज्यानमारा हुनेछु म, ज्यान जानेछ तिम्रो त ।

मुकुन्द– प्रेमिकाको अगिल्तिर

डर सीमलको भूवा हुँदैन र । तिमी त्यसै जा, जा भन्छ्यौ कलेजाको डोरी किन अलीकति खुकुलो पार्दिनौ ? उल्टो तान्छ्यौ आ आ भनी भनी

इन्दिरा– मेरो राम! यहाँ आई मार रावणलाइ यो पछि त्याग बरु सीतालाई साथ बसी भनी यसरी बन्द कोठामा–

मुकुन्द– म खुल्दिनँ, म खुल्दिनँ
प्रायश्चित्त भयो, तिम्रो हातबाट म मर्दछु ।
(इन्दिरालाई समात्न जान्छ, इन्दिरा
चिच्याएर दुवै हातको खुकुरीले हान्दछे ।
मुकुन्द हात र टाउकोमा लाग्नाले ढल्दछ ।
इन्दिरा दौडेर ढोकामा पुग्दछे ।)
माऱ्यौ, खुशी भएँ, तिम्रो जय होस् । तर इन्दिरा,
आधा काटेर राख्दैनन् बलिदानीहरू पनि
(छट्पटाउँदै) अधकल्चो भएँ– एकचोटि फेरि थप्यौभने
मर्न पाउँदथ्यो बाली, हुन्थ्यो शीतल देह यो–
तमाम जीउमा डाहा भयो, मार, दया गर,
नहोऊ निष्ठुरी साह्रै । **(इन्दिरा फेरि फर्केर आउँछे)**
भव– **(नेपथ्यमा)** हो है तिम्रो मुकुन्द त्यो,
इन्दिरा, इन्दिरा मर्ला खुकुरी खोस झट्ट नै ।
मुकुन्द– **(दिक्कले हाँसेर)**
चिन्हिनौ अझ । तिम्रो त्यो निर्दयी पति हो यही ।
(भवदेवको झ्यालबाट प्रवेश)
(मुकुन्द उनीसित हेरेर मुस्कुराउँछ)
भव– मुकुन्द, खूप भो । **(ढोका खोली मटानमा निस्कन्छन्)**
(नेपथ्यमा ढोका घचघच्याउँदै)
रूप, रूप हुस्सूहरू उठ ।
घरमा बत्तिले आगो लाग्न लाग्यो । बरू अरू
घरमा यो सुनी ताते । मरिस् आजै विमान तँ ?
(नेपथ्यमा खलबल । इन्दिराका हातबाट खुकुरी खस्तछन्)
मुकुन्द– सारा मुकुन्दका पाप मेरै हुन्, म मुकुन्द हुँ ।
तिम्रो जाँच गरी थाकें, जति प्रश्न गरें उति
तिम्रो उत्तरले झन् झन् बढायो प्रश्नको गति
जान्ने जाँच लिनेभन्दा पनि जाँच दिने भयो ।
आफ्नो अयोग्यता आई आफैंलाई ठुँगीरहयो,
जँचेन, मर्नुबाहेक अर्को केही उपाय नै

मर्न आएँ यही पुण्यभूमिमा छधौ तिमी जहाँ–
यो कोठामा, त्यसै बिग्च्यो बन्दोबस्त यहाँ पनि
घातकी छैन जस्तो छ यो घाउ, मर्न पाइनँ ।
क्षमा ! म कसरी मागूँ तिमी दिन्छधौ कसो गरी ?

(इन्दिरा मूर्छा पर्दछे)

(बलैसित हात टेकी उठाएर)

ओहो, नरकमा सुद्धा खाली ठाउँ रहेनछ
पापी मुकुन्दको निंति । मूढा ताक्छु म, बञ्चरो
घुँडा ताक्तछ । धूवाँ छ या आँखै धमिलो भयो ।

(फेरि पल्टन्छ)

(भवदेव, रूपनारायण, धनमतीको प्रवेश)

भवदेव– अनि आखिरमा यस्तो भेटें ।

रूपनारायण– कस्तो अचम्म त,
आगो चीसो भएजस्तो ननिभ्दैमा, मुकुन्द, तँ
सट्टा मेरो दिई आफ्नो हाडको मुटु फर्याकिदे ।

(मुकुन्दको शिर काखमा राख्तछन् ।
धनमती पनि मुकुन्दलाई समात्न
जान्छिन्)

मुकुन्द– उता छ मुटु झुम्रोको ।

रूपनारायण– धन, लौ के भएछ, के
भएछ इन्दिरालाई ?

मुकुन्द– मूर्छा ।

भव– पानी कहाँ छ, खै ?

धनमती– त्यहाँ सिरानमा होला ।

(भवदेव पानी ल्याइदिन्छन्, धनमती
खास्टो भिजाएर इन्दिरालाई मुसार्दछिन्,
रूपनारायण आफ्नो ओढ्ने च्यात्तछन्,
भवदेव त्यसले मुकुन्दका घाउहरू बाँध्छन् ।)

के गरेको मुकुन्द, यो ?

मुकुन्द– आमा, म भोलि भन्नेछु– कसरी चक्र यो घुम्यो,

कसरी चक्रका दाँती मिले ती एक ठाउँमा कसरी काटियो हावा सारा तत्त्वहरू त्यहाँ कतिचोटि मिली फेरि छुट्टिए कसरी सबै; आज सुत्न दिनोस् चाँडै ।

धनमती– भो, बा भो, चूप लाग त, जे होस् अरू कुरा, आयौ कृष्ण झैं नन्दको घर बन्यौ माई जसोदाको मन आनन्दको घर ।

(इन्दिरा ब्यूँझन्छे)

तर घाउ कसो होला बाजे ?

भव– यो खालि खेलमा चिथरे झैं छ नडले दूधे बालकले ।

धनमती– तर चाँडै आए त हुन्थ्यो त्यो नाऊ ।

मुकुन्द– आमा, मलाइ यो चोटले मार्न सक्तैन ।

रूपनारायण– तर दु:ख दियोभने ?

मुकुन्द– बाबुआमाहरूलाई जल्ले दु:ख दियो यति त्यसलाई त यो घाउभन्दा मृत्यु छ लायक ।

रूप– जो बाबु दु:खमा दु:खी हुन्छ यो पुत्रको, उ त सजा तँ जति खानेछस् उति नै दण्ड भोग्दछ, त्यसैले तँ सधैं मेरो शुभाशीर्वाद पाउँछस् । फर्किस् यो देशमा, भाग्यो मनको अनिकाल नै बितेको स्वप्नमा ।

सुखलाई पिटचो कैयन्चोटि व्यर्थै सुनारले ढाल्यो लोहारले एकै चोटमा दु:खलाइ त ।

भवदेव– मुकुन्दले मलाई पो झण्डैले वनवासमा पठाएको ।

रूपनारायण– तपाईंको ऋणमा यो घरै गडचो, जसरी गड्छ पृथ्वीमा फैलेर रूखको जरा, पूजा गरेर पृथ्वीको फूल नैवेद्यले रुख

मुक्ति पाउन चाहन्छ ऋणबाट, परन्तु त्यो झन् झन् गह्रदछ ।
यस्तो परोपकारीको भाग्यको ईख गर्दछन् इन्द्रै पनि; उनीको छ एउटा स्वर्ग केवल यहाँ परोपकारीले हरेक उपकारमा स्वर्ग पाउँछ ।

भवदेव– हो मेरो कार्य यो उपकार त, तर कारण स्वर्गीय इन्दिराको सतीत्व हो ।

धनमती– आए लौ नाउ बा,

(विमान र नाऊको प्रवेश)

हेर्नोस् ।

भव– कल्लाई के भयो यहाँ ?

भवदेव– खुकुरीले यिनीलाई चोट लाग्यो ।

नाऊ– (घाउ जाँच्दै) मुकुन्द हुन् ! यी यहाँ कहिले आए ? (विमान पानीहरू ल्याउँछ)

भव– केही दिन भयो !

नाऊ– किन ? यो चोट कसरी लाग्यो ? (औषधि लाउन शुरू गर्छ)

भव– लेखेको नै रहेछ त्यो लिपि खप्परमा पारी खुकुरीलाइ लेखनी ग्रन्थकर्ता विधाताले यिनको अगि जन्ममा, कुनै उद्योगले मेट्न सकेनन् यस जन्ममा, अनि यो खुकुरीले नै खुर्के आखिरमा ! (नाऊ हाँस्तछ)

धनमती– अब यो घाउलाइ के गर्ने ? गहिरो छ कि ?

नाऊ– घाउ यो म चाँडै नै निको पार्छु, धन्दा केही नमान्नुहोस्, मामूली चोट हो, फेरि भोलि हेर्न म आउँला, अहिले जान्छु, छन् आफ्नै बिरामी घरमा पनि ।

धनमती– को बिरामी छ ?

नाऊ– बूढी नै, को हुन्थ्यो अरु ।

धनमती– के भयो ?

नाऊ– के भो के, उसको आफ्नै आफ्नै फर्मायसी व्यथा,
बूढीकोसित मिल्दैन ब्रह्माण्डभरको व्यथा–
रुन्छे रुन्छे त्यसै फेरि हाँस्छे हाँस्छे उहाँपछि,
'अय्या' भन्छे सधैं सोध्यो 'अय्या' भन्छे जवाफमा;
'कहाँनेर दुख्यो ?' भन्छु बूढी औंला ठड्याउँछे
खुट्टाको चाहिं कहिले हातको कहिले, अनि
कैले देखाउँछे फेरि आङ त्यो ठाउँमा जहाँ
उसको हात पुग्दैन– (निस्कन्छ)

भव– अब हामीहरू पनि
जाऔं तल कुरा गर्न, आरामी दिनुपर्दछ,
आऔंला अहिले फेरि । लौ, विमान यता समा ।

(विमान, भवदेव, रूपनारायण–
समेत भएर मुकुन्दलाई
डोऱ्याएर लगी इन्दिराको
ओछ्यानमा पल्टाउँछन्)

मुकुन्द, यो बिछ्यौनामा केही छैन छ खालि यो,
परन्तु यसमा जे छ, छैन त्यो विश्वमा कहीं ।

रूप– बुहारी, बस लौ, निद्रा पार, बेचैन भो भन्यो
भने भन्न तिमी आऊ; हामी बस्छौं उतातिर ।
भूकम्प, आगलागी र आँधी हो, सुखको यही,
भोलि पो आउला बोली, आज मूर्छा छ शान्तिको ।
(धनमतीसित) आऊ । (रूपनारायण, भवदेव, विमान
निस्कन्छन्)

धनमती– नानी ! तँलाई के दुखेको छ कपालमा ?

मुकुन्द– हो कि होइन जस्तो छ ।

धनमती– के खान्छस् ?

मुकुन्द– आज खान्नँ म,
मैले खाइसकें आमा, अगि नै ।

धनमती– नींद आउला ?

मुकुन्द– आउला आउला जस्तो छ ।

(इन्दिराको फेरि प्रवेश)

धनमती– लौ; सुत म जान्छु है ?

(मुकुन्द टाउकोले हुन्छ भन्छ)

(इन्दिरासित)

यहाँ बस तिमी पानी यता राखन । (निस्कन्छिन्)

मुकुन्द– इन्दिरा, पानी देऊ ।

इन्दिरा– दुखेको के कम भो ? कि छ उत्तिकै ? अगिभन्दा दुखेको पो छ कि ?

(खाटमनि अघिल्तिर बस्दछे)

मुकुन्द– दुख्तैन इन्दिरा, पापी रगतले बग्ने बाटो पायो, बग्यो, अब कपाल सब काँढा नै झिकेको फूलको थुँगा जस्तो छ हलुका ।

इन्दिरा– बिन्ती, नचिन्हेर भए पनि यस्तो पाप गरें मैले के गरूँ अब ।

मुकुन्द– विन्ति छ, नछेड यसरी, मेरो पापमा त क्षमा पनि माग्नु नै पाप हो, आफैं देऊ दिन हुने भए ।

इन्दिरा– यो कुरा घाउले भन्छ, माफी दिन्छ कि लिन्छ, यो पाक्यो बिग्र्यो भने मर्छु आफैं चोट भएर ।

मुकुन्द– यो घाउ मेरो तिमी नै हो, पाकी दिक्क भयौभने म बाँच्ने छैन, अहिल्यै तिमी शान्त रहयौभने निको भइसक्यो ।

(एक छिनपछि)

जून बत्तीको लाजले उता चियाएर रहेको छ, निभाऊ बत्ति, त्यो तहाँ

आओस् निर्धक्क है। (इन्दिरा बत्ती निभाएर
ख्याल पूरासित खोल्दछे)

इन्दिरा– ओहो, जूनकीरीहरू तल
तारा भइरहेका छन् बगैंचाभरि, हो, अब
तारामाथि पुग्यो हामी नीलो वैकुण्ठमसँगै;
चन्द्रमा विष्णु हुन्, हाम्रो कोठा उड्ने विमान हो।
बिपना हो भने आजै मेरो रहर पूर्ण भो,
सपना हो भने फेरि नब्यूँझूँ यसबाट म !
(आएर बसी मुकुन्दको कपाल मुसार्दछे)

मुकुन्द– (इन्दिराको हात समातेर)
जूनकीरीहरू आए हेर; हेर यहीं पनि
सानो चिराख बालेर खोज्दै आफ्ना प्रिया सती।

इन्दिरा– बत्ती बालेर छातीमा आँसुको तेलले कुनै
मैले झैं पतिपूजामा घुमी आरति गर्दछन्।

मुकुन्द– आज के चन्द्रमालाई सञ्चो छैन र सूर्य नै
पालो बदल्न आएका हुन् कि, हेरन, नत्र यो
जून घाम भई लाग्थ्यो तातो थप भए यहाँ
चराहरू सबै आफ्ना गुँड छोडी कराउँथे।
आरू जत्रा थिए तारा सम्झन्छु जतिसम्म म,
ती आज कीप जत्रा छन् के ती तिम्रो सहधारले
बढेका हुन् ?

इन्दिरा– थिए प्यारा ताराका दूर देशमा,
फर्के होलान् सबै आज, सारा दुईगुना बढे।
म एउटा कुरा माग्छु, दिनोस् है, हुन्छ ?

मुकुन्द– जत्ति छन्
कुरा मसित ती यावत् तिम्रै हुन्।

इन्दिरा– लौ, उसो भए
पुतलीका पखेटा झैं भएर दुईतर्फका
अब हामी सँगै हिंड्ने कैले पनि नछुट्टिने
है त ?

मुकुन्द– हुन्छ, दुवैलाई मृत्युले पनि एउटै सम्झोस्, आयु सँगै जोडोस् दुवैको अनिमात्र त्यो लिन आओस् यहाँ हामी बिहा सम्झी दुवै जना सोलाको शुद्ध जग्गेमा हाँस्तै बाजाहरूसित जाऔंला साथमा । बाँकी उत्रेका यी सुखी दिन बिताऔंला दुवै आत्मा टँसाई एक ठाउँमा पछिको जन्मको निम्ति पनि, यो जन्मभूमिको पवित्र पाउ दाबौंला काखमाखि सँगै बसी खेलौंला साथमा खेल सदुद्योग र उन्नति दुवैको, गीत गाऔंला देशको सुरमा सँगै । है, है ?

तिम्रो हर्षाश्रुगङ्गाले मेरो छाती भिज्यो, यहाँ, थियो हृदय ढुङ्गाको, शालिग्राम बन्यो अब ।

इन्दिरा– पूजा गर्छु म त्यल्लाई दिनोस् गर्न, म हातले फूल लेख्छु तपाईको आडमा, कुन फूल हो चिन्नोस् है, सुन्नुहोस् पाठ कुराको स्तुति गर्दछु तपाईकै, गयो रात आनन्दसित सुत्नुहोस्, आँखा चिम्लिन पाऊन् ती घाउले पनि । ईश्वर, कस्तो दिन थियो कालो कुना झैं अन्धकारको ! झोल्लिएका सबै मैला मेघ ती बीचमै दबे । कस्तो रात छ यो मध्य-दिन झैं सूर्यलोकको ! आज शृङ्गार यस्तो छ चन्द्रमाको त भोलि झन् उत्तौला सूर्यको कस्तो होला । हामीहरू पनि ओछ्याई प्रेमको तन्ना टम्म नेपालमा कसी सेवाको पौडि खेलौंला पसीनामा दुवै पसी ।

(इन्दिरा खाटमा टाउको राख्तछे,
दुवै निदाउँछन् ।
धेरै जूनकीरी चम्किरहन्छन् ।)

❄ इति ❄

बालकृष्ण समका केही नाटकहरू

अमित वासना
अमर सिंह
ऊ मरेकी छैन
तानसेनको झरी
ध्रुव
प्रल्हाद
प्रेमपिण्ड
भीमसेनको अन्त्य
मुटुको व्यथा
मोतीराम
स्वास्नीमान्छे

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर ।